Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१२०

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

३०
वर्ष

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

४
अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषयसूची

१. पण्डित कृष्णदत्त पन्त र अरू केही पण्डितहरूको विषयमा – महेशराज पन्त १-२७
२. पण्डित कृष्णदत्त पन्त र अरू केही पण्डितहरूसँग सम्बद्ध ११ वटा पत्र – महेशराज पन्त २८-६०
३. लक्ष्मीपतिसङ्ग्रहमा रहेका लेखोट पात्राहरूको सूची – महेशराज पन्त ६१-६२

हाम्रा बिक्रीमा भएका कृति

१.	*अभिलेख-संग्रह* (१-१२ भाग)*	२००/-
२.	*आदर्श, ए सप्तिमन्ट टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल* (१-२ सङ्ख्या)	५५/-
३.	*इतिहास-संशोधन* (१-६८ सङ्ख्या)*	३५/-
४.	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५।-
५.	*इनेप् स्पेस्इमिन् ?*	२/-
६.	*कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या* (१-२ सङ्ख्या)*	५/-
७.	*गोरखाको इतिहास* (१-४ भाग)	५००/-
८.	*त्रिकोणमिति*	२५।४०
९.	*नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य*	५।-
१०.	*पञ्चाङ्ग-संशोधन* (१-१७ सङ्ख्या)	३/-
११.	*पं. गोपाल पाँडे र उनको धनमूल त्याउने रीति*	१६।४०
१२.	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८/-
१३.	*पूर्णिमा* (१-१२० पूर्णाङ्क)*	४१३५।-
१४.	*प्राचीन गणित र नवीन गणितको तुलना*	१५।-
१५.	*रत्नदीप*	२।५०
१६.	*रत्नदीप १ भाग*	१०५।-
१७.	*रत्नदीप २ भाग*	९२।-
१८.	*लिच्छवि-संवत्को निर्णय*	१००/-
१९.	*विद्या-रमा* (१-१५ सङ्ख्या)*	५/-
२०.	*विश्रान्ति*	८२।-
२१.	*वृत्तशतक*	३।-
२२.	*व्याकरण-संशोधन* (१-१० सङ्ख्या)*	३५।-
२३.	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२।-
२४.	*सावधान-पत्र* (१-३१ सङ्ख्या)*	१००/-
२५.	*हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना*	२९।-
२६.	*ह्वट् डिड् अंशुवर्मन् राइद् ?*	४/-

* यिनका कुनै कुनै सङ्ख्या/पूर्णाङ्क फोटोकपीमा छन्।

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल
२७ उत्तु आवासमार्ग, काठमाडौं, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौं, नेपाल
फोन नं. ४४३५७४९
ई-मेल–samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौं, नेपाल

यीबाहेक तलका ठेगानामा यी कृति पाइन्छन् –

साझा प्रकाशनका सबै पसल

हिमालयन बुक सेन्टर
रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौं, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप
ज्याठाटोल
पो.ब.नं. २१७७९, काठमाडौं, नेपाल
फोन नं. ४२२०५६२
ई-मेल – vajrabook@hotmail.com
वेत्तसाइट- www.vajrabooks.com.np

रत्न बुक डिष्ट्रिब्यूटर्स
७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौं, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१
ई-मेल – rpb@wlink.com.np

रत्न पुस्तक भण्डार
ग्रीन हाउस २७१, माइतीघर, काठमाडौं, नेपाल
फोन नं. ४२४०८५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पण्डित कृष्णदत्त पन्त र अरू केही पण्डितहरूको विषयमा

– महेशराज पन्त

काठमाडौँको पाठशालामा अर्थात् रानीपोखरी संस्कृतपाठशालामा वि.सं. १९६७ मा काम गर्ने कर्मचारीहरूको नाउँ र उनीहरूले खाने तलबको विवरण निजामती पगरीको ढड्डाबाट सारी शरद्चन्द्र शर्मा भट्टराईले प्रकाश गरेका छन्।[1] त्यताबाट त्यस वेला विष्णुहरि रिमाल हेडपण्डित देखिन्छन्। हेडपण्डितवाहेक अरू १५ जना पण्डित र एउटा टहलुवाबाट त्यो पाठशाला चलेको थियो भन्ने त्यहाँबाट बुझिन्छ। उनीहरूले पाउने तलबको आधारमा ती कर्मचारीहरूलाई १२ तहमा बाँड्न सकिन्छ। हेडपण्डितको वार्षिक तलब ६२४ रुपैयाँ रहेछ। दोस्रो तहमा गङ्गादत्त गोतामे रहेछन् र उनको वार्षिक तलब हेडपण्डितको भन्दा २४ रुपैयाँ कम रहेछ। तेस्रो तहमा गोपाल[दत्त] पाँडे रहेछन् र उनी वर्षको ५४० रुपैयाँ खाँदा रहेछन्। चौथो तहका विश्वनाथ रिमाल[2]ले वर्षको ४८८ र पाँचौँ तहका जीवनाथ न्यौपानेले वर्षको ४२० रुपैयाँ खाँदा रहेछन्। छैटौँ तहमा सोमनाथ सिग्देल रहेछन् र उनको वार्षिक तलब ३८० रुपैयाँ रहेछ। सातौँ तहमा हेम(हिम)नाथ पन्त, कृष्ण[दत्त] पन्त, पद्मचन्द्र लामिछाने, मोदनाथ रेग्मी र हरिनिधि पाठक गरी ५ जना पण्डित रहेछन् र प्रत्येकको वार्षिक तलब ३६० रुपैयाँ रहेछ। आठौँ तहमा वर्षको २४० रुपैयाँ खाने

---

१. शरद्चन्द्र शर्मा भट्टराई २०४२:६२ = उही २०५६:२२२।

२. विश्वनाथ रिमाल खोसिएपछि उनको ठाउँमा टङ्कनाथ पौडेल र देवीदत्त पराजुलीको नियुक्ति भएको कुरा शरद्चन्द्र शर्मा भट्टराईले यहीं (२०४२:६२ = उही २०५६:२२२) लेखेका छन्। यो घटना वि.सं. १९६७ को हो कि पछिको हो, उनले खुलाएका छैनन्। कहीं मूल ढड्डाको र कहीं आफ्नो भाषाको प्रयोग उनले यहाँ गरेकाले ढड्डा नपल्टाईकन कुरा बुझ्न गाह्रो छ।

प्रसिद्ध वैयाकरण टेकनाथ पौडेल (वि.सं. १९३८-२००७)[○]लाई यहाँ भ्रमवश टङ्कनाथ पौडेल भनेको देखिन्छ। टेकनाथ पौडेल वि.सं. १९६७।६८ मा पाठशालामा पण्डित भएका हुन् भनी भूपहरि पौडेल (२०५१:१०३)ले लेखेका छन्, कृष्णराज खनाल (२०५८:३८)ले भने वि.सं. १९६७ भन्दा २।४ वर्षअगाडि नै उनी पाठशालामा पण्डित भइसकेका थिए भनी लेखेका छन्।

देवीदत्त पराजुली (वि.सं. १९३०[◆]-२०१०[●]) वि.सं. १९६७ मा कोटिहोम सिद्धिएको दिन पाठशालामा पण्डित भएका हुन् (नेपालीभाषाप्रकाशिनी समिति २००५:१)।

✪ नयराज पन्त २०४९:५।

◆ नेपालीभाषाप्रकाशिनी समिति २००५:१।

● कमल दीक्षित २०५०:३४२।

नयराज पन्त २०५०: *समर्पण* छापिएको पृष्ठ।

प्रपन्नाचार्य २०५०:१४।

सरेश नेपाल २०६०:५६।

ईश्वर बराल (२०४९:२१)ले चाहिँ देवीदत्त पराजुलीको समय १९३०-२०११ दिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कुलमान गुभाजू पर्दा रहेछन्। नवौं तहमा वर्षको २१६ रुपैयाँ खाने गङ्गानाथ भट्टराई रहेछन्। दशौं तहका सत्व(सत्य)[३]प्रसाद अर्ज्यालले वर्षको १९२ रुपैयाँ खाँदा रहेछन्। एघारौं तहमा वर्षको १८० रुपैयाँ खाने रुद्रकान्त अधिकारी र कृष्णप्रसाद न्यौपाने रहेछन्। टहलुवा काशीनाथचाहिं वर्षको ६० रुपैयाँ खाँदा रहेछन्।

विष्णुहरि रिमाल (वि.सं. १९०१-१९७१)[४] त्यस वेलाका प्रसिद्ध वैयाकरण हुन् भन्ने प्रसिद्ध छ।[५] यिनी पहिले श्री ३ जङ्गका माहिला छोरा जितजङ्गले खडा गरेको राजराजेश्वरीघाटको पाठशालामा पढाउँथे,[६] ४२ साल

---

३. यही नाउँ शरद्चन्द्र शर्मा भट्टराई २०४२:६१ = उही २०५६:२२१ मा सप्तप्रसाद अर्ज्याल भई आएको छ। अर्को कागतपत्र (राजेश गौतम २०५०:१०५ = उही २०६१:१०८)मा यही नाउँ सत्यप्रसाद अर्याल र अर्को एउटा कागतपत्र (तल ३०-३२ पृष्ठमा छापिएको, २ सङ्ख्याको पत्र)मा यही नाउँ सत्यप्रसाद अर्ज्याल् भई आएकोले शुद्ध नाउँ सत्यप्रसाद भन्ने ठानी सच्याइएको हो।

४. नयराज पन्त २०३१:५ = उही २०३१ क:१९३।
छविरमण उपाध्याय रिमाल २०५९:त पृष्ठ।

५. नयराज पन्त २०३१:५ = उही २०३१ क:१९३।
कृष्णप्रसाद शर्मा घिमिरे २०४१:२६-२७, ४१-४२।
छविरमण उपाध्याय रिमाल २०५९:त पृष्ठ।

६. मुरलीपुत्र (?) २०३०:९-१०।
नयराज पन्त २०३१:५ = उही २०३१ क:१९३।
राजराजेश्वरीघाटको पाठशाला वि.सं. १९३० को आसपास खुल्यो भनी हंसपुरे सुवेदी (२०३७:४१८)ले लेखेका छन्, शरद्चन्द्र शर्मा भट्टराई (२०४२:४९ = उही २०५६:२१०)ले चाहिं १९४० तिर यो पाठशाला खुल्यो भनी लेखेका छन्।
राजराजेश्वरीमा घाट बनाई शिवालय स्थापना गर्ने मनसुवा भयो। घाट बन्न लागेको थियो शुरु भई त्यस्तै बखतमा रात्रिमा जिज्जङ्गलाई स्वप्नवाणी भएछ, 'मेरो पनि उद्धार गर' भन्या। राजराजेश्वरीबाट घाट बन्यो, शिवालय स्थापना भयो, राजराजेश्वरीको मन्दिर बनी सुवर्णको छाना लाग्यो...त्यही राजराजेश्वरीमा पाठशाला पनि रह्यो, पं. विष्णुहरि रिमाल अध्यापक भए। शिवालय र राजराजेश्वरीको गुठ शिलापत्र रह्यो भनी मुरलीपुत्र(?)(२०३०:९-१०)ले लेखेकाले र राजराजेश्वरीमा घाट र मन्दिर बनाई वि.सं. १९३१ मा* जितजङ्गले शिलापत्र राखेकाले (नयराज पन्त २०२८:५०-५१) हंसपुरे सुवेदीले दिएको मिति ठीक जस्तो देखिन्छ।

---

* ॐ तत्सद्व्ययवत्सरे क्वनलगोम् १९३१ संमिते वैक्रमे
राधे शैलसुतातिथौ च धवले पक्षे रवेर्वासरे
(नयराज पन्त २०२८:५०)

भनी यस शिलापत्रमा मिति दिइएको छ।
व्ययसंवत्सर वि.सं. १९३१ वैशाख शुक्ल तृतीया आदित्यवारको दिन भनी नयराज पन्त (२०२८:५१)ले यसको अर्थ गरी वि.सं. १९३१ को पात्रोबाट त्यस दिनको पात्रो पनि दिएका छन्।
गोविन्द टण्डन (२०५६:५७९)ले चाहिं ॐ तत्सत् विक्रमसंवत् १९३१ वैशाखशुक्ल चतुर्दशी आइतवारमा भनी गरेका छन्। मूलको व्ययवत्सरेको अर्थ उनले गर्न नसकेको र शैलसुतातिथौको अर्थ उनले बिगारेको यतावाट स्पष्ट देखिन्छ। शैलसुताको अर्थ [हिमालय] पहाडकी छोरी अर्थात् पार्वती हो भनी भनिरहनु पर्दैन। शास्त्रअनुसार हरेक तिथिका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पर्व भएपछि यिनलाई रानीपोखरी संस्कृतपाठशालामा सारियो ।[७] वि.सं. १९४८ मा त्यस पाठशालामा हेडपण्डित विष्णुहरि रिमालको मातहतमा १० जना पण्डितहरू वेद व्याकरण ज्यौतिष र काव्य आदि विषय पढाउँथे भनी लोकनाथ ढकाल, खेमराज उपाध्याय र शिवहरि मरहट्टा (२०३७:५९ = २०४०:९९)ले लेखेका छन् ।[८] यिनी वि.सं. १९४९ मा पाठशालामा वर्षको ५४० रुपैयाँ खान्ये र अरू ८ जना पण्डित त्यहाँ पढाउँथे भन्ने निजामती किताबखानाको ढड्डा[९] बाट

---

७. नयराज पन्त २०२८:५१ ।
उही २०३१:५ = उही २०३१ क:१९३ ।

८. तुलसीराम वैद्य, त्रिरत्न मानन्धर र शङ्करलाल जोशी (२०५०:३०४)ले पाठशालामा विषयविषयका १० जना पण्डित नियुक्त गरिएका थिए; वेद, व्याकरण, काव्य, फलित ज्यौतिष (अस्ट्रल्अजि) र धर्मशास्त्र (जूरइस्प्रूडन्स्) जस्ता विषय राम्रो जान्ने (वेल् भर्स्ट्) विष्णुहरि हेडपण्डित भए भनी लेखेका छन् । लोकनाथ ढकाल, खेमराज उपाध्याय र शिवहरि मरहट्टाले लेखेको कुराको कुविवृति यो हो भनी भनिरहनुपर्दैन ।

९. यस विषयमा शरद्चन्द्र भट्टराई (२०४२:५९-६० = २०५६:२२०)ले स्रोतः – पूर्ववत् भनी आफ्नो आकर खुलाएका छन् । स्रोतः– पूर्ववत् भनेको स्रोतः– निजामती किताबखानाको ढड्डा, निजामती पगरी* पृ. ६५–६६ (उही २०४२:५८ = उही २०५६:२१९) हो । उनी(२०४२:५५-६३ = २०५६:२१५-२२५)अनुसार यस लेखमा

मालिक हुन्छन्, चतुर्दशी तिथिका मालिक शिव र तृतीया तिथिकी मालिक्नी गौरी अर्थात् पार्वती हुन् (उदाहरणको लागि दिनेशराज पन्त २०३२:३२ हेर्नू) । यस शिलापर्चमा गौलसुतातिथौ लेखिएकोले पार्वतीको तिथि अर्थात् तृतीया भन्ने अर्थ यताबाट स्पष्ट आउँछ ।

वि.सं. १९३१ मा वैशाखशुक्लतृतीयाको दिन आदित्यवार र चतुर्दशीको दिन बृहस्पतिवार परेको छ –

स्वस्ति श्रीशालीवाहनीयशाकः १७९६ श्रीविक्रमार्कसम्वत् १९३१
नैपालीयसम्वत् ९९४ कलेर्गताब्दाः ४९७५ अयनांशाः २०।३७।३० वा २२।३२

वैशाखकृष्णः

[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[वार]		[गते]
९	७।२८	श्र	३३।५४	सा	३५।१	गा	[१९३० चैत्र]	३०

म ३५।२० उ वसे १ मेषेर्कः ५५।१६

१०	३।१२	ध	३१।११	शु	२८।३२	र	[१९३१ वैशाख]	१
	५८।२३							

म ३।१२ या उभायां १ ज्ञः ३२।८ यमे १ शुक्रः १४।२८ संभोगः

वैशाखशुक्लः

३	१९।४	कृ	५।१३	सौ	३०।३०	र	८

म ४७।६ उ अक्षया ३ त्रेतायुगादिः ३ कुर्मावतारः

१४	३४।१५	चि	३६।५३	व	१४।२०	वृ	२९

म ३४।१५ उ वसे १ मेषेज्ञः ३१।३६ नृसिंहः १४
([विश्वनाथ पाँडे] १९३१)

यताबाट पनि गोविन्द टण्डनले गरेको अर्थ अशुद्ध हो भनी भनिरहनुपर्दैन ।

---

* शरद्चन्द्र शर्मा भट्टराई २०४२:५८ मा निजामती पगरी, भएकोमा उही २०५६:२१९ मा निजामती पगरी; छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बुझिन्छ ।[१०] वि.सं. १९५९ मा सुब्बा दिव्यदेव पन्तको मातहतमा पाठशालामा पढाउने पण्डितहरूमध्ये यिनी पनि थिए भन्ने कुरा निजामती किताबखानाको दर्शनभेटको ढड्डाबाट थाहा पाइन्छ ।[११] माथि उद्धरण गरिएको, वि.सं. १९६७ को ढड्डामा जस्तै यी दुवै ढड्डामा यिनको दर्जा नखुलाइए तापनि यी दुवैमा यिनको नाउँ सबैभन्दा अगाडि आएको कुरा यस प्रसङ्गमा भन्नुपर्छ । यिनी वि.सं. १९७१ मा गोरखाभाषाप्रकाशिनी समितिबाट छापिने पुस्तक जाँच्ने बोर्डका सदस्य भएका थिए ।[१२]

गङ्गादत्त गोतामे व्याकरण र न्यायका ख्यातनामा विद्वान् हुन् ।[१३] वि.सं. १९२५ मा नयाँ पाठशालामा पण्डित नीलदेव पन्तको अधीनमा पढ्ने विद्यार्थीहरूमा यी गङ्गादत्त गोतामेको पनि नाउँ छ र त्यस वेला यिनी वर्षको ४८ रुपैयाँको छात्रवृत्ति पाउँथे भन्ने निजामती किताबखानाको ढड्डाबाट बुझिन्छ ।[१४] यिनी वि.सं. १९३६ मा पाठशालामा पण्डित भइसकेको त्यही ढड्डाबाट देखिन्छ ।[१५] वि.सं. १९४७ मा वर्षको ३६० रुपैयाँ खाई यिनी पाठशालामा न्याय पढाउँथे भन्ने पनि त्यही ढड्डा[१६]बाट बुझिन्छ ।[१७] वि.सं.

आकर १) निजामती किताबखानाको ढड्डा, २) निजामती किताबखानाको दर्शनभेटको ढड्डा र ३) निजामती पगरीको ढड्डा हुन् भन्ने स्पष्ट हुन्छ । तर उनले यहाँ स्रोतः- निजामती किताब खानाको ढड्डा, निजामती पगरी, पृ. ६५-६६ भनी लेखेकाले त्यो ढड्डा निजामती किताबखानाको हो कि निजामती पगरीको हो, स्पष्ट हुँदैन । यसो भए तापनि उनले सबभन्दा अगाडि निजामती किताब खानाको ढड्डा भनी लेखेकाले मैले पनि त्यसलाई निजामती किताबखानाकै ढड्डा भनी ठानेको हुँ ।

१०. शरद्चन्द्र शर्मा भट्टराई २०४२:५९-६० = उही २०५६:२२० ।
त्यहाँ विष्णुहरिको दर्जा त खुलाइएको छैन, तर उनको नाउँ सबभन्दा अगाडि आएको छ र तलव पनि सबभन्दा धेरै उनकै छ ।

११. उही २०४२:६०-६१ = उही २०५६:२२१ ।

१२. तल १० पृष्ठ ।

१३. नयराज पन्त २०२९ क:२०२ ।

१४ शरद्चन्द्र शर्मा भट्टराई २०४२:५५-५६ = उही २०५६:२१५-२१६ ।

१५. उही २०४२:५६-५७ = उही २०५६:२१६-२१७ ।

१६. उनले यहाँ स्रोतः- निजामती किताब खानाको ढड्डा, निजामती पगरी; पृ. ६५-६६ उही (२०४२:५८ = उही २०५६:२१९) भनी लेखेका छन् । यस विषयमा माथि ९ सङ्ख्याको टिप्पणी हेर्नू ।

१७. उही २०४२:५७-५८ = उही २०५६:२१८ । न्यायशास्त्र पढाउने गंगादत्त लामिछाने भनी दुवै ठाउँमा छापिएको छ । त्यसभन्दा अगाडि वैदीक वेद पढाउने पद्मचन्द्र लामिछाने लेखिएको छ । यी पद्मचन्द्र लामिछाने भनेको वि.सं. १९६७ को ढड्डामा कृष्णदत्त पन्तपछि र मोदनाथ रेग्मीअघि नाउँ लिइएका पं. पद्मचन्द्र लामिछाने (उही २०४२:६२ = उही २०५६:२२२) नै देखिन्छन् । गङ्गादत्तको नाउँको ठीक अगाडि पद्मचन्द्र लामिछानेको नाउँ आएकोले ढड्डा लेख्नेले वा ढड्डा सार्ने हाम्रा शरद्चन्द्र शर्मा भट्टराईले गोतामेको ठाउँमा भ्रमवश लामिछाने लेख्न पुगेको ठानी वि.सं. १९४७ मा पाठशालामा न्याय पढाउने पण्डित गङ्गादत्त लामिछाने नभई गोतामे नै हुन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१९५९ मा सुब्बा दिव्यदेव पन्तको मातहतमा पाठशालामा पढाउने पण्डितहरूमध्ये यिनी पनि थिए भन्ने कुरा निजामती किताबखानाको दर्शनभेटको ढड्डाबाट बुझिन्छ ।[१८] वि.सं. १९६२ श्रावणकृष्णद्वादशी[१९] अर्थात् श्रावण १५ गते[२०] सिंहदरबारमा श्री ५ पृथ्वीवीर, श्री ३ चन्द्र र अरू भाइभारदारहरूको रोहबरमा आर्यसमाजी माधवराज जोशी (वि.सं. १९१६[२१]-१९९९)[२२]सँग यिनले र विश्वनाथ रिमालले शास्त्रार्थ

भनी मैले ठहऱ्याएको छु ।* गङ्गादत्त गोतामे नैयायिक भएकाले पनि न्यायशास्त्र पढाउने गंगादत्त लामिछाने नभई गोतामे नै हुन् भनी भन्न मलाई बल पुगेको छ ।

१८. शरद्चन्द्र शर्मा भट्टराई २०४२:६०-६१ = उही २०५६:२२१ ।

१९. शुक्रराज शास्त्री २०१५:३०६ ।

चन्द्रकान्ता मल्ल २०३६:१४ ।

भुवनलाल प्रधान २०२९:७ ।.

माधवराज जोशीका छोरा शुक्रराज शास्त्री र छोरी चन्द्रकान्ता मल्ल तथा ऐतिहासिक भुवनलाल प्रधानले वि.सं. १९६२ श्रावणकृष्ण १२ का दिन शास्त्रार्थ भयो भनी लेखेकोमा राजाराम सुवेदी (२०६१:२७३)ले बुझ्नसुझ साउन १२ गते भनी लेखेका छन् ।

२०. संवत् १९६२ आषाढ सुदि.

	[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ. योग]
[श्रावण]	१	श	१४	४२।१५	मू	२१।५८	ऐं	३८।२६	ग	१३।२४	गद

दि.मा. चन्द्रः ता.

३३।५९ ध [१९०५ जुलै] १५ भ. ४२।१५ उ. सं. कर्कटेर्कः ५८।५९ (भद्रायाम्)

संवत् १९६२ श्रावणबदि.

	[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ. योग]
	१५	श	१२	१३।३०	मू	१३।५२	व्या	३३।५०	ग	४३।३८	वज्र

दि.मा. चन्द्रः ता.

३३।२६ मि. २९ द्वीशे ३ भौमः ६ व्य.नि. ४२।४८

(तोयनाथशर्मणामन्तेवासी १९६२)

२१. भुवनलाल प्रधान २०२९:४५ ।

२२ उही ।

चन्द्रकान्ता मल्ल २०३६:१७८ ।

माधवराज जोशीकी छोरी चन्द्रकान्ता मल्ल र ऐतिहासिक भुवनलाल प्रधानले यिनी वि.सं. १९९९ मा परलोक भए भनी लेखेकोमा माधवराज जोशीका नाति प्रयागराज जोशी (२०५७:८, १२)ले मेरा बाजेको मृत्यु वि.सं. २००२ मा भएको हो भनी लेखेका छन् । यिनै नातिले अरूलाई भनेअनुसार (उही:१२३, १४१) पनि माधवराज जोशीको मृत्यु वि.सं. २००२ मा भएको हो । प्रयागराज जोशीको सो पुस्तकमा पछाडिको जिल्दमा छापिएको, भुवनलाल प्रधानको *मन्तव्य*मा भुवनलाल प्रधानले यस विषयमा केही नलेखेको देख्दा आश्चर्य लाग्छ ।

---

* नजीकैको शब्द वा वाक्यको प्रभावमा मूलमा फरक परी गल्ती हुने विषयमा महेशराज पन्त २०५७:१५४-१६४ = § १.८.१० मा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गरेका थिए।[२३] छापिनुभन्दा अगाडि पात्राको जाँच गुरुज्यू हेमराजको मातहतमा गरिँदा धर्मशास्त्रविषयको काम यिनले गर्ने गरेका थिए।[२४] यिनी उन्मादरोगले ग्रस्त भएपछि संस्कृतशिक्षाविभागका अध्यक्ष गुरुज्यू हेमराजले यिनको जागीर झिकिदिएका हुन्।[२५]

गोपालदत्त पाँडे (वि.सं. १९०४?-१९७७) गणितज्यौतिषका विद्वान् हुन् र घनमूल ल्याउने नयाँ रीति उनले पत्ता लाएका थिए भन्ने पनि हामीलाई थाहा छ।[२६] यिनी वि.सं. १९३६ मा पाठशालामा पण्डित भइसकेको निजामती किताबखानाको ढड्डाबाट देखिन्छ।[२७] यिनी वि.सं. १९४७ मा वर्षको ३६० रुपैयाँ

---

२३. शुक्रराज शास्त्री २०१५:३०६-३११ भन्दा पनि पछि।*
शुक्रराज शास्त्रीले गङ्गादत्त र विश्वनाथको थर नखुलाई दुवैलाई शास्त्री लेखेका छन्। विश्वनाथ रिमाल शास्त्रीको पदवीले विभूषित थिए भन्ने कुरा तल ३२ सङ्ख्याको टिप्पणीबाट खुलस्त हुन्छ। त्यसताकाको नेपालको संस्कृतशिक्षाका हर्ताकर्ता गुरुज्यू हेमराज (वि.सं. १९३५-२०१०)◆का नाति प्रकाश ए. राज (२०५७:५१ = उही २०५८:३७)ले पनि यस शास्त्रार्थको चर्चा गरेका छन् र माधवराज जोशीको विश्वनाथ रिमाल र गङ्गादत्त गोतामेसँग शास्त्रार्थ भयो भनी लेखेका छन्।
राजाराम सुवेदी (२०६१:२७३)ले विश्वनाथ शास्त्री (रिमाल)लाई भ्रमवश नगन्नाथ शास्त्री भनी लेखेका छन्।

२४. नयराज पन्त २०१९:१२-१४।

२५. उही २०२२:७३ = उही २०३७:२६-२७।

२६. उही २०२२:५०-७४ = उही २०३७:१-२८।

२७. शरद्चन्द्र शर्मा भट्टराई २०४२:५६-५७ = उही २०५६:२१६-२१७।
नयराज पन्त (२०२२:५९ = २०३७:१२)अनुसार वि.सं १९३४ मा गोपालदत्त पाँडे संस्कृतपाठशालामा गणितका अध्यापक नियुक्त भए।●

---

* मूल पुस्तक मसँग छैन। यस पुस्तकको सम्बद्ध अंशको फोटोकपी श्रीप्रकाश ए. राजबाट मैले पाएको हुँ र त्यो फोटोकपी ३११ पृष्ठमा टुङ्गिएको छ। त्यति हेर्दा शास्त्रार्थको कुरा ३११ पृष्ठमा नटुङ्गिएको स्पष्ट थाहा हुन्छ। त्यसैले मैले माथि ३११ भन्दा पनि पछि भनी लेखेको हुँ। हरिराम जोशी २०६१:८२-१२१ मा शुक्रराज शास्त्रीको वि.सं. २०१५ मा प्रकाशित *श्री महर्षि माधवराज जोशीका जीवन चरित्र*को ३०४-३५४ पृष्ठबाट शास्त्रार्थको विस्तृत विवरण सारिएको छ। हरिराम जोशी २०६१:१२१ मा जसलाई *श्री महर्षि माधवराज जोशीका जीवन चरित्र* भनिएको छ, उही:३४ मा भने त्यही पुस्तकलाई *शहीद के कलम से* भनिएको छ। हरिराम जोशी २०६१ मा त्यस शास्त्रार्थको हामीलाई यहाँ काम लाग्ने अंश ८४-९१ पृष्ठमा छ।

◆ नयराज पन्त २०२९ ख:२६४।

● वि.सं. १९३४ मा नेपालमा संस्कृतपाठशाला खुलेपछि गोपाल पाँडे त्यहाँ गणित शास्त्रका अध्यापक नियुक्त भए भनी नयराज पन्त (२०२२:५९ = २०३७:१२)ले लेखेका छन्। पाठशालामा गोपालदत्त पाँडे वि.सं. १९३४ मा अध्यापक भएकोमा विप्रतिपत्ति गर्न नसकिए पनि संस्कृतपाठशाला वि.सं. १९३४ मा खुलेकोमा विप्रतिपत्ति गर्न नसकिने होइन। यस विषयमा शरद्चन्द्र शर्मा भट्टराई (२०४२:५० = २०५६:२१०-२११)ले सप्रमाण लेखिसकेको र त्यसको समर्थन नयराज पन्त (२०४३ क:२९-३०)बाट भइसकेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

खाई पाठशालामा गणित पढाउँथे भन्ने त्यही ढड्डाबाट बुझिन्छ।[२८] वि.सं. १९४९ मा यिनी पाठशालाबाट वर्षको ४८० रुपैयाँ तलब बुझने भइसकेका थिए भन्ने पनि त्यही ढड्डाबाट बुझिन्छ।[२९] मखनटोलको पाठशालाका पण्डित भुवननाथ पाँडेका विद्यार्थीहरूको जाँच गर्न वि.सं. १९५८ मार्गकृष्णचतुर्थी शुक्रवार अर्थात् मार्ग १५ गते पण्डित गोपाल पाँडेलाई खटाउन त्यही साल कार्तिकशुक्लद्वादशी शनिवार अर्थात् मार्ग ९ गते लेखिएको पुर्जी छ।[३०] वि.सं. १९५९ मा सुब्बा दिव्यदेव पन्तको मातहतमा पाठशालामा पढाउने पण्डितहरूमध्ये यिनी पनि थिए भन्ने कुरा निजामती किताबखानाको दर्शनभेटको ढड्डाबाट बुझिन्छ।[३१] यिनी गोरखाभाषाप्रकाशिनी समितिको पुस्तक जाँच्ने बोर्डका ७ जना मेम्बरहरूमध्ये एक थिए भन्ने कुरा वि.सं. १९७४ मा छापिएको *गोरखा शिक्षा तेस्रो पुस्तक*बाट थाहा पाइन्छ।[३२] यिनले वि.सं. १९७६ मा रानीपोखरी संस्कृतपाठशालाबाट अवकाश पाए।[३३]

विश्वनाथ रिमाल (१९१३-१९७५) व्याकरणका प्रसिद्ध विद्वान् हुन्।[३४] यिनी वि.सं. १९४४ मा रानीपोखरी संस्कृतपाठशालामा पण्डित भएका हुन् भनी बाबुको पालादेखि विश्वनाथ रिमालको घरसँग सम्बन्ध

---

२८. शरद्चन्द्र शर्मा भट्टराई २०४२:५७-५८ = उही २०५६:२१८। माथि ९ सङ्ख्याको टिप्पणी पनि हेर्नू।

२९. शरद्चन्द्र शर्मा भट्टराई २०४२:५९-६० = उही २०५६:२२०। यसको आकर खुलाउँदा पूर्ववत् (उही २०४२:५९ = उही २०५६:२२०) लेखिएको छ। यहाँ पूर्ववत् भनेको निजामती किताबखानाको ढड्डा, निजामती पगरी हो। यस विषयमा माथि ९ सङ्ख्याको टिप्पणी हेर्नू।

३०. तल ३३ पृष्ठमा छापिएको, ३ सङ्ख्याको पत्र।

३१. शरद्चन्द्र शर्मा भट्टराई २०४२:६०-६१ = उही २०५६:२२१।

३२. **मेम्बर हरूको राय.**

हमी हरूका रायमा यो पुस्तक बालक हरूले पढनालाई उपयुक्त बनेको छ.

बाबू शारदाप्रसाद मुकर्जी	**पं. सोमनाथ सिग्द्याल**
हेडमाष्टर दर्बार स्कूल नेपाल.	**हेड पण्डित दर्बार स्कूल नेपाल.**
सुब्बा. पं. वीरेन्द्रकेसरी अर्ज्याल	**शास्त्री पं. विश्वनाथ रिमाल**
भगवती प्रेस नेपाल.	**डील्लीबजार नेपाल.**
पं. गोपालदत्त पाँडे	**पं. जीवनाथ नेपाल**
गणिताध्यापक दर्बार स्कूल नेपाल	**अध्यापक दर्बार स्कूल नेपाल.**
पं. ना.सु. राममणि. आ.दी.	
अध्यक्ष. गो.भा.प्र.स.	

(गोरखाभाषाप्रकाशिनी समिति १९७४:*मेम्बर हरूको राय* छापिएको पृष्ठ)

३३. नयराज पन्त २०२२:७२-७३ = उही २०३७:२६-२७।

३४. भूपहरि पौडेल २०५१:४६-७२।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भएका कृष्णप्रसाद शर्मा घिमिरे (२०४१:७२)ले लेखेका छन् । श्री ३ वीरको दरबारमा विश्वनाथ रिमाल र गङ्गादत्त गोतामेको बीच शास्त्रार्थ हुँदा व्याकरणमा दुवैको बराबरी भयो, न्यायमा शास्त्रार्थ हुन लाग्दा मैले न्याय पढेको छैन भनी विश्वनाथ रिमाल पछि हटे भन्ने प्रसिद्धि छ ।[३५] वि.सं. १९५९ मा सुब्बा दिव्यदेव पन्तको मातहतमा पाठशालामा पढाउने पण्डितहरूमध्ये यिनी पनि थिए भन्ने कुरा निजामती किताबखानाको दर्शनभेटको ढड्डाबाट बुझिन्छ ।[३६] यिनी वि.सं. १९७१ मां गोरखाभाषाप्रकाशिनी समितिबाट छापिने पुस्तक जाँच्ने बोर्डका सदस्य भएका थिए ।[३७] यिनी यही समितिको पुस्तक जाँच्ने बोर्डका ७ जना मेम्बरहरूमध्ये एक थिए भन्ने कुरा वि.सं. १९७४ मा छापिंएको *गोरखा शिक्षा तेस्रो पुस्तक*बाट थाहा पाइन्छ ।[३८] **धेरै कालसम्म रोगाई पाठशालामा उपस्थित हुन नसकेपछि यिनलाई मुलाहिजा गरी जागीर खुवाइराखे भनी गुरुज्यू कुवलयराजको हातबाट संस्कृतशिक्षाविभागको अधिकार झिकी** गुरुज्यू हेमराजलाई दिएपछि यिनी खोसिएका हुन् ।[३९] पछि रानीपोखरीमा हामफाली यिनले देहत्याग गरे ।[४०]

जीवनाथ न्यौपानेको विषयमा मलाई केही थाहा छैन भने पनि हुन्छ । तर पनि यस प्रसङ्गमा आफ्नो मनमा आएको कुरा लेख्नु राम्रो नै होला । हाम्रा जीवनाथ न्यौपानेबाहेक त्यसताका जीवनाथ भट्टराई, जीवनाथ रेग्मी र जीवनाथ नेपालको पनि चर्चा आउँछ र कहींकहीं थर नखुलाई जीवनाथ मात्र पनि लेखिएको भेटिएको छ ।

सबभन्दा पहिले थर नखुलेका जीवनाथबैं चर्चा गरौं । वि.सं. १९४१ मा नेपालबाट पहिलोपल्ट छापिएको पञ्चाङ्गका गणक ज्योतिषी जीवनाथ थिए ।[४१] वि.सं. १९६१ भन्दा अगाडि नै एक जना जीवनाथ राजकीयसंस्कृतप्रधानपाठशालामा अध्यापक भइसकेका थिए भन्ने कुरा भूपहरि पौडेलको लेख (२०५१:२९६)बाट बुझिन्छ । पण्डित विष्णुहरि शर्मा, सुब्बा वीरेन्द्रकेशरी अर्ज्याल, पण्डित विश्वनाथ शर्मा, पण्डित जीवनाथ र पण्डित सोमनाथसमेत ६ जना संस्कृतबाज र दरबार स्कूलका २ जना बङ्गाली मास्टर सदस्य भएको बोर्ड गोरखाभाषाप्रकाशिनी समितिबाट छापिने पुस्तक जाँच्न बनेको र त्यस बोर्डको पहिलो बैठक वि.सं. १९७१ वैशाख ३१ गते बसेको कुरा त्यस समितिका अध्यक्ष राममणि आचार्य

---

३५. नयराज पन्त २०२९ क:२०२ ।
३६. शरद्चन्द्र शर्मा भट्टराई २०४२:६०-६१ = उही २०५६:२२१ ।
३७. तल १० पृष्ठ ।
३८. माथि ३२ सङ्ख्याको टिप्पणी ।
३९. नयराज पन्त २०२२:७३ = उही २०३७:२७ ।
कृष्णप्रसाद शर्मा घिमिरे २०४१:८८-८९ ।
४०. कृष्णप्रसाद शर्मा घिमिरे २०४१:८९-९० ।
४१. नयराज पन्त २०१९:११-१२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दीक्षित (वि.सं. १९३९[४२]-२०२८[४३])को लेखवाट थाहा पाइन्छ ।[४४]

जीवनाथ भट्टराई भन्ने एकजना विद्यार्थी नारायणहिटी पाठशालामा *मध्यकौमुदी* पढ्दै थिए भन्ने कुरा वि.सं. १९२७ पौषपूर्णिमा अर्थात् पौष २४ गते[४५]को पत्रवाट बुझिन्छ ।[४६] वर्षको १८० रुपैयाँ खाई वि.सं. १९४६-४७ मा हनुमानढोकाका मैञाहरूलाई पढाउन्या जीवनाथ भट्टराई पनि छन् ।[४७] वि.सं. १९५८ तिर ज. फत्यशमशेरकहाँ पौराणिक पण्डित भई जीवनाथ भट्टराई काम गर्थे भन्ने कुरा चेतोनाथ शर्मा आचार्य(२०३२:२९-३०)ले लेखेका छन् ।

जीवनाथ रेग्मी भन्ने एक जना पण्डितको चर्चा काशीनाथ आचार्य दीक्षितले वि.सं. १९४१।४२ का घटनाको प्रसङ्गमा गरेका छन् । क.इ. धीरशमशेर धेरै विरामी हुँदा उनले गरेको तिलगर्भको दान यिनै पण्डितले लिएको[४८] र ४२ साल पर्व भएको दिन नारायणहिटीदरबारको ढोकामा भेला हुन आउनेमा यिनी पनि भएको कुरा काशीनाथ आचार्य दीक्षितले लेखेका छन् ।[४९]

वि.सं. १९५९ मा सुब्बा दिव्यदेव पन्तको मातहतमा पाठशालामा पढाउने पण्डितहरूमध्ये जीवनाथ नेपाल पनि भएको कुरा निजामती किताबखानाको दर्शनभेटको ढड्डाबाट बुझिन्छ ।[५०] वि.सं. १९७१

---

४२. उत्तम कुँवर २०५०:२९३ ।

४३. केशव मणि आचार्य दीक्षित २०२९:इ पृष्ठ ।

४४. उही २०२९ क:६५-६६ ।

४५. स्वस्ति श्रीशाके १७९२ सम्वत् १९२७ नैपालिसम्वत् ९९० अयनांशाः २०।३३।५४
ब्रह्मणो शृष्टिगतान्दा. १९५५८८४९७१
पौषकृष्ण.

[गते]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[आ.योग]	[दिनमान]	[वार]
[पौष]	१	६	१२।३१।	म	१८।४।।	वि	१७।२४	चर	२५।४८	बु

म १२।३१ उ. ४१।१४ एा. मुते १ संयनुष्यर्क १०।२८ पु ३०

पौषशुक्ल.

२४	१५	४९।१२	आ	२८।५४	ऐं	४१।३२	पव	२५।५८	शु

म १७।३५ या. पुन. मृगे १ गुरु. १०।४६ नारायणि
([विश्वनाथ पाँडे] १९२७)

४६. नीलमणि दुङ्गाना, वेणीमाधव ढकाल र माधवराज गौतम २०४१:८३-८५ ।

४७. शरद्चन्द्र शर्मा भट्टराई २०४२:५७, ५८-५९ = उही २०५६:२१७, २१९ ।

४८. काशीनाथ आचार्य दीक्षित २०३१:२ ।

४९. उही:११-१२ ।

५०. शरद्चन्द्र शर्मा भट्टराई २०४२:६०-६१ = उही २०५६:२२१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

माघकृष्णत्रयोदशीमा[५१] अर्थात् पौष ३० गते[५२] रानीपोखरीसंस्कृतपाठशालाका हेडपण्डित विष्णुहरि रिमाल परलोक भएपछि त्यस पदको लागि जीवनाथ नेपाल र सोमनाथ सिग्देल खडा भएका थिए।[५३] यिनी गोरखाभाषाप्रकाशिनी समितिको पुस्तक जाँच्ने बोर्डका ७ जना मेम्बरहरूमध्ये एक थिए भन्ने कुरा वि.सं. १९७४ मा छापिएको *गोरखा शिक्षा तेस्रो पुस्तक*बाट थाहा पाइन्छ।[५४]

राममणि आचार्य दीक्षितले वि.सं. १९७१ मा गोरखाभाषाप्रकाशिनी समितिबाट छापिने पुस्तक जाँच्ने बोर्डका सदस्य भनी नाउँ किटेका पण्डित विष्णुहरि शर्मा भनेको पाठशालाका हेडपण्डित विष्णुहरि रिमाल र पण्डित विश्वनाथ शर्मा भनेको विश्वनाथ रिमाल हुन्। पण्डित सोमनाथ भनेको सोमनाथ सिग्देल भएकोमा सन्देह छैन। यस कारण वि.सं. १९६७ मा पाठशालाका चौथो तहका पण्डित विश्वनाथ र छैटौं तहका पण्डित सोमनाथको अगाडि नाउँ लिइएका यी पण्डित जीवनाथ पाठशालाका पाँचौं तहका पण्डित जीवनाथ न्यौपाने नै हुन् जस्तो भ्वाट्ट हेर्दा देखिन्छ। तर वि.सं. १९७४ मा प्रकाशित *गोरखा शिक्षा*मा दिइएको, बोर्डका मेम्बरहरूका नाउँमा जीवनाथको थर किटेर नेपाल लेखिएकोले वि.सं. १९७१ मा बोर्डको सदस्य हुने जीवनाथ पनि न्यौपाने नभई नेपाल नै हुनु धेरै सम्भव छ।[५५]

---

५१. नयराज पन्त २०३१:५ = उर्हा २०३१ क:१९३।

५२. संवत् १९७१ माघकृष्ण: पोहेलागा...

[गते] [वार] [तिथि] [घडी पला] [नक्षत्र] [घडी पला] [योग] [घडी पला] [करण] [घडी पला] [आ. योग]
[पौष] ३० बु १३ ४२।२३ ज्ये १७।२७ वृ ६।३५ ग १४।५९ ध्वांक्ष

[चन्द्रमाको राशि घ.प.] [दिनमान] [सूर्योदय घण्टा] [तारीख]
वृ
१७।२७ २५।५८ ६।४८ [जनवरि सन् १९१५] १३ म $\frac{४२}{४३}$ उ मकरेर्क: $\frac{५१}{५७}$ तोये ४ भौम: ५४ कर्णोज: ५२

[गते] [वार] [तिथि] [घडी पला] [नक्षत्र] [घडी पला] [योग] [घडी पला] [करण] [घडी पला] [आ. योग]
[माघ] १ बृ १४ ३७।४७ मू १४।१२ व्या ५२।४४ भ १०।५ धूम्र

[चन्द्रमाको राशि घ.प.] [दिनमान] [सूर्योदय घण्टा] [तारीख]
घ २६।० ६।४८ १४ भ $\frac{१०}{५}$ या संक्रान्ति: (नामदुचरे) ध्योचाकुसल्ह्
(तोयनाथशर्मणामन्तेवासी १९७१)

५३. नयराज पन्त २०२९ क:२१३।

५४. माथि ३२ सङ्ख्याको टिप्पणी।

५५. सम्वत् १९७२ सालमा प्रकाशित गोरखा शिक्षा पहिलो भागमा समितिका सदस्यहरूको नाम निम्न अनुसार उल्लेख भएको छ:-

१. सर्व श्री सुब्बा वीरेन्द्र केशरी अर्ज्याल
२. पं. श्री हरिनाथ प्याकुर्याल
३. पं. श्री सोमनाथ सिग्द्याल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४. पं. श्री जीवनाथ नेपाल
५. पं. श्री विश्वनाथ रिमाल
६. हेडमास्टर श्री शारदा प्रसाद मुकर्जी

भनी गोपीनाथ शर्मा २०५०:९४ मा लेखिएको थियो ।

संवत् १९७२ सालमा प्रकाशित गोरखा शिक्षा पहिलो भागमा समितिका सदस्यहरूको नाम निम्न अनुसार उल्लेख भएको छ :-

१. सर्व श्री सुब्बा वीरेन्द्र केशरी अर्ज्याल
२. पं. श्री हरिनाथ प्याकुर्याल
३. पं. श्री जीवनाथ नेपाल
४. पं. श्री विश्वनाथ रिमाल
५. हेडमास्टर श्री शारदाप्रसाद मुकर्जी

भनी उही २०५७:८४ मा लेखियो र त्यही कुरा उही २०६२:८४-८५ मा दोहऱ्याइयो ।

सुब्बा वीरेन्द्रकेसरी अर्ज्याल, पण्डित हरिनाथ प्याकुरेल, पण्डित सोमनाथ सिग्देल, पण्डित जीवनाथ नेपाल, पण्डित विश्वनाथ रिमाल र हेडमास्टर शारदाप्रसाद मुकर्जी गरी ६ जना सदस्य भएको कुरा वि.सं. १९७२ मा प्रकाशित *गोरखा शिक्षा*को पहिलो भागमा छ भनी वि.सं. २०५० मा गोपीनाथ शर्माले लेखेकोमा सुब्बा वीरेन्द्रकेसरी अर्ज्याल, पण्डित हरिनाथ प्याकुरेल, पण्डित जीवनाथ नेपाल, पण्डित विश्वनाथ रिमाल र हेडमास्टर शारदाप्रसाद मुकर्जी गरी ५ जना सदस्य भएको कुरा वि.सं. १९७२ मा प्रकाशित *गोरखा शिक्षा*को पहिलो भागमा छ भनी उनै गोपीनाथ शर्माले वि.सं. २०५७ मा लेखेको र त्यही कुरा उनले वि.सं. २०६२ मा दोहऱ्याएकोले सोमनाथ सिग्देल पनि गोरखाभाषाप्रकाशिनी समितिको सदस्य भएको कुरा वि.सं. १९७२ मा प्रकाशित *गोरखा शिक्षा*को पहिलो भागमा छ भनी आफूले वि.सं. २०५० मा लेखेको कुराको परोक्ष ढङ्गले खण्डन गरेको यतावाट स्पष्ट हुन्छ ।

तर वि.सं. १९७२ मा प्रकाशित *गोरखा शिक्षा*को पहिलो भागमा कतै पनि सदस्यहरूको नाउँ नदिइएको यस प्रसङ्गमा भन्नुपर्छ ।

राममणि आचार्य दीक्षितको ई.सं. १९१४ जनवरी १२ तारीख तदनुसार वि.सं. १९७० पौष २९ गते*को डायरीअनुसार गोरखाभाषाप्रकाशिनी समितिका मेम्बर पं. विश्नुहरि पं. जीबनाथ पं. सोमनाथ पं. तोयनाथ पुत्र अनुकूल बाबू सारदा बाबू थिए (केशव मणि आचार्य दीक्षित २०४३:११२) । वि.सं. २०२६ देखि २०२८ भित्र सम्पादन गरिएको (केशव मणि आचार्य दीक्षित २०२९:आ पृष्ठ), उनै राममणि आचार्य दीक्षितको पुस्तक

* राममणि आचार्य दीक्षितको डायरीका सम्पादक केशव मणि आचार्य दीक्षित (२०४३:११२)ले ईसवी संवत्को नर्यो साल लागेदेखि विक्रमसंवत्को नर्यो साल नलागेसम्म ईसवी संवत्मा ५६ जोड्नुपर्छ भन्ने सामान्य नियमको पनि खयाल नराखी सन् १९१४ जनवरी १२ लाई सम्बत् १९७१ माघ बनाइदिएका छन् ।

विचार गर्न सजिलो होस् भनी पात्रोबाट तिथिमिति तल सारिन्छ –

सं. १९७० पौषकृष्ण दक्षिणायनम् हेमन्तः ॥

| | | |

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सोमनाथ सिग्देल (वि.सं. १९४१-२०२९) को त कुरै भएन, यिनी पछि पण्डितराजसम्म भए ।[५६]

हिमनाथ पन्त प्रसिद्ध पञ्चाङ्गकर्ता तोयनाथ पन्त[५७]का माहिला छोरा हुन्[५८] । यिनी ज्यौतिषमा आचार्य

(उही २०२९ क:६५)अनुसार भने गोरखाभाषाप्रकाशिनी समितिका पहिला सदस्यहरूमा-, श्री पं. विष्णु हरि शर्मा, श्री सु. वीरेन्द्र केशरी अर्ज्याल, श्री पं. विश्वनाय शर्मा, श्री पं. जीवनाथ, श्री पं. सोमनाथ, श्री पं. तोयनाथ पुत्र ... ...श्री अनुकूल वावु र श्री शारदा प्रसाद मुखरजी थिए र ई सदस्यहरूको पहिलो वैठक १९७१ साल वैशाख ३१ गते वसेको थियो । राममणि आचार्य दीक्षितको वि.सं. २०२६ देखि २०२८ भित्र सम्पादन गरिएको पुस्तकमा समितिको मेम्वरमा परेका वीरेन्द्रकेशरी अर्ज्याल र विश्वनाथ शर्मा उनै राममणि आचार्य दीक्षितको वि.सं. १९७० पौष २९ गतेको डायरीमा भने छुटेको यतावाट देखिन्छ ।

श्री राममणि आदीले श्री विष्णुहरि शर्मा र तोयनाय पुत्र अनुकूल बावुको नाम उल्लेख गरेपछि हरिनाय प्याकुर्‍यालको नाम उल्लेख गर्नुभएको छ भनी गोपीनाथ शर्मा (२०५७:८४)ले लेखेकोवाट मात्र पनि उनी राम्रो नवुझी कलम चलाउँदा रहेछन् भन्ने देखिन जान्छ र उनले गोरखा शिक्षा पहिलो भागमा सदस्यहरूका नाउँ दिइएका छन् भनी लेखेको कुरामा ध्यान दिनुपर्ने देखिँदैन ।

५६. नयराज पन्त २०२९ क:१८९-२२८ ।
उही २०३०:७६-७७, ९९-१११ ।
उही २०३१ ख:२३७-२४७ ।
भूपहरि पौडेल २०५१:३०३-३२० ।

५७. वि.स. १९२५ मा नयाँ पाठशालामा पण्डित नीलदेव पन्तको अधीनमा पढ्ने विद्यार्थीहरूमा यी तोयनाथ पन्तको पनि नाउँ छ र त्यस वेला उनी ४८ रुपैयाँको छात्रवृत्ति पाउँथे भन्ने निजामती किताबखानाको ढड्डा (शरद्चन्द्र शर्मा भट्टराई २०४२:५५ = उही २०५६:२१५)वाट बुझिन्छ । त्यही ढड्डा (उही २०४२:५६-५७ = उही २०५६:२१६-२१७)अनुसार उनी वि.सं. १९३६ मा पाठशालामा ज्यौतिष पढाउने पण्डित भइसकेका देखिन्छन् । वि.सं. १९५९ मा सुब्वा दिव्यदेव पन्तको अधीनमा पाठशालामा उनी ज्यौतिष पढाउँथे भन्ने कुरा निजामती किताबखानाको दर्शनभेटको ढड्डा (उही २०४२:६०-६१ = उही २०५६:२२१)वाट बुझिन्छ । रानीपोखरी संस्कृतपाठशालाका पण्डित तोयनाथ पन्तका ज्यौतिष पढ्ने विद्यार्थीहरूको जाँच गर्न मखनटोलको पाठशालाका पण्डित भुवननाथ पाँडेलाई वि.सं. १९५९ मार्गशुक्लतृतीया बुधवार अर्थात् मार्ग १८ गते खटाउन र फलित पढ्ने आफ्ना विद्यार्थीहरूलाई आफूसँगै त्यही दिन लिएर गई तोयनाथ पन्तबाट ती विद्यार्थीहरूको जाँच गराउन त्यही साल मार्गकृष्णअष्टमी आदित्यवार अर्थात् मार्ग ८ गते लेखिएको पुर्जी (तल ३४-३५ पृष्ठमा छापिएको, ४ सङ्ख्याको पत्र) छ ।

५८. नयराज पन्त २०१९:२७ ।

सं. १९७० पौषशुक्ल दक्षिणायनम् हेमन्तः ॥

ग.	बा.	ति.	घ.[प.]	न.	घ.[प.]	यो.	घ.[प.]	क.	घ.[प.]	आ.	चन्द्र मि	दि		ता.
२९	च	१५	१०।३०	पु	३१।४२	वै	२२।४३	वा	३९।३	धृम्र	१६।५०	२६।१४	[१९१४ जनवरी] १२ माघस्नानारम्भः १५	

(सूर्यनाथ पौडेल १९७०)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पास गर्ने पहिला नेपाली हुन् भन्ने मैले सुनेको हुँ ।[५९] वि.सं. १९६३ असार १ गते[६०]देखि काशीबाट निस्कन थालेको *सुन्दरी* मासिक पत्रिकाका पहिलो वर्षका अङ्कमा यिनका पद्य छापिँदा यिनलाई **पाठशालाध्यापक पं. श्रीहिमनाथ पन्त—नेपाल**[६१] भनी लेखिएकोले यस वेला यिनी पाठशालामा पण्डित भइसकेका देखिन्छन् ।[६२] गोरखाभाषाप्रकाशिनी समितिवाट छापिने पुस्तक जाँच्ने वोर्डमा वि.सं. १९७१ ताका यिनी पनि थिए ।[६३]

वैयाकरण कृष्णदत्त पन्त (वि.सं. १९७१ मा मृत्यु) *भागवत* राम्रो जान्ने भनी आफ्नो जमानामा प्रसिद्ध थिए ।[६४] काशीमा ५ वर्षअघिदेखि पढिरहेका यिनले छात्रवृत्तिको आशा गरी वि.सं. १९५३ फाल्गुनशुक्लपञ्चमी सोमवार अर्थात् फाल्गुन २७ गते लेखेको विन्तिपत्र छ ।[६५] *भागवत* र व्याकरणका फुकाउन गाह्रा गाँठीका केही उदाहरण हाली म सरहका लम्बरी पण्डितले (मत्सदृशा लम्बरवन्तो) यिनको अर्थ खुलाऊन् भनी राजगुरुलाई वि.सं. १९६६ मार्ग २ गते बुधवारको दिन उनले संस्कृतमा लेखेको अर्को विन्तिपत्र छ ।[६६] अघिल्लोपटक कोटिहोम हुँदा आफू सरहका पण्डितले राजगुरुको कृपाले

कमलमणि दीक्षित, शरद्चन्द्र शर्मा र घटराज भट्टराई २०५३:२५०-२५१ ।
भरतराज पन्त २०६०:१७ ।

५९. यिनको विषयमा देवीदत्त पराजुली २००५:१८० र भूपहरि पौडेल २०५१:५९१ पनि हेर्नू ।

६०. उत्तम कुँवर २०५०:२२४-२२५ ।

६१. *सुन्दरी* १-८०, १-१०२, १-१२३ ।

६२. हिमनाथ पन्तको विषयमा लेख्दा १९६३ सालदेखि यिनी ज्योतिष एवं गणित विषयका अध्यापक भई राजकीय संस्कृत पाठशालामा सेवारत देखिन्छन् भनी कमलमणि दीक्षित, शरद्चन्द्र शर्मा र घटराज भट्टराई (२०५३:२५०-२५१)ले लेखेका छन् ।

६३. गोरखाभाषाप्रकाशिनी समितिवाट छापिने पुस्तक जाँच्ने बोर्डमा श्री पं. तोयनाथ पुत्र (केशव मणि आचार्य दीक्षित २०२९ क:६५-६६, उही २०४३:११२) पनि भएको र त्यस बोर्डको पहिलो बैठक वि.सं. १९७१ वैशाख ३१ गते बसेको कुरा त्यस समितिका अध्यक्ष राममणि आचार्य दीक्षितले लेखेका छन् (उही २०२९ क:६५-६६) । राममणि आचार्य दीक्षितले श्री पं. तोयनाथ पुत्रपछि यस्तो ··· चिह्न हालेकाले बोर्डको सदस्य हुने, तोयनाथका छोराको नाउँ सम्झन नसकेको यतावाट स्पष्ट हुन्छ । राममणिका नातिसमेत मिली लेखेको पुस्तकमा हिमनाथ पन्तको विषयमा यिनी गो.भा.प्र.स.को सेन्सर बोर्डमा पनि थिए (कमलमणि दीक्षित, शरद्चन्द्र शर्मा र घटराज भट्टराई २०५३:२५१) भन्ने भएकोले तोयनाथका छोरा भनी राममणिले लेखेका हिमनाथ पन्त नै देखिन्छन् ।*

६४. नयराज पन्त २०४३:उपोद्घातका १-३ पृष्ठ ।

६५. तल २८-३० पृष्ठमा छापिएको, १ सङ्ख्याको पत्र ।

६६. तल ३५-४० पृष्ठमा छापिएको, ५ सङ्ख्याको पत्र ।

---

* शरद्चन्द्र शर्मा भट्टराईले पनि ती तोयनाथ पुत्र हिमनाथ पन्त नै हुन् भनी ठानेको कुरा शिव रेग्मी (२०४५:३०, ४ सङ्ख्याको टिप्पणी)ले लेखेका छन् । त्यहाँ हेमनाथ लेखिएको छ, शुद्ध नाउँ हिमनाथ हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

टिकट पाएका र आफूले नपाएकोले राजगुरुकहाँ गुनासो गर्दा तिमीले पाठशालाका अरू अरू पण्डितका विद्यार्थीहरूलाई पनि यसपाला पढाउनुपर्छ, पछि मिलाइदिउँला भनी गुरुज्यूले भनेकाले अब हुन लागेको कोटिहोमको टिकट पाउने आशाले उनले गुरुज्यूलाई संस्कृतमा लेखेको बेमितिको विन्तिपत्र पनि छ।[६७]

पद्मचन्द्र लामिछाने वि.सं. १९४७ मा वेद पढाउने पण्डित भंइसकेका र उनी त्यस बेला वर्षको ३६० रुपैयाँ खान्थे भन्ने निजामती किताबखानाको ढड्डाको टिपोटबाट बुझिन्छ।[६८] वि.सं. १९४९ मा पनि पद्मचन्द्र पण्डित पाठशालाबाट त्यति नै तलब बुझ्थे भन्ने कुरा निजामती पगरीको ढड्डाबाट बुझिन्छ।[६९] वि.सं. १९५९ मा सुब्बा दिव्यदेव पन्तको मातहतमा पाठशालामा पढाउने पण्डितहरूमध्ये यिनी पनि थिए भन्ने कुरा निजामती किताबखानाको दर्शनभेटको ढड्डाबाट थाहा हुन्छ।[७०] वि.सं. १९६९ तिरसम्म यिनी पाठशालामा वेद पढाउँदै थिए भन्ने कुरा भूपहरि पौडेलको लेखबाट बुझिन्छ। पछि श्री ३ चन्द्रबाट दान लिएपछि यिनी बनारस गए भन्ने कुरा भूपहरि पौडेलले लेखेका छन्।[७१]

मोदनाथ रेग्मी वैयाकरण हुन्। विश्वनाथ रिमालले रानीपोखरी संस्कृतपाठशालामा पढाएका मुख्य मुख्य शिष्यहरूमा यी मोदनाथ पनि भएको कुरा भूपहरि पौडेल (२०५१:५२)ले लेखेका छन्। कृष्णदत्त पन्त काशीमा पढ्दा मोदनाथ रेग्मी पनि काशीनैं पढ्दै थिए।[७२] यिनी वि.सं. १९६४ तिर रानीपोखरी संस्कृतपाठशालामा व्याकरणका अध्यापक भइसकेका देखिन्छन्[७३] र यिनी कमसेकम वि.सं. १९८८ सम्म त्यहीं अध्यापक थिए।[७४] श्री ३ चन्द्रले पण्डित दधिराम पौडेललाई हात्ती दान दिन खोज्दा उनले नलिएकाले मोदनाथले लिए भनी भूपहरि पौडेल (२०५१:८९)ले लेखेका छन्।

---

६७. तल ४१-४३ पृष्ठमा छापिएको, ६ सङ्ख्याको पत्र।

६८. शरद्चन्द्र शर्मा भट्टराई २०४२:५७-५८ = उही २०५६:२१८। माथि ९ सङ्ख्याको टिप्पणी पनि हेर्नू।

६९. शरद्चन्द्र शर्मा भट्टराई २०४२:५९-६० = उही २०५६:२२०। माथि ९ सङ्ख्याको टिप्पणी पनि हेर्नू।

७०. शरद्चन्द्र शर्मा भट्टराई २०४२:६०-६१ = उही २०५६:२२१।

७१. भूपहरि पौडेल २०५१:५१५।

७२. नयराज पन्त २०४९:५।

७३. वि.सं. १९६४ मा पद्मप्रसाद भट्टराई तीनधारा पाकशालामा भर्ना भई पढ्न थाल्दा उनले मोदनाथसँग *लघुकौमुदी* पढेको कुरा भूपहरि पौडेल (२०५१:१३३)ले लेखेका छन्।

७४. वि.सं. १९७२ मा तीनधारा पाकशालामा भर्ना भई आफू पढ्न थाल्दा मोदनाथसँग पढेको कुरा साम्बभक्त शर्मा सुवेदी (२०३२:६)ले लेखेका छन्। नयराज पन्तले रानीपोखरी संस्कृतपाठशालामा पढ्दा मोदनाथ रेग्मी व्याकरण पढाउँथे (नयराज पन्त २०२९ क:१९९)। नयराज पन्तले वि.सं. १९८८ मा मध्यमा दिई (उही:१९२) वि.सं. १९८९ देखि काशीमा पढ्न थालेकाले (उही २०१९:२) मोदनाथ रेग्मी कमसेकम वि.सं. १९८८ सम्म त्यहीं अध्यापक थिए भनी माथि लेखिएको हो।

वि.सं. १९९७ साल श्रावण १ गते रानी पोखरी संस्कृत प्रधान पाठशालामा पण्डित मोदनाथको स्थानमा भर्ना भई रोहिणीप्रसाद भट्टराईले ... अरु अध्यापकसरह मासिक रु. ४०।- पाउने भए भनी भूपहरि पौडेल (२०५१:५१६)ले लेखेकाले मोदनाथ रेग्मी पछिसम्म पनि पाठशालामा पढाउँदै थिए कि जस्तो देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि.सं. १९२५ मा नयाँ पाठशालामा पण्डित वाचस्पति पन्तको अधीनमा पढ्ने विद्यार्थीहरूमा यी हरिनिधि पाठकको पनि नाउँ छ र त्यस वेला यिनी वर्षको ४८ रुपैयाँको छात्रवृत्ति पाउँथे भन्ने निजामती किताबखानाको ढड्डाबाट बुझिन्छ ।[७५] वि.सं. १९५८ कार्तिककृष्णषष्ठी शनिवार अर्थात् कार्तिक १७ गतेको पत्रअनुसार उनी रणमुक्तेश्वरको पाठशालामा पण्डित देखिन्छन् र उनलाई व्याकरण, काव्य र *अक्षराङ्क*[७६] पढाउने जिम्मा दिइएको छ ।[७७] वि.सं. १९५९ मा सुब्बा दिव्यदेव पन्तको

---

७५. शरद्चन्द्र शर्मा भट्टराई २०४२:५५-५६ = उही २०५६:२१५-२१६ ।

७६. केटाकेटीले पढ्न थाल्दा सबभन्दा पहिले पढ्ने खालको, आजभोलि *वर्णमाला* भनिने पुस्तकको विषयवस्तु मोटामोटी रूपमा ओगटेको, *अक्षराङ्क शिक्षा* भन्ने पुस्तक खास गरी अक्षर र अङ्क चिनाई दुनियाँलाई साक्षर पार्न श्री ३ देवको पालामा वि.सं. १९५८ मा वफ्ताडी राजा जयपृथ्वीवहादुर सिंह (वि.सं. १९३४-१९९७)*ले निकालेका थिए । त्यही पुस्तकलाई यहाँ *अक्षराङ्क* भनेको जस्तो देखिन्छ ।

यो पुर्जी वि.सं. १९५८ मार्ग ३ गतेको भएकोले र श्री ३ देवलाई राज्यच्युत गरी यही साल असार १३ गते● उनका भाइ चन्द्रशमशेर श्री ३ भएकाले यसबीचमा ४ महीना २० दिन वितिसकेका थिए । दाज्यूले चलाएको पाठचपुस्तक भाइको पालामा पनि कायम रहेको यतावाट देखिन गएको छ ।

७७. तल ३०-३२ पृष्ठमा छापिएको, २ सङ्ख्याको पत्र ।

---

* राजाराम सुवेदी २०४०:४६ ।

● ... आफ्नु बल बुद्धि बहादूरीका जोरले महाराज देवसमशेर जङ्गराणावहादूरका ज्यान गायमा समेत कति दखल नपारी अ. आषाढ शुक्ल १० का दिन◆ श्री ३ महाराज चन्द्रसमशेर जङ्गराणाबहादूरबाट श्री ५ महाराजधिराजका हुकुम बमोजीम सबका राजी खुसि साथ महाराज पदवि कबुल गरी वक्सनु पऱ्यो ...

(गोरखापत्र १९५८ अ. आषाढ शुदी १५)

(क.दी. २०४१:५ = कमल दीक्षित २०४१:८७)

◆ श्रीसंवत् १९५८ आषाढवदि.

	[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ. योग]
[आषाढ]	१	शु	१३	४५।१३	भ	४।१४	सु	३१।३१	ग	१८।१४	मुद्गर
	दि.मा.			चन्द्रः मे.		ता.					
	३४।१८			१८।१५	[१९०१ जून] १४		भ.४५।१३ उ. सं. मिथुनेऽर्कः १७।१६ (गरे)				

श्रीसंवत् १९५८ अधिकाषाढसुदि.

[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ. योग]
१३	बु	१०	३८।३७	चि	१३।३१	शि	५३।५७	तै	६।१०	काल
दि.मा.			चन्द्रः तु.		ता. २६					
३४।२१										

(पात्रो १९५८)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मातहतमा पाठशालामा पढाउने पण्डितहरूमध्ये यिनी पनि थिए भन्ने कुरा निजामती किताबखानाको दर्शनभेटको ढड्डाबाट थाहा पाइन्छ।[७८] काठमाडौंको पाठशालामा त्यही साल पढाउने पण्डितहरूमा पनि यिनको नाउँ आएको छ र ती ५ जना पण्डितमध्ये यिनको नाउँ त्यही ढड्डामा सबभन्दा अगाडि छ।[७९]

आठौं तहका कुलमान गुभाजू त्यस वेलाका ख्यातनामा बौद्ध विद्वान् थिए। यिनी त्यस पाठशालामा **नेवारी रंजना अक्षर पढाउने** काम गर्ने भन्ने कुरा त्यही ढड्डा[८०]बाट बुझिन्छ। सिल्विं लेविसँग पनि उनको भेट भएको थियो र लेविले यिनको ज्ञानको नराम्रोसँग धज्जी उडाएका छन्।[८१]

वि.सं. १९५८ कार्तिककृष्णषष्ठी शनिवार अर्थात् कार्तिक १७ गतेको पुर्जीअनुसार गङ्गानाथ भट्टराई ठमेलटोलको पाठशालामा पण्डित देखिन्छन् र उनलाई वेद र ब्राह्मणका सूक्त र *अक्षराङ्क* पढाउने जिम्मा दिइएको छ।[८२] काठमाडौंको पाठशालामा वि.सं. १९५९ मा पढाउने पण्डितहरूमा गङ्गानाथ भट्टराईको नाउँ आएको कुरा निजामती किताबखानाको दर्शनभेटको ढड्डाबाट बुझिन्छ।[८३] यिनी कमसेकम वि.सं. १९९१ सम्म रानीपोखरी संस्कृतपाठशालामा वेदका अध्यापक थिए।[८४]

वि.सं. १९५८ जेठ ५ गते[८५]को सनदबाट खुलेका १९ वटा पाठशालाहरूमध्ये डिल्लीबजारको पाठशालामा

---

७८. शरद्चन्द्र शर्मा भट्टराई २०४२:६०-६१ = उही २०५६:२२१।

७९. उही २०४२:६१ = उही २०५६:२२१।

८०. शरद्चन्द्र शर्मा भट्टराई २०४२:६२ = उही २०५६:२२२।

८१. महेशराज पन्त २०६२:७।

८२. तल ३०-३२ पृष्ठमा छापिएको, २ सङ्ख्याको पत्र।

८३. शरद्चन्द्र शर्मा भट्टराई २०४२:६१ = उही २०५६:२२१।

८४. नयराज पन्तले रानीपोखरी संस्कृतपाठशालामा पढ्दा गङ्गानाथ भट्टराई वेद पढाउँथे (नयराज पन्त २०२९ क:१९९)। नयराज पन्तले वि.सं. १९८८ मा मध्यमा दिई (उही:१९२) वि.सं. १९८९ देखि काशीमा पढ्न थालेको हो (उही २०१९:२)। गङ्गानाथले वि.सं. १९९१ मा पाठशालामा वेद पढाएको चर्चा भूपहरि पौडेल २०५१:५३८ मा आएको छ। रानीपोखरी संस्कृतपाठशालामा गङ्गानाथ भट्टराईले त्यसताका वेद पढाएको चर्चा सरोजकुमार तण्डुकार २०४८:३-५ मा छ।

८५. राजेश गौतम (२०५०:१०५)ले यस सनदको मिति सम्वत् १९५८ साल जेष्ठ ५ गते रोज ५* भनी दिएका छन्। वि.सं. १९५८ मा जेठ ५ गते बृहस्पतिवार होइन कि शनिवार परेको छ –

---

* राजेश गौतम २०६१:१०८ मा चाहिं सम्वत् १९९८ साल जेठ ५ गते रोज ५ छापिएको छ। १९५८ को ठाउँमा आएको १९९८ प्रूफको अशुद्धि हो भनी भनिरहनुपर्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वर्षको १८० रुपैयाँ खाने भई सत्यप्रसाद अर्ज्याल भर्ना भएका थिए ।[८६] वि.सं. १९५८ कार्तिककृष्णषष्ठी शनिवार अर्थात् कार्तिक १७ गतेको पत्रअनुसार यिनी त्यस वेला असनटोलको पाठशालामा पण्डित देखिन्छन् र यिनलाई व्याकरण, काव्य, गणित र *अक्षराङ्क* पढाउने जिम्मा दिइएको छ ।[८७] वि.सं. १९५९ मा काठमाडौंको पाठशालामा पढाउने पण्डितहरूमा सत्यप्रसाद अर्ज्याल पनि थिए भन्ने कुरा निजामती किताबखानाको दर्शनभेटको ढड्डाबाट थाहा पाइन्छ ।[८८]

वि.सं. १९५९ मा काठमाडौंको पाठशालामा पढाउने पण्डितहरूमा रुद्रकान्त अधिकारीको नाउँ आएको कुरा निजामती किताबखानाको दर्शनभेटको ढड्डाबाट बुझिन्छ ।[८९]

कृष्णप्रसाद न्यौपानेको विषयमा मलाई केही थाहा छैन ।

सातौं तहका पण्डित कृष्णदत्त पन्तको म नाति हुँ । हेडपण्डित विष्णुहरि रिमालका चेला उहाँ हुनुहुन्थ्यो[९०] र गुरुपूर्णिमामा विष्णुहरि रिमालको पाउपूजा गर्न जानुहुन्थ्यो[९१] भन्ने कुरा पनि प्रकाशमा आइसकेको छ ।

श्रीसंवत् १९५८ ज्यैष्ठबदि.

	[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ. योग]
[वैशाख]	३१	सो	१०	४४।२०	श्र	११।५९	वै	४५।२३	व	१६।४३.	अम्.
		दि.मा.		चन्द्रः		ता.					
				कु.							
	३३।१८			४४।४३	[१९०१ मे] १३		म. १६।४३ उ. ४४।२० या. वृषेर्कः ५२।२३ (वबे)				
	[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ. योग]
[जेठ]	१	मं	११	३८।५८	उ	५५।२३	वि	३८।२२	व	११।३९	सिद्धि
		दि.मा.		चन्द्रः		ता.					
	३३।२१			मी.		१४	संभोगः अपरा ११				
	[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ. योग]
	५	श	३०	१४।५७	कृ	३९।२१	शो	८।१३	किं	४२।९	ध्वज
		दि.मा.		चन्द्रः		ता.					
	३३।३१			वृ.		१८	ब्राह्मे शुक्रः ११ सूर्य्यग्रहणम्.				

(पात्रो १९५८,

८६. राजेश गौतम २०५०:१०५ = उही २०६१:१०८ ।

८७. तल ३०-३२ पृष्ठमा छापिएको, २ सङ्ख्याको पत्र ।

८८. शरद्चन्द्र शर्मा भट्टराई २०४२:६१ = उही २०५६:२२१ । यसमा यिनको नाउँ सप्तप्रसाद अर्ज्याल छापिएको छ । (माथि ३ सङ्ख्याको टिप्पणी पनि हेर्नू ।)

८९. उही २०४२:६१ = उही २०५६:२२१ ।

९०. छविरमण उपाध्याय रिमाल २०५९:त पृष्ठ ।

९१. नयराज पन्त २०३१:५ = उही २०३१ क:१९३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ठाउँठाउँका पाठशालामा वि.सं. १९५९ मा पढाउने पण्डितहरूको नाउँ निजामती किताबखानाको दर्शनभेटको ढड्डाबाट सारी शरद्चन्द्र शर्मा भट्टराईले प्रकाश गरेका छन् । त्यस वेला भादगाउँको पाठशालामा ३ जना पण्डित भएको त्यस ढड्डाबाट देखिन्छ र तिनमा सवभन्दा अगाडि धर्मदत्त अचार्जको नाउँ छ ।[९२]

धर्मदत्त आचार्य (वि.सं. १९१९-१९७६)[९३]को चर्चा ऐ.शि. बावुराम आचार्य (वि.सं. १९४४[९४]-२०२९[९५])का बावुको रूपमा हामीले पढेका छौं । वीरशमशेर जीवित रहेसम्म आफ्नो ३८ वर्षको उमेरसम्म उनले सरकारी जागीरमा प्रवेश गर्न पाएनन् र पछि देवशमशेरको शासनकालमा उपत्यकाभित्र एकै पटक युप्रै भाषा-पाठशालाहरू खुल्दा हूलमूलमा मात्र प्रवेश पाउन सकेका थिए[९६] र पण्डितको रूपमा शिक्षक भई सरकारी सेवामा प्रवेश गरेर उपत्यकाभित्रका तीनै शहरका संस्कृत विद्यालयहरू घुम्दै पछि श्री ५ त्रिभुवनको साधारण शिक्षकका रूपमा वि.सं. १९६८ देखि राजदरबारसंग सम्बद्ध भएका र वि.सं. १९७६ मा स्वर्गवास नभएसम्म यसै पदमा कार्यरत रहेका थिए[९७] भनो उनका नाति श्रीकृष्ण आचार्यले लेखेका छन् । वीरशमशेर वि.सं. १९५७ मा परलोक भएपछि देवशमशेरको उदय हुँदा ३८ वर्षको उमेरमा वि.सं. १९१९ मा जन्मेका धर्मदत्त आचार्यले भाषापाठशालामा जागीर पाएको भन्ने बुझिएकोले (वि.सं. १९१९+३८ =) वि.सं. १९५७ मा उनी जागीरे भएको देखिन्छ । वि.सं. १९५९ मा भादगाउँको पाठशालामा पढाउने धर्मदत्त अचार्ज यिनै हुन् भन्ने कुरा यतावाट स्पष्ट भएको छ ।

---

९२. शरद्चन्द्र शर्मा भट्टराई २०४२:६१ = उही २०५६:२२१ ।

९३. श्रीकृष्ण आचार्य २०४६ क:२७३ ।

९४. नयराज पन्त २०२९:१३१ ।

९५. उही:१४८ ।

९६. श्रीकृष्ण आचार्य २०४६:३६ ।

९७. उही २०४६ क:२७३ ।

यिनै श्रीकृष्ण आचार्य (२०५९:ख पृष्ठ)ले वि.सं. १९७० देखि १९७६ सम्म मेरो पितामह पं. धर्मदत्त आचार्य राजदरबारमा श्री ५ त्रिभुवनका शिक्षकका रूपमा कार्यरत रहनुभएको थियो । वि.सं. १९७६ को पुस महिनामा उहाँको देहान्त भएपछि यसै पदमा गुरु नयराज पन्तका मातामह पं. भुवननाथ पाण्डेयज्यूको नियुक्ति भएको थियो भनी लेखेका छन् ।

यतावाट आफ्ना बाजेले राजदरबारमा पढाउन थालेको मिति अघि (वि.सं. २०४६ क मा) वि.सं. १९६८ र पछि (वि.सं. २०५९ मा) वि.सं. १९७० भनी २ ठाउँमा भिन्नाभिन्नै २ मिति उनले दिएको देखिन्छ । विप्रतिषेधे परं कार्यम् (*अष्टाध्यायी* १।४।२) (उक्तिकै बल भएका दुइटा नियमको विरोध भएमा पछिल्लोचाहिँ मान्नुपर्छ ।) भन्ने सूत्रको अनुसरण गर्ने हो भने धर्मदत्त अचार्जले राजदरबारमा वि.सं. १९७० देखि पढाउन थाले भनी मान्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि.सं. १९६७ मा पाटनको पाठशालामा कोटेश्वरका २ जना पण्डितले पढाउँथे । तिनमा धर्मदत्त पाध्याले वर्षको २४० रुपैयाँ र घनश्याम पाध्याले १९१ रुपैयाँ खान्थे भन्ने कुरा निजामती पगरीको ढड्डावाट बुझिन्छ ।[९८] माथि वि.सं. १९५९ को प्रसङ्गमा वतन नखुलाइएका धर्मदत्त अचार्ज र यहाँ वतन खुलाइएका धर्मदत्त पाध्या एउटै हुन् भन्ने मैले ठानेको छु । धर्मदत्त अचार्जको घर पशुपतिको मन्दिर नजीकै, अचेलको अन्तरराष्ट्रिय त्रिभुवन विमानस्थल रहेको ठाउँको आसपास ... ठूलो गौचर भन्ने नामले प्रसिद्ध रहेको[९९] ठाउँमा भएकोले र यो ठाउँ कोटेश्वरको इलाका हुनाले पनि पं. धर्मदत्त पाध्या, कोटेश्वर भनी नाउँवतन खुलाइएका पण्डित धर्मदत्त अचार्ज नै हुन् भनी भन्न नसकिने होइन । अब रह्यो, वि.सं. १९५९ को ढड्डामा अचार्ज र वि.सं. १९६७ को ढड्डामा पाध्या लेखिएको कुरा । जैसीवाहेकका सवै बाहुन उपाध्याय हुने हुनाले झर्रा अचार्जलाई पाध्या भनेकोमा पनि कुनै विप्रतिपत्ति उठाउन सकिँदैन । पण्डित भुवननाथ पाँडे (वि.सं. १९२०-२०००)[१००]लाई यहीं एउटा ढड्डामा पण्डित भुवननाथ पाँडे[१०१] र अर्कोमा चाहिँ पंडित भुवननाथ पाध्या[१०२] लेखेको कुरालाई यस सन्दर्भमा औंल्याउन सकिन्छ ।

धर्मदत्त अचार्जका नातिले आफ्ना बाजेको विषयमा लेख्दा उनले यहाँका तीनै शहरमा जागीर खाएको कुरा लेखेकाले[१०३] पनि वि.सं. १९५९ मा भादगाउँको पाठशालामा पढाउने धर्मदत्त अचार्ज र वि.सं. १९६७ मा पाटनको पाठशालामा पढाउने धर्मदत्त पाध्या उही हुन् भनी भन्न वल मिलेको छ ।

वि.सं. १९७१ माघ २७ गते मङ्गलवार फाल्गुनकृष्णएकादशीको दिन मेरा पितामह कृष्णदत्त पन्त परलोक हुँदा[१०४] मेरा बुवा नयराज पन्त (वि.सं. १९७०-२०५९) डेढ वर्षको हुनुहुन्थ्यो । मेरा बाजे परलोक भएको २ महीनापछि वि.सं. १९७२ वैशाख २ गते बुधवारको दिन मेरी पितामही यज्ञप्रिया (वि.सं. १९४५-२०२३)[१०५] र मेरा वैमातृक जेठा बुवा कार्शीप्रसाद पन्त (वि.सं. १९५१[१०६]-१९७३[१०७])को

९८: शरद्चन्द्र भट्टराई २०४२:६२-६३ = उही २०५६:२२२-२२३ । उही २०५६:२२२-२२३ मा भने १९१ को ठाउँमा १९२ छ ।

९९. श्रीकृष्ण आचार्य २०४६ क:२७३ ।

१००. नयराज पन्त २०६०:२७-३६ ।

१०१. शरद्चन्द्र भट्टराई २०४२:६१ = उही २०५६:२२१ । उही २०५६:२२१ मा भने पाण्डे छापिएको छ । नयाँ शैलीको प्रभावमा परी पाँडेको ठाउँमा पाण्डे हुन गएको जस्तो लाग्छ ।

१०२. उही २०४२:६३ = उही २०५६:२२३ ।

१०३. माथि १८ पृष्ठ ।

१०४. तल ४३-४५ पृष्ठमा छापिएको, ७ सङ्ख्याको पत्र ।

१०५. नयराज पन्त २०२३:४ ।

१०६. वि.सं. १९७२ वैशाख २ गतेको (तल ४५-५२ पृष्ठमा छापिएको, ८ सङ्ख्याको) पत्रमा यिनको उमेर २१ वर्ष लेखिएकोले (१९७२-२१ = १९५१) यिनको जन्म वि.सं. १९५१ मा भएको देखिन्छ ।

१०७. तल ५५-५७ पृष्ठमा छापिएका, १० र ११ सङ्ख्याका पत्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बीचमा अंशबण्डा भएको रहेछ ।[१०८] त्यस अंशबण्डामा वि.सं. १९६८ आषाढ १ गते बृहस्पतिवारको दिन पण्डित धर्मदत्त अचार्जले सापटी लिएको एउटा तमसूक र वि.सं. १९६९ आश्विन १६ गते मङ्गलवारको दिन पण्डित विष्णुहरि [रिमाल]ले सापटी लिएको अर्को तमसूक पनि रहेछ । धर्मदत्त अचार्जले मेरा बाजेसँग ४१ रुपैयाँ र विष्णुहरि रिमालले ४०१ रुपैयाँ सापटी लिएका रहेछन् । असामि उपर भै आयापछी बाड्नुपर्ने भनी अंशबण्डाको त्यस कागतमा लेखिएको र धर्मदत्त अचार्जले सापटी लिएको रुपैयाँ मेरी बज्यै र मेरा बुबाको अंशभागमा परेको रहेछ ।

विष्णुहरि रिमाल वि.सं. १९७१ माघकृष्णत्रयोदशीमा अर्थात् पौष ३० गते[१०९] परलोक भएकाले मेरा बाजे परलोक हुनुभन्दा ४ हप्ताअगाडि उनी वितेको स्पष्ट हुन्छ । यस कारण वि.सं. १९७२ वैशाख २ गते हाम्रो परिवारमा अंशबण्डा हुँदा ऋणी विष्णुहरि रिमालका छोरा नारायणप्रसाद रिमालसँग मोरु ४०१ को आजका मितिसम्मको हरहिसाप गरी बज्यै र बुबाहरूको आफनु आफनु भाग ब्याज बुझि लि सावाको ३ खण्ड गरी बज्यै र बुबाको भाग अर्थात् २ खण्डको बज्यैको नाउँमा र १ खण्डको जेठा बुबाको नाउँमा निज नारायणप्रसाद रिमालले अलग अलग तमसूक गरिदिएका रहेछन् ।

बुबाले *चन्द्रिकाव्याकरण* छापिएको समयको निर्क्योल गर्ने प्रसङ्गमा वि.सं. २०३१ मा विष्णुहरि रिमालको चर्चा गर्नुभएको छ । विष्णुहरि रिमाल आफ्ना बुबाको गुरु भएको कुरा उहाँले त्यहाँ प्रसङ्गवश लेख्नुभएको छ[११०] तापनि गुरुलाई चेलाले पैसा सापटी दिएको कुराको चर्चा भने गर्नुभएको छैन । यो चर्चा आफू अबोध अवस्थामा भएको, आफ्नो बण्डापत्रको याद उहाँलाई नभएर हो कि सङ्कोचवश उहाँले त्यसको चर्चा नगरेको हो, म केही भन्न सक्दिनँ ।

मैले पनि बुबा भएसम्म आफ्नो पितृकुलका कागजात राम्ररी हेरेको थिइनँ । बुबाको स्वर्गवास भएको १ महीना जतिपछि मैले आफ्ना बाजेको सम्पत्तिको विषयमा प्रसङ्गवश लेख्दा कागतपत्रको आधारमा होइन कि सुनेकै भरमा लेखेको थिएँ ।[१११] त्यसरी लेख्दा एकाध ठाउँमा गल्ती भएको अनुभव मैले अहिले गरेको छु । त्यस विषयमा पछि खुलाएर लेख्ने मेरो विचार छ ।

---

१०८. तल ४५-५४ पृष्ठमा छापिएका, ८ र ९ सङ्ख्याका पत्र ।

१०९. माथि १० पृष्ठ ।

११०. नयराज पन्त २०३१:५ = उही २०३१ क:१९३-१९४ ।

१११. महेशराज पन्त २०५९:ख-ग पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको* वर्णक्रमअनुसारको तालिका

अष्टाध्यायी
= पाणिनिमा हेर्नू।

ईश्वर वराल २०४९
= वि.सं. २०४९ मा काठमाडौंबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *मधुपर्क* २५ वर्ष ५ अङ्कका १९-२२ पृष्ठमा छापिएको, ईश्वर वरालको *"सुन्दरी"को आविर्भवन औ अवसान*।

उत्तम कुँवर २०५०
= वि.सं. २०५० मा काठमाडौंबाट साझा प्रकाशनद्वारा प्रकाशित, उत्तम कुँवरको *सृष्टा र साहित्य* ४ संस्करण।

क.दी. २०४१
= वि.सं. २०४१ मा ललितपुरबाट मदनपुरस्कारगुठीद्वारा प्रकाशित *नेपाली (त्रैमासिक)* ९९ पूर्णाङ्कका ३-१७ पृष्ठमा छापिएको, क.दी.को *सर्वसम्मति !*

कमल दीक्षित २०४१
= वि.सं. २०४१ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, कमल दीक्षितको *चन्द्रज्योति*।

कमल दीक्षित २०५०
= वि.सं. २०५० मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित, कमल दीक्षितको *बुईंगल* ४ संस्करण।

कमलमणि दीक्षित, शरद्चन्द्र शर्मा र घटराज भट्टराई २०५३
= वि.सं. २०५३ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित; कमलमणि दीक्षित, शरद्चन्द्र शर्मा र घटराज भट्टराईको *एउटा अर्को बुईंगल*।

काशीनाथ आचार्य दीक्षित २०३१
= वि.सं. २०३१ मा काठमाडौंबाट नरेन्द्रमणि आचार्य दीक्षितद्वारा प्रकाशित तथा सम्पादित, काशीनाथ आचार्य दीक्षितको *भएका कुरा*।

कृष्णप्रसाद शर्मा घिमिरे २०४१
= वि.सं. २०४१ मा काठमाडौंबाट श्याम, गोपाल, मोहन र योगेश घिमिरेद्वारा प्रकाशित, कृष्णप्रसाद शर्मा घिमिरेको *गति-विधियों की रूप-रेखाएँ (इतिवृत्तात्मक)* (गतिविधिका रूपरेखा (इतिवृत्तात्मक)।

कृष्णराज खनाल २०५८
= वि.सं. २०५८ मा काठमाडौंबाट नगेन्द्रनाथ खनालद्वारा प्रकाशित, कृष्णराज खनालको *प्रो. हरिनाथ खनाल : जीवनी र परिवेश*।

केशव मणि आचार्य दीक्षित २०२९
= वि.सं. २०२९ मा काठमाडौंबाट नलिनीदेवी आचार्य दीक्षितद्वारा प्रकाशित, केशव मणि आचार्य दीक्षितको *सरदार, पंडित श्री राममणि आचार्य दीक्षितको पुराना-संझनाका* अ-उ पृष्ठमा छापिएको, उनैको *संझनाका बारेमा*।

केशव मणि आचार्य दीक्षित २०२९ क
= वि.सं. २०२९ मा काठमाडौंबाट नलिनीदेवी आचार्य दीक्षितद्वारा प्रकाशित, केशव मणि आचार्य दीक्षितको *सरदार, पंडित श्री राममणि आचार्य दीक्षितको पुराना-संझना*।

---

* फलानोले बनाएको भनी सबैले मानेको, प्राचीन शैलीको कृतिको हकमा कृति र रचयिता दुवैको नाउँ, कुनै कृतिमा रचयिताको नाउँ नष्ट भएको हकमा कृतिको नाउँ र अपवादको रूपमा *सुन्दरी* पत्रिकाताई वर्णक्रमअनुसार राखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

केशव मणि आचार्य दीक्षित २०४३

= वि.सं. २०४३ मा काठमाडौंबाट गिरीश मणि आ. दीक्षितद्वारा प्रकाशित, केशव मणि आचार्य दीक्षितको *संझनाको बाटोमा*।

गोपीनाथ शर्मा २०५०

= वि.सं. २०५० मा रविनराज भण्डारीद्वारा प्रकाशित, गोपीनाथ शर्माको *नेपालमा शिक्षाको इतिहास (प्राचीनकाल देखि सम्वत् २००७ साल सम्म)* २ संस्करण।

गोपीनाथ शर्मा २०५७

= वि.सं. २०५७ मा काठमाडौंबाट लुम्बिनी पुस्तकभण्डारद्वारा प्रकाशित, गोपीनाथ शर्माको *नेपालको शैक्षिक इतिहास* परिमार्जित तथा परिवर्धित संस्करण।

गोपीनाथ शर्मा २०६२

= वि.सं. २०६२ मा काठमाडौंबाट मकालु बुक्स एण्ड स्टेशनर्सद्वारा प्रकाशित, गोपीनाथ शर्माको *नेपालमा शिक्षाको इतिहास (प्राचीनकालदेखि संवत् २००७ सालसम्म)* १ भाग, ३ संस्करण।

गोरखाभाषाप्रकाशिनी समिति १९७२

= वि.सं. १९७२ मा काठमाडौंबाट गोरखाभाषाप्रकाशिनी समितिद्वारा सम्पादित *गोरखा शिक्षा, संख्या १. पहिलो पुस्तक*।

गोरखाभाषाप्रकाशिनी समिति १९७४

= वि.सं. १९७४ मा काठमाडौंबाट गोरखाभाषाप्रकाशिनी समितिद्वारा सम्पादित *गोरखा शिक्षा, संख्या ३. तेस्रो पुस्तक*।

गोविन्द टण्डन २०५६

= वि.सं. २०५६ मा काठमाडौंबाट भरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भाग।

चन्द्रकान्ता मल्ल २०३६

= वि.सं. २०३६ मा काठमाडौंबाट चन्द्रकान्ता मल्लद्वारा प्रकाशित, उनैद्वारा रचित र भुवनलाल प्रधानद्वारा सम्पादित *मेरो आत्मकथा*।

चेतोनाथ शर्मा आचार्य २०३२

= वि.सं. २०३२ मा काठमाडौंबाट वाल्मीकिक्याम्पसद्वारा प्रकाशित *मर्यादा* ११ पूर्णाङ्कका २९-५९ पृष्ठमा छापिएको, चेतोनाथ शर्मा आचार्यको *न्यायरत्न, न्यायाचार्य, दर्शनालङ्कार-प्रसिद्ध प्रवल गोरखा दक्षिणबाहु पण्डित प्रवर पद्यप्रसाद भट्टराईज्यूको संक्षिप्त जीवनी*।

छविरमण उपाध्याय रिमाल २०५९

= वि.सं. २०५९ मा ललितपुरबाट रिमालवंशावलीप्रकाशनसमितिद्वारा प्रकाशित, छविरमण उपाध्याय रिमालद्वारा सङ्कलित *रिमाल बंशावली*।

जयपृथ्वीबहादुर सिंह १९५८

= वि.सं. १९५८ मा काठमाडौंबाट प्रकाशित, जयपृथ्वीबहादुर सिंहको *अक्षराङ्क शिक्षा*।

[वि.सं. २०५७ मा काठमाडौंबाट मानवतावाद र जयपृथ्वी-अनुसन्धान-उद्यानद्वारा पुनः प्रकाशित।]

तुलसीराम वैद्य, त्रिरत्न मानन्धर र शङ्करलाल जोशी २०५०

= ई.सं. १९९३ (वि.सं. २०५०) मा नयाँ दिल्लीबाट अनमोल पब्लिकेशन्जद्वारा प्रकाशित; तुलसीराम वैद्य, त्रिरत्न मानन्धर र शङ्करलाल जोशीको *सोशल् हिस्टरि अफ् नेपाल्* (नेपालको लौकिक इतिहास)।

तोयनाथशर्मणामन्तेवासी (तोयनाथ शर्माका चेला) १९६२

= काठमाडौंबाट प्रकाशित, तोयनाथका चेलाको *कररसाङ्कशशाङ्क १९६२ मिताब्दस्य नेपालदेशीयं पञ्चाङ्गम्* (संवत् १९६२ को नेपाल देशको पात्रो)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तोयनाथशर्मणामन्तेवासी (तोयनाथ शर्माका चेला) १९७१

= काठमाडौंबाट प्रकाशित, तोयनाथका चेलाको *शशिनगाङ्कशशाङ्क १९७१ मिताब्दस्य नेपालदेशीय पंचाङ्गम्* (संवत् १९७१ को नेपाल देशको पात्रो)।

दिनेशराज पन्त २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ७ पूर्णाङ्कका ६१-७४ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-८८)*।

दिनेशराज पन्त २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका ३७-४८ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-८८)*।

दिनेशराज पन्त २०३२

= वि.सं. २०३२ मा प्रकाशित, *पूर्णिमा* ३३ पूर्णाङ्कका २७-३५ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *गोरखाली राजाहरूका राज्यकाल*।

देवीदत्त पराजुली २००५

= वि.सं. २००५ मा काठमाडौंबाट नेपालीभाषाप्रकाशिनी समितिद्वारा प्रकाशित, देवीदत्त पराजुलीको *कविता-गुच्छहार*।

नयराज पन्त २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेय*मा १-५० पृष्ठमा छापिएको, नयराज पन्तको *उपोद्घात*।

नयराज पन्त २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ८ पूर्णाङ्कका ५०-७४ पृष्ठमा छापिएको, नयराज पन्तको *पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति*।

नयराज पन्त २०२३

= वि.सं. २०२३ मा काठमाडौंबाट नयराज पन्तद्वारा प्रकाशित, *पूर्णिमा* १० पूर्णाङ्कमा गाँसिएको, नयराज पन्तको *मातृवियोग*।

नयराज पन्त २०२८

= वि.सं. २०२८ मा प्रकाशित *पूर्णिमा* २५ पूर्णाङ्कका ३९-६० पृष्ठमा छापिएको, नयराज पन्तको *श्री ३ महाराज रणोद्दीपसिंह*।

नयराज पन्त २०२९

= वि.सं. २०२९ मा प्रकाशित *पूर्णिमा* २७ पूर्णाङ्कका १२७-१५३ पृष्ठमा छापिएको, नयराज पन्तको *विद्वत्पूजा*।

नयराज पन्त २०२९ क

= वि.सं. २०२९ मा प्रकाशित *पूर्णिमा* २८ पूर्णाङ्कका १८९-२२८ पृष्ठमा छापिएको, नयराज पन्तको *विद्वत्पूजा (२ सङ्ख्या)*।

नयराज पन्त २०२९ ख

= *पूर्णिमा* २८ पूर्णाङ्कका २६४-२६८ पृष्ठना छापिएको, नयराज पन्तको *विद्वच्चिरोमणि हेमराज र पण्डितराज सोमनाथको सम्बन्ध*।

नयराज पन्त २०३०

= वि.सं. २०३० मा प्रकाशित *पूर्णिमा* ३० पूर्णाङ्कका ७५-१११ पृष्ठमा छापिएको, नयराज पन्तको *श्रीमान् यदुनाथ सनातन्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ*।

नयराज पन्त २०३१

= वि.सं. २०३१ वैशाख २१ गते काठमाडौंबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *गोरखापत्र* ७३ वर्ष ३५७ अङ्कको ५ पृष्ठमा छापिएको, नयराज पन्तको *पं. विष्णुहरि रिमाल र चन्द्रिकाव्याकरण*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नयराज पन्त २०३१ क

= वि.सं. २०३१ मा प्रकाशित *पूर्णिमा* ३१ पूर्णाङ्कका १९३-१९४ पृष्ठमा छापिएको, नयराज पन्तको *पं. विष्णुहरि रिमाल र चन्द्रिकाव्याकरण*।

नयराज पन्त २०३१ ख

= वि.सं. २०३१ मा प्रकाशित *पूर्णिमा* ३२ पूर्णाङ्कका २३६-२४९ पृष्ठमा छापिएको, नयराज पन्तको *श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ (२ सङ्ख्या)*।

नयराज पन्त २०३७

= वि.सं. २०३७ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको *पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति*।

नयराज पन्त २०४३

= वि.सं. २०४३ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको* *लिच्छविसंवत्को निर्णय*।

नयराज पन्त २०४३ क

= वि.सं. २०४३ मा प्रकाशित *पूर्णिमा* ७० पूर्णाङ्कका २९-३० पृष्ठमा छापिएको, नयराज पन्तको *यति गरिदिनुभएकोमा श्रीशरद्चन्द्र शर्मा भट्टराईजीलाई धन्यवाद छ*।

नयराज पन्त २०४९

= वि.सं. २०४९ मा प्रकाशित *पूर्णिमा* ८१ पूर्णाङ्कका ३-६ पृष्ठमा छापिएको, नयराज पन्तको *प्रस्तावना*।

नयराज पन्त २०५०

= वि.सं. २०५० मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको** *विश्रान्ति*।

नयराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०७ पूर्णाङ्कका २७-३६ पृष्ठमा छापिएको, नयराज पन्तको *[पण्डित भुवननाथ पाँडे (वि.सं. १९२०-२०००)]*।

नीलमणि दुञ्जना, वेणीमाधव ढकाल र माधवराज गौतम २०४१

= वि.सं. २०४१ मा काठमाडौंबाट त्रिभुवनविश्वविद्यालयको संस्कृताध्यनसंस्थानान्तर्गत वाल्मीकिविद्यापीठद्वारा प्रकाशित; नीलमणि दुञ्जना, वेणीमाधव ढकाल र माधवराज गौतमद्वारा सम्पादित *आलोकः वाल्मीकि-विद्यापीठस्य* (वाल्मीकि-विद्यापीठको आलोक)का ८३-८५ पृष्ठमा छापिएको *नारायणहिटीपाठशालासंबद्धमप्रकाशितं पत्रम् (वि.सं. १९२७)* (नारायणहिटीपाठशालासँग सम्बद्ध अप्रकाशित पत्र (वि.सं. १९२७))।

नेपालीभाषाप्रकाशिनी समिति २००५

= वि.सं. २००५ मा काठमाडौंबाट नेपालीभाषाप्रकाशिनी समितिद्वारा प्रकाशित, देवीदत्त पराजुलीको *कविता-गुच्छहार*मा छापिएको, नेपालीभाषाप्रकाशिनी समितिको *ग्रन्थकर्त्ताको परिचय र वक्तव्य*।

पाणिनि *अष्टाध्यायी*

= वि.सं. २००९ मा बनारसबाट चौखम्बा-संस्कृत-पुस्तकालयद्वारा प्रकाशित, शोभित मिश्रद्वारा सम्पादित *पाणिनीयव्याकरणसूत्रवृत्तिः काशिका विद्वद्वरवामनजयादित्यविरचिता* (पाणिनीय व्याकरणका सूत्रको वृत्ति काशिका – विद्वान्हरूमा श्रेष्ठ वामन र जयादित्यले बनाएको) ३ संस्करण।

---

* यसमा सहायक देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपाने।

** यसमा सहायक रुक्मनाथ पौडेल।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पात्रो १९५८

= वि.सं. १९५८ को नेपाली पात्रो । यसको अगाडिको पत्र च्यातिएर हराइसकेकोले कसले यो तयार गरेको हो, भन्न सकिएन ।

प्रकाश ए. राज २०५७

= वि.सं. २०५७ मा काठमाडौंबाट श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* १४५ संख्याको नेपाली खण्डका ५०-५३ पृष्ठमा छापिएको, प्रकाश ए. राजको *नेपालका मूल पुरोहितहरू* ।

प्रकाश ए. राज २०५८

= वि.सं. २०५८ मा काठमाडौंबाट नवीन पब्लिकेशन्सद्वारा प्रकाशित, प्रकाश ए. राजको *केही खोजेको केही देखेको* ।

प्रपन्नाचार्य २०५०

= वि.सं. २०५० मा काठमाडौंबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *मधुपर्क* २६ वर्ष २ अङ्कको १४ पृष्ठमा छापिएको, प्रपन्नाचार्यको *"सुन्दरी"का पहिला सम्पादक देवीदत्त पराजुली* ।

प्रयागराज जोशी २०५७

= वि.सं. २०५७ मा विद्यादेवी जोशीद्वारा प्रकाशित तथा कुमार रञ्जितद्वारा सम्पादित, प्रयागराज जोशीको *प्रयाग-दृष्टि* ।

भरतराज पन्त २०६०

= वि.सं. २०६० मा काठमाडौंबाट प्रेमनाथ पन्त र सूर्यनाथ पन्तद्वारा प्रकाशित, भरतराज पन्तको *पन्त बा – सत्यनाथ पन्त संस्मरण* २ संस्करण ।

भुवनलाल प्रधान २०२९

= वि.सं. २०२९ मा काठमाडौंबाट नगरपञ्चायतद्वारा प्रकाशित, भुवनलाल प्रधानको *शहीद शुक्र* ।

भूपहरि पौडेल २०५१

= वि.सं. २०५१ मा काठमाडौंबाट नेपालसाहित्यप्रकाशनकेन्द्रद्वारा प्रकाशित, भूपहरि पौडेलको *नेपालको विद्वत्परम्परा* ।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप' ज् कम्एन्टरि अन् दि अमरकोष* (अमरकोषमा जातरूपको टीका) १ भाग ।

महेशराज पन्त २०५९

= वि.सं. २०५९ मा काठमाडौंबाट खिलशर्म-राजीवलोचनजोशीस्मारक-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको *हाम्रो उद्देश्य र कार्यप्रणाली (संशोधन-मण्डलपाठशालाको उद्देश्य र कार्यप्रणाली)*का क-ङ पृष्ठमा छापिएको, महेशराज पन्तको *यस पुस्तकको विषयमा* ।

महेशराज पन्त २०६२

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११८ पूर्णाङ्कका १-१४ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको सिद्धिहर्ष वज्राचार्य(वि.सं. १९३६-२००९)ले पढेको पाठ र गरेको उल्थाको वाङ्मुख* ।

मुरलीपुत्र (?) २०३०

= वि.सं. २०३० मा ललितपुरबाट मदनपुरस्कारगुठीद्वारा प्रकाशित *नेपाली* (*त्रैमासिक*) ५५ पूर्णाङ्कका ७-२० पृष्ठमा छापिएको, मुरलीपुत्र(?)को *जितजंग* ।

राजाराम सुवेदी २०४०

= वि.सं. २०४० मा काठमाडौंबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *मधुपर्क* १६ वर्ष ४ अङ्कका ४६-५० पृष्ठमा छापिएको, राजाराम सुवेदीको *जयपृथ्वीबहादुर सिंह* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राजाराम सुवेदी २०६१

= वि.सं. २०६१ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित, राजाराम सुवेदीको *नेपालको तथ्य इतिहास*।

राजेश गौतम २०५०

= वि.सं. २०५० मा काठमाडौंबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित, राजेश गौतमको *राणाकालीन नेपालको एक झलक (प्रशासनिक, शैक्षिक र सामाजिक अवस्था)*।

राजेश गौतम २०६१

= ई.सं. २००४ (वि.सं. २०६१) मा दिल्लीबाट अड्इट पब्लिशर्जद्वारा प्रकाशित, राजेश गौतमको *राणाकालीन नेपालको प्रशासनिक, शैक्षिक र सामाजिक सुधारहरू*।

लोकनाथ ढकाल, खेमराज उपाध्याय र शिवहरि मरहट्टा २०३७

= ई.सं १९८० (वि.सं. २०३७) मा दाङबाट त्रिभुवनविश्वविद्यालयको संस्कृत–अध्ययनसंस्थान र काठमाडौंबाट नेपाल रिसर्च सेन्टरद्वारा प्रकाशित *प्रसीड्इङ्ज् अफ् द फर्स्ट् सिम्पोजिअम् अफ् नेपाली यान्ड् जर्मन् स्यान्स्किटिस्ट्स्, १९७८* (वि.सं. २०३५ मा भएको नेपाली र जर्मन संस्कृतज्ञहरूको पहिलो भेलाका कामकार्वाइ)का ४१-७५ पृष्ठमा छापिएको; लोकनाथ ढकाल, खेमराज उपाध्याय र शिवहरि मरहट्टाको *नेपाले परम्परागतं संस्कृतशिक्षणम्* (नेपालमा परम्परागत संस्कृतशिक्षण)।

लोकनाथ ढकाल, खेमराज उपाध्याय र शिवहरि मरहट्टा २०४०

= वि.सं. २०४० मा काठमाडौंबाट वाल्मीकिक्याम्पसद्वारा प्रकाशित *मर्यादा* १६ पूर्णाङ्कका ७८-११३ पृष्ठमा छापिएको; लोकनाथ ढकाल, खेमराज उपाध्याय र शिवहरि मरहट्टाको *नेपालमा परम्परागत संस्कृत-शिक्षण*।

[विश्वनाथ पाँडे १९२७]*

= वि.सं. १९२७ को लेखोट पात्रो।

[विश्वनाथ पाँडे १९३१]*

= वि.सं. १९३१ को लेखोट पात्रो।

शरद्चन्द्र शर्मा भट्टराई २०४२

= वि.सं. २०४२ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित *प्रज्ञा* ५३ पूर्णाङ्कका ४७-६३ पृष्ठमा छापिएको, शरद्चन्द्र शर्मा भट्टराईको *राणाशासन-पूर्वार्द्धका केही शैक्षिक तथ्य*।

शरद्चन्द्र शर्मा भट्टराई २०५६

= वि.सं. २०५६ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, शरद्चन्द्र शर्मा भट्टराईको *खोजी अनि व्याख्या*।

शिव रेग्मी २०४५

= वि.सं. २०४५ मा काठमाडौंबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *मधुपर्क* २३६ पूर्णाङ्कका २८-३० पृष्ठमा छापिएको, शिव रेग्मीको *गोरखा भाषा प्रकाशिनी समितिको पहिला अध्यक्ष को थिए?*

---

* यी लेखोट पात्रामा पात्रो तयार गर्नेको नाउँ नभएकाले कसले यी पात्रा तयार गरेका हुन् भन्ने हामीलाई थाहा छैन। तर यी पात्रा लक्ष्मीपति पाँडे (वि.सं. १८९५[1]-१८८८[2])का सन्तानको सङ्ग्रहका भएकाले र लक्ष्मीपतिको वंश ज्योतिषीको भएकोले यिनलाई लक्ष्मीपतिका नाति विश्वनाथ पाँडे (१८७९-१९४३)[3]को नाउँमा यो दर्ता गरिएको छ।

---

१. दिनेशराज पन्त २०२२:६६-६७।

२. उही २०२३:४५-४८।

३. वि सं १९४३ साल आषाढकृष्ण ६ का दिन ..... विश्वनाथले ६४ वर्षका उमेरमा स्वर्गको बाटो लिए भनी विश्वनाथका पनाति नयराज पन्त (२०६०:२८)ले लेखेकाले वि.सं. १९४३ -६४ = वि.सं. १८७९ मा विश्वनाथ पाँडेको जन्म भएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शुक्रराज शास्त्री २०१५

= वि.सं. २०१५ मा काठमाडौंबाट वाक्पतिराज र चन्द्रकान्ताद्वारा प्रकाशित, शुक्रराज शास्त्रीको *शहीदके कलम से* (शहीदको कलमबाट)।

श्रीकृष्ण आचार्य २०४६

= वि.सं. २०४६ मा काठमाडौंबाट इतिहास-शिरोमणि बाबुराम आचार्य शतवार्षिकसमारोहसमितिद्वारा प्रकाशित; कृष्णचन्द्रसिंह प्रधान, ज्ञानमणि नेपाल, गोविन्द टण्डन, माधव भट्टराई र श्रीकृष्ण आचार्यद्वारा सम्पादित *बाबुराम आचार्य स्मृतिग्रन्थ*का ३५-४९ पृष्ठमा छापिएको, श्रीकृष्ण आचार्यको *त्यस वातावरणका बाबुराम आचार्य*।

श्रीकृष्ण आचार्य २०४६ क

= वि.सं. २०४६ मा काठमाडौंबाट इतिहास-शिरोमणि बाबुराम आचार्य शतवार्षिकसमारोहसमितिद्वारा प्रकाशित; कृष्णचन्द्रसिंह प्रधान, ज्ञानमणि नेपाल, गोविन्द टण्डन, माधव भट्टराई र श्रीकृष्ण आचार्यद्वारा सम्पादित *बाबुराम आचार्य स्मृतिग्रन्थ*का २७२-२७३ पृष्ठमा वि.सं. २०४४ फाल्गुन २९ गतेको *गोरखापत्र*बाट उद्धृत, श्रीकृष्ण आचार्यको *बाबुराम आचार्यका पुस्ताहरू*।

श्रीकृष्ण आचार्य २०५९

= वि.सं. २०५९ कार्तिक ३० गते शनिवार काठमाडौंबाट कान्तिपुर पब्लिकेशन्सद्वारा प्रकाशित *कान्तिपुर* १० वर्ष २६५ अङ्कको *कोसेली*को ख पृष्ठमा छापिएको, श्रीकृष्ण आचार्यको *बाबुराम आचार्यदेखि नयराज पन्तसम्म*।

सरेश नेपाल २०६०

= वि.सं. २०६० मा सिन्धुपाल्चोकबाट दुःखी प्रकाशनद्वारा प्रकाशित, सरेश नेपालको *नेपालभित्रको सिन्धुपाल्चोक*।

सरोजकुमार तण्डुकार २०४८

= वि.सं. २०४० कार्तिक १६ गते प्रकाशित *घटना* साप्ताहिक २ वर्ष ६ अङ्कबाट वि.सं. २०४८ मा काठमाडौंबाट ढुङ्गा-अड्डाप्रकाशनद्वारा प्रकाशित, *आत्मपुराणका* १-१२ पृष्ठमा पुनः प्रकाशित, सरोजकुमार तण्डुकारको *हाम्रा गाउँले वासुदेव शर्मा लुईटेल*।

साम्बभक्त शर्मा सुवेदी २०३२

= वि.सं. २०३२ मा ललितपुरबाट संग्रहप्रकाशनद्वारा प्रकाशित, साम्बभक्त शर्मा सुवेदीको *साम्बभक्त शर्मा सुवेदी*।

सुन्दरी

= वि.सं. १९६३ मा काशीबाट रसिकसमाजद्वारा प्रकाशित *सुन्दरी* मासिक पत्रिका १ वर्ष।

सूर्यनाथ पौडेल १९७०

= काठमाडौंबाट नरदेव, मोतीकृष्ण शर्माद्वारा प्रकाशित, सूर्यनाथ पौडेलको *श्रीसम्वत् १९७० शाके १८३५ को पञ्चाङ्ग*।

हंसपुरे सुवेदी २०३७

= वि.सं. २०३७ मा काठमाडौंबाट त्रिभुवनविश्वविद्यालयको पाठ्यक्रमविकासकेन्द्रद्वारा प्रकाशित, हंसपुरे सुवेदीको *संस्कृत वाङ्मयः संक्षिप्त अध्ययन*।

हरिराम जोशी २०६१

= वि.सं. २०६१ मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिच्यूटद्वारा प्रकाशित, हरिराम जोशीको *त्रिदेव स्वरूप ब्राह्मण, कर्माचार्य, जोशी*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पण्डित कृष्णदत्त पन्त र अरू केही पण्डितहरूसँग सम्बद्ध ११ वटा पत्र

– महेशराज पन्त

यी पत्र लक्ष्मीपति-नयराजसङ्ग्रहमा राखिएका छन् । यीमध्ये १, ५-७, ९-११ सङ्ख्याका पत्रको पाठ राजाराम सुवेदी (लेखोट:६१४, ६१७, ६२०, ६२२, ६२३, ६२५ र ६२६ पृष्ठ)मा पनि सारिएको छ । तर ती सरोटको पाठ त्रिभुवनविश्वविद्यालयका अध्यापकहरूको तह सुहाउँदो मात्र छ ।

कृष्णदत्त पन्तले लेखेका पत्र अर्थात् १, ५ र ६ सङ्ख्याका पत्र उनीकहाँ नै भेट्टाइएकाले यी पत्र पठाउनुभन्दा अगाडिका रूप हुन् भन्ने देखिन्छ । २ सङ्ख्या र १० सङ्ख्याका पत्र नकल् भनी त्यहीं लेखिएको छ ।

यी पत्रको सम्पादन गर्दा वैयाकरण कृष्णदत्त पन्तले लेखेको पत्र (१ सङ्ख्या) छोडेर नेपाली भाषामा लेखिएका, मूल पत्रमा परेका स्पष्ट देखिने व्याकरणसम्बन्धी गल्ती सच्याउने काम गरिएको छैन । तर कुरै नबुझिने, अर्थको अनर्थ हुने वा अक्षर छुटेका ठाउँमा मात्र मूल जस्ताको तस्तै उतारी शुद्ध रूप टिप्पणीमा दिइएको छ । नेपालीमा ब र व छुट्टचाउनुपर्दा वको मुनि थोप्ला दियो भने व हुने र केही पनि नदिई खालि व मात्र लेख्यो भने त्यो ब हुने चलन त्यसताका थियो । खालि व मात्र भएको खण्डमा ब र तलथोप्ली व आएको खण्डमा व मानी यी पत्रको सम्पादन गरिएको छ । संस्कृत शब्दको हकमा भने तलथोप्ली व नभएको खण्डमा पनि त्यसको उच्चारण व हुने रहेछ भने त्यसलाई व नै मानिएको छ । यी पत्रमा यस्तो • चिह्न मेरो दृष्टिमा चाहिने ठाउँमा कहीं भएको, कहीं नभएको र कहीं नचाहिने ठाउँमा पनि भएकोले यी पत्र सार्दा यस्ता • चिह्नको मैले यहाँ वास्ता राखेको छैन । जहाँ जहाँ यस्ता • चिह्न चाहिन्छन् जस्तो मलाई लाग्छ, त्यहाँ त्यहाँ मूलमा भए पनि नभए पनि यस्तो • चिह्न राखेको छु । विरामचिह्नको बारे गहिरिएर हेर्न खोज्नेको लागि यी पत्रका फ्याक्सिमिलि आकर होलान् भन्ने मैले ठानेको छु ।

१ सङ्ख्या

कृष्णदत्त पन्तले छात्रवृत्तिको आशा गरी बनारसबाट वि.सं. १९५३ फाल्गुन २७ गते लेखेको बिन्तिपत्र

यस पत्रको फ्याक्सिमिलि *पूर्णिमा* १२१ पूर्णाङ्कको ४२ पृष्ठमा छ ।

सेतो फूल्स्क्याप कागतमा नीलो मसीले लेखिएको यस पत्रको लम्बाइ ९.२ अङ्गुल र चौडाइ ६ अङ्गुल छ। टाँकाको हिसाबले नीबले यो लेखिएको जस्तो देखिन्छ । यसको दायाँपट्टिको छेउ भुत्रिएर गएको छ । यस पत्रको बायाँपट्टि सीसाकलमले नेपालीमा लेखिएको पत्र छ । अक्षर त्यति स्पष्ट नभएकाले त्यस पत्रको पाठ यहाँ दिइएको छैन । त्यस पत्रले ओगटेको भागको नापो पनि यहाँ दिइएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्रीः१

१. बिन्तीपत्र

२. उप्रान्त गरीप्रवर करुणानिधान दयासागर ध[1](र्मावि)[2]-

३. तार हजुर्का गायमा आराम रहीबक्स्या जन्मको उ-

४. द्धार हुदो हो. उप्रान्त पाडेबेसि गोर्खाबाट पढ्न

५. भनी बनारस आएको ५ वर्ष भयो. सिद्धान्तकौ-

६. मुदी मुक्तावली माघ किरात नैषध कुवलयान-

७. न्द श्रीमद्भागवत मनोरमा शब्दरत्नपञ्चसन्धि

८. यती ग्रन्थ भएको छ. हाल पढ्न भनी विद्यार्थि[3]हरू

९. पठाइबक्सिएको छ. सोमध्ये सर्कारबाट मलाइ

१०. पनी निगाह गरीबक्स्या परिश्रम गरी पास् दिई

११. हजुर्को दर्सन[4] गर्न आउदा हु. जो निगाह. भिक्षु-

१२. क ब्राह्मण जानी उच्नीच् माफ राखिबक्स्या

१३. जाला.

१४. इतः पन्तास्पदकृष्णद-

१५. त्तशर्म्मणो दण्डवत्-

१६. प्रणामास्समुल्लसन्तुतराम् ३

१७. इति सम्वत्[5] १९५३ फाल्गुनशुदी[6] ५ रोज २[7] शुभ्म्

---

१. मूल पत्र च्यातिएर गएकोले धको माथिल्लो भाग देखिँदैन ।

२. धमन्दा पछाडिका दुइ अक्षरका तल्लो भागका अलिकति अंश देखिन्छन् ।

३. विद्यार्थी हुनुपर्ने ।

४. दर्शन हुनुपर्ने ।

५. क्देखि म्सम्मको कुनै अक्षर पदान्त म्देखि पर भएमा त्यो म् कि अनुस्वारमा बदलिन्छ कि म्को ठाउँमा त्यही वर्गको पाँचौं अक्षर बस्छ । यहाँ भने वमा म जोल्टघाई सम्वत् लेखिएको छ । बको उच्चारण ब गरी परसवर्ण गर्ने चलन अशुद्ध भए पनि यो ज्यादै व्यापक छ । आफू वैयाकरण भए पनि यो बिन्तिपत्र लेख्नेमा यस अशुद्ध चलनको प्रभाव परेको यसबाट स्पष्ट हुन्छ । यस चलनको विषयमा महेशराज पन्त २०५७:९२-९३ = § १.४.२ मा अलिकति लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यो पत्र कसलाई लेखिएको हो खुल्दैन । एक ठाउँमा **सर्कारबाट मलाइ पनी निगाह गरीबक्स्या परिश्रम गरी पास् दिई हजुर्को दर्सन गर्न आउदा हु** भनी लेखिएकोले जसलाई पत्र लेखिएको हो, त्यसलाई **सरकार** शब्दले सम्बोधन गरेको स्पष्ट देखिन्छ । यस कारण भवाट्ट हेर्दा राजा वा राजवंशका कुनै हर्ताकर्तालाई यो पत्र लेखिएको अनुमान हुन्छ । तर पत्रको अन्त्यमा **इतः पन्तास्पदकृष्णदत्तशर्म्मणो दण्डवत्प्रणामास्समुल्लसन्तुतराम् ३** भनी लेखिएकोले राजा वा राजपरिवारकासँग भेट हुँदा बाहुनले प्रयोग गर्ने **स्वस्ति** जस्ता शब्द यहाँ नलेखी **दण्डवत्** लेखिएकोले यो राजालाई वा राजवंशका कसैलाई लेखेको जस्तो लाग्दैन । कृष्णदत्त पन्तले गुरुज्यूलाई लेखेको एउटा पत्र (५ सङ्ख्या)मा **श्री ६ गुरुषु दण्डवत्कोटिकोटिसाञ्जलिकप्रणामाः समुल्लसन्तुतरां** र राजगुरुलाई लेखेको अर्को पत्र (६ सङ्ख्या)मा **पन्तोपनाम्नः कृष्णदत्तशर्म्मणः साष्टाङ्गदण्डवत्प्रणामाः समुल्लसन्तुतराम्** भनी लेखिएकोले कृष्णदत्त पन्तले संस्कृतशिक्षाका हर्ताकर्ता गुरुज्यूलाई नै **सरकार** शब्दको प्रयोग गरेको हो कि जस्तो लाग्छ । राजगुरुका वंशधर प्रकाश ए. राज (२०५३:२५-२६)अनुसार कुवलयराज १९५२ देखि १९७१ सम्म वडागुरुज्यू भएका थिए । छाँटवाट यो पत्र उनैलाई लेखिएको हुनुपर्छ ।

कृष्णदत्त पन्तले लेखेका अरू २ पत्र संस्कृतमा भएका र यो पत्रचाहिँ नेपालीमा भएकोले विद्यार्थी अवस्थाका उनको संस्कृत लेख्ने राम्रो अभ्यास त्यस वेला भइसकेको थिएन कि भन्ने अनुमान हुन्छ ।

३ सङ्ख्या

रणमुक्तेश्वर, असन, मखन र ठमेलका पाठशालाका पण्डितहरूलाई पाठशाला गोस्वाराबाट वि.सं. १९५८ कार्तिक १७ गते लेखिएको पुर्जी

यस पत्रको फ्याक्सिमिलि *पूर्णिमा* १२१ पूर्णाङ्कका ४३-४४ पृष्ठमा छ ।

---

६. शुदि हुनुपर्ने ।

७.

संवत् १९५३ माघसुदि

[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	दि.मा.	चन्द्रः
[फाल्गुन] १	बु	८	१३।३१	कृ	३५।२८	ब	५।४१	वा	४५।५४	२७।२६	४४ वृ

ता.

[सन् १८९७ फेब्रुएरी] १० सं. कुम्भेर्कः ३९।५७ (बालवे) पीष्णेशुक्रः ५२।२६ पु २३।५७ (उ ५५।५८ या. भीष्माष्टमी ८

संवत् १९५३ फाल्गुनसुदि.

[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	दि.मा.	चन्द्रः
२७ सों	५	४६।८	म	४८।१०	ऐं	१९।२०	ब	१३।२७	२९।९	मे

ता.

[मार्च] ८ मैत्रे २ वक्रीशनिः ४३

(पात्रो १९५३)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपाली काँचो कागतमा बाँसको कलमले खयरको मसीले लेखिएको यस पत्रको लम्बाइ १ बित्ता ५.५ अङ्गुल र चौडाइ १ बित्ता ०.९ अङ्गुल छ ।

श्रीः १

१. स्वस्ति श्रीनेपाल् पाठ[८]साला गोस्वाराकस्य. काठमाडौतर्फका पाठसालाका तपसील्-
२. का पंडीत्हरुके पुर्जी देष[९]त्त तपसील्मा लेखीयावमोजीम्का हिसाव्संग[१०]
३. फाट् फाट् गरी [११]पढाउनु लाउनु. व्याकर्ण काव्यहरु पढाउने ठाउमा ज्योतिस्
४. गणीत् वेदहरु नपढाउनु. ज्योतिस् गणीत वेदहरु पढाउने ठाउमा व्या[१२]कर्ण
५. काव्यहरु नपढाउनु भन्या भयाको हुनाले तिमीहरुका नाउमा पुर्जी लेषी पठा-
५. याको ,छ. तस अर्थ सोवमोजीम् गर्न्या काम गर. व्याकर्ण काव्यहरु पढाउने
६. फाट्मा ज्योतीस् गणीत् वेदहरु पढाउने विध्यार्थीहरु रहेछ र [१३]ज्योतिस्
७. गणित् वेदहरु पढने फाट्मा व्याकर्ण काव्यहरु पढने विद्यार्थीहरु रहेछ
८. भन्या जुन् जु[१४]न् फाट्मा पढाउ पर्न्य हो उसै उसै फाट् फाट्का पाठसाका[१५]
९. पं[१६]डित्को जीम्मा टहलुवाको साथ [१७]लगाई पढाई दि फाराम्-
१०. मा दर्त्ता गराउनु लाउन्या कां गर.

११. तपसील्

१२. रणमुक्तेश्वर पाठसालाका पंडित हरिनीधी पाठक्ले व्याकर्ण
१३. काव्य अक्षरांक पढाउनु ——— १

सकल्बमोजीम् नकल् दुस्त[१८] छ भनि सहि गर्ने पण्डित[१९] हरिनिधि पाठक

---

८. मसी लतपतिएकोले ठ स्पष्ट छैन ।
९. कागत खरिई च्यातिएर गएकोले देषको केही अंशमा असर पारेको छ ।
१०. संगा लेखिए तापनि गाको काम्नानीमा यस्तो चिह्न दिई त्यो काटिएको छ ।
११. री र पको बीचमा लेखिएको नमा मसी दली त्यो खारेज गरिएको छ ।
१२. कागत च्यातिएर गएकोले ब्याको ब्यको धेरैजसो भाग देखिँदैन ।
१३. र र ज्योको बीचमा लेखिएको एउटा अक्षर केरिएको छ ।
१४. जु र न्को बीचमा लेखिएको एउटा अक्षर केरिएको छ ।
१५. पाठसालाका हुनुपर्ने ।
१६. पं र डिको बीचमा लेखिएको डीत् केरिएको छ ।
१७. ग र लको बीचमा लेखिएको लागी केरिएको छ ।
१८. दुरुस्त हुनुपर्ने ।
१९. २ र ३ पङ्क्तिको बीचदेखि ११ र १२ पङ्क्तिको बीचसम्म पुग्ने गरी यो लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१४. असन् पाठसालाका पंडीत सत्यप्रसाद अर्ज्यालले व्याकर्ण काव्य ग-
१५. णीत अक्षरांकहरु पढाउनु ——— १
१६. मखन् पाठसालाका पंडीत्[२०] भूवननाथ पाडेले ज्योतिस् गणी[२१]
१७. अक्षरांकहरु पढाउनु ——— १
१८. ठमेल[२२] पाठसालाका पंडीत् गंगानाथ भट्टाराईले वेद ब्राम्हण सु-
१९. क्त अक्षरांकस्मेत् पढाउनु ——— १
२०. ईती सम्वत् १९५८ साल मीती कार्तीकवदि ६ रोज ७[२३] सुभम

ठाउँठाउँका पाठशालाका पण्डितहरूले एक थोक पढाउनुपर्नेमा अर्को थोक पढाउँदा गोलमाल हुन गएकोले आफूलाई तोकेका विषय मात्र पढाउनको लागि र अक्षर र अङ्क चिनाउने कामचाहिं कुनै एक पण्डितको जिम्मामा नदिई सबैले आआफ्ना विषय पढाउनुको साथै अक्षर र अङ्क चिनाउने काम पनि गराउनको लागि यो पुर्जी काटिएको देखिन्छ। दुनियाँलाई साक्षर पार्ने उद्देश्यले जयपृथ्वीबहादुर सिंहले यही साल प्रकाश गरेको *अक्षराङ्क शिक्षा*लाई यस पुर्जीमा अक्षराङ्क शब्दले बुझाएको जस्तो देखिन्छ।[२४]

---

२०. त् र भूको बीचमा लेखिएको से केरिएको छ।
२१. गणीत् हुनुपर्ने।
२२. ला लेखी लको काम्नानी केरिएको छ।
२३.

श्रीसंवत् १९५८ आश्विनसुदि.

	[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]
[आश्विन]	३१	बु	४	४८।४४	म	४२।२	आ	१२।२५	व	१६।१५

[आ. योग] दि.मा चन्द्रः ता.
सौम्य २८।३० बृ [सन् १९०१ अक्टोबर] १६ म. १६।१५ उ. ४८।४४ या. तुलायामर्कः ४९।४० (बवे)

	[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]
[कार्तिक]	१	बृ	५	५३।१०	ज्ये	४७।४६	सौ	१३।२८	व	२७।५७

[आ. योग] दि.मा चन्द्रः ता.
कास २८।२६ ४७।४६ १७ द्वीशे वक्रीनः २१ संभोगः

श्रीसंवत् १९५८ कार्तिकवदि.

	[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]
	१७	श	६	४।३	पु	२५।५२	सा	४०।१	म	३२।१८

[आ. योग] दि.मा. चन्द्रः मि. ता.
छत्र २७।२५ ११।२८ [नोवेम्वर] २ म. ४।३ उ. ३२।१८ या. वै. प्र. ३०।३० नि. ४८।५१
(पात्रो १९५८)

२४. महेशराज पन्त २०६२:१५, ७६ सङ्ख्याको टिप्पणी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३ सङ्ख्या

मखनको पाठशालाका विद्यार्थीहरूको परीक्षासम्बन्धी वि.सं. १९५८ मार्ग ९ गतेको पुर्जी

यस पत्रको फ्याक्सिमिलि *पूर्णिमा* १२१ पूर्णाङ्कको ४५ पृष्ठमा छ।

नेपाली काँचो कागतमा बाँसको कलमले खयरको मसीले लेखिएको यस पत्रको लम्बाइ ११.८ अङ्गुल र चौडाइ ५.४ अङ्गुल छ।

यस पत्रको बाँयापट्टि किनारामा पहिलो, दोस्रो र तेस्रो पङ्क्ति ओगट्ने गरी वृत्ताकार छाप लगाइएको छ। त्यस छापको बाहिरी भाग बुट्टाले घेरिएको छ। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र सबभन्दा माथि बायाँपट्टि चन्द्र र दायाँपट्टि सूर्य छन्। चन्द्र र सूर्यको बीचमा श्रीः, त्यसभन्दा तल नेपाल पाठशाला र त्यसको तल ५८ साल लेखिएको छ।

श्री

१. स्वस्ति श्रीनेपाल् पाठ्सालाकस्य मषन पाठ्सालाका पंडित भुवननाथ पाडे-
२. के पुर्जि. उप्रांत तिम्रा पाठ्सालाका वीद्यार्थीको परीक्ष्या गर्नलाई पंडित्
३. गोपाल् पाडे मार्गबदी ४ रोज ६[२५] का दीन तेस पाठ्सालामा आउनेछन्. वी-
४. द्यार्थी महजुत् राषी परिक्षा दीन लगाउने काम् गर. ईति सम्बत् १९५८ सा-
५. ल कार्तिकसुदी १२ रोज ७[२६] शुभ्

---

२५. श्रीसंवत् १९५८ कार्त्तिकसुदि.

	[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]
[मार्ग]	१	शु	४	३२।६	मू	१०।७	धृ	२७।५३	ब	०।२२

[आ. योग] दि.मा. चन्द्रः ता.

स्थिर २६।४२ घ. [सन् १९०१ नोवेम्बर] १५ भ. ०।२२ उ. ३२।६ या. संवृश्चिकेर्कः ४२।१८ (वदे) व्य. म. २८।१९

[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]
९	श	१२	१८।३	रे	१०।४१	व्य	४६।५५	कौ	४५।१६

[आ. योग] दि.मा. चन्द्रः ता.

मी.

धाता २६।२० १०।४१ २३ मूले ३ भौमः ५० मन्वादिः १२ शनिप्रदोषः १३

श्रीसंवत् १९५८ मार्गबदि.

[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]
१५	शु	४	४०।१०	पु	४४।५३	शु	९।२३	ब	१२।१७

[आ. योग] दि.मा. चन्द्रः ता.

मि.

सुम्ब २६।६ ३०।३१ २९ तोये ३ शनिः १७ बायौ ४ राहुर्यमे २ केतुः ५१

(पात्रो १९५८)

२६. यसभन्दा अघिल्लो टिप्पणी हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४ सङ्ख्या

रानीपोखरी पाठशाला र मखनको पाठशालाका विद्यार्थीहरूको जाँचको विषयमा पाठशाला गोस्वाराबाट वि.सं. १९५९ मार्ग ८ गते लेखिएको पुर्जी

यस पत्रको फ्याक्सिमिलि *पूर्णिमा* १२१ पूर्णाङ्कको ४६ पृष्ठमा छ।

नेपाली काँचो कागतमा बाँसको कलमले खयरको मसीले लेखिएको यस पत्रको लम्बाइ ११ अङ्गुल र चौडाइ ५.७ अङ्गुल छ।

यस पत्रको बाँयापट्टि किनारामा पहिलो, दोस्रो र तेस्रो पङ्क्ति ओगट्ने गरी वृत्ताकार छाप लगाइएको छ। त्यस छापको बाहिरी भाग बुट्टाले घेरिएको छ। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र सबभन्दा माथि बायाँपट्टि चन्द्र र दायाँपट्टि सूर्य छन्। चन्द्र र सूर्यको बीचमा श्रीः, त्यसभन्दा तल नेपाल पाठशाला र त्यसको तल ५८ साल. लेखिएको छ।

<u>नेपाल् पाठ्साला गोस्वाराबाट</u>

१. मषन् पाठ्सालाका पंडीत भुवन्नाथ पांडेले पुर्जि हेरी ५९ साल मार्गसुदी ३ रोज ४[२७]

२. का दीन १० बजे रानीपोषरी पाठ्सालाका पंडीत तोयनाथ पंतका जोतिस कीलास्-

---

२७. स. १९५९ कार्तिक शुक्लः दक्षिणायणं शरदः

ग. बा. ति. घ.[प.] न. घ.[प.] यो. घ.[प.] क. घ.[प.] आ. चन्द्र. वि. ता.

[कार्तिक] ३० शा १५ ४०।४४ म २७।३० व ४२।३४ वि १३।१० ध्वांक्ष बृ. २६।४४ [सन् १९०२ नोभेम्बर]१५

म. १३।० या. व्रतपूर्णम् १५ धर्मसावर्णिमनु; ११ वृश्चिकेऽर्क ५८।१२

सं. १९५९ मार्ग कृष्ण दक्षिणायणम् हेमन्तः ॥

[मार्ग] १ र १ ३५।३४ कृ २४।१२ प ३५।१९ वा ८।९ धृव ३१।४० २६।४१ १६

संभोग; भगे ३ भौम; २०

७ शा ७ ११५० ब ०।५४ ऐ ४२।५१ व ११५० मान सिं. २६।२१ २२

कालाष्टमी ८ धनुर्विसायनार्क; ५२।२० भगे ४ भौम; ३९

८ र ९ ५४।१७ पू ५६।४१ वै ३६।५८ ते २५।५७ छत्र ०।५४ २६।१८ २३

शनिवारको दिन सप्तमी १ घडी ५० पलाउप्रान्त अष्टमी लागी आदित्यवारको दिन नवमी पर्छ।

सं. १९५९ मार्ग शुक्ल दक्षिणायणम् हेमन्तः ॥

१८ बु ३ १४।२५ पू २९।४१ गं २४।१९ ग १४।२५ श्रीव म. २६।३ [डिसेंबर] ३

म. ४६।५७ उ.

(धर्मदत्त १९५९).

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३. को वीद्यार्थीहरुलाई जाच परीक्ष्या गर्न जाने काम् गर. सो जादा तिम्रा वीद्यार्थी-
४. मध्ये जोतिस्को फल्ग्रंथ पढ्नेहरुलाई लि रानीपोषरी पाठ्सालाका पंडी-
५. त तोयनाथ पंतकाहा जाच गराउन आउने काम् गर. इति सम्बत् १९५९ साल्
६. मिति मार्गबदी ८ रोज १[२८] शुभं

५ सङ्ख्या

आफूलाई *भागवत* र व्याकरण आउँछ भनी देखाउन कृष्णदत्त पन्तले राजगुरुलाई वि.सं. १९६६ मार्ग २ गते लेखेको बिन्तिपत्र

यस पत्रको फ्याक्सिमिलि *पूर्णिमा* १२१ पूर्णाङ्कका ४७-४८ पृष्ठमा छ।

१ हात २.८ अङ्गुल लम्बा र ११.२ अङ्गुल चौडा भएको सेतो फूल्स्क्याप कागतमा यस पत्रले १ बित्ता २.४ अङ्गुल लम्बा र ९.४ अङ्गुल चौडा ठाउँ ओगटेको छ। यो पत्र पाको कालो मसीले राम्रो अक्षरमा लेखिएको छ। टाँकाको हिसाबले बाँसको कलमले यो लेखिएको जस्तो देखिन्छ।

यस पत्रमा ठाउँठाउँमा सन्धि हुने ठाउँमा सन्धि नगरिँदा यस्तो · चिह्न राखिएको छ।[२९] सन्धि गर्दा पढ्न अप्ठेरो होला भन्ने विचारले सन्धि नगरेको र त्यसलाई यसरी सङ्केत गरेको हो कि जस्तो लाग्छ।

श्रीः १

विज्ञप्तिपत्रम्

१. स्वस्ति श्रीदयासागरधर्मनिधानसदुपमानोपमेयगोब्राह्मणप्रतिपालकसकलशास्त्रस-
२. म्पन्नविद्वत्तमः[३०] श्री ६ गुरुषु दण्डवत्कोटिकोटिसाञ्जलिकप्रणामाः समुल्लसन्तुतरां.
३. श्रीमत्शरीरे[३०क] सदारोग्यं नाधामहे. विशेषतः श्रीमत्सहायेनैव एतावत्कालो यापितो-
४. ऽतः परंमपि[३१] श्रीमन्त एव किञ्च श्रीमदनुकम्यस्य[३२] ममापि प्रवेशमादृत्य उज्जीवयन्तु

२८. यसभन्दा अघिल्लो टिप्पणी हेर्नू।
२९. ३ पङ्क्तिमा – श्रीमत्सहायेनैव. एतावत्कालो, ४-५ पङ्क्तिमा – प्रवेशमादृत्य. उज्जीवयन्तु. इति, १२ पङ्क्तिमा – मुनिना. उत्तरं, १३ पङ्क्तिमा – दीयते. इति।
३०. यो अनावश्यक विसर्ग पछि थपेको देखिन्छ।
३०क. श्रीमच्छरीरे वा श्रीमच्शरीरे हुनुपर्ने।
३१. परमपि हुनुपर्ने।
३२. °कम्प्यस्य हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५. इति प्रार्थयामहे. श्रीमतामाजन्मनो गुणानुवादश्चश्च[३३]

नवमस्कन्धे

भरतस्य महत्क-

६. र्म न पूर्वे नापरे नृपाः ॥

न प्रापुर्नैव प्राप्स्यन्ति बाहुभ्यां त्रिदिवं यथा ॥ १ ॥

अत्र श्लोके द्वयो-

७. र्नकारयोर्व्यर्थापत्तिः

दशमस्कन्धे

सा देवकी सर्वजगन्निवासनिवासभूता नित-

८. रां न रेजे ॥

भोजेन्द्रगेहेऽग्निशिखेव रुद्धा सरस्वती ज्ञानखले यथा सती ॥ १ ॥

अत्र श्लोक

९. एकस्यैव दृष्टान्तेन सिद्धौ द्वितीयदृष्टान्तङ्किमर्थम्.

उत्तरार्द्धे वेदस्तुतौ च

ब्रह्मन्ब्रह्मण्य-

१०. निर्दिश्ये[३४] निर्गुणे गुणवृत्तयः ॥

कयं चरन्ति श्रुतयः साक्षात्सदसतः परे ॥ १ ॥

बुद्धीन्द्रिय-

११. मनःप्राणाञ्जनानामसृजत्प्रभुः ॥

मात्रार्थं च भवार्थं च आत्मनेकल्पनाय च ॥ २ ॥

अत्र

१२. राज्ञा किं पृष्टं. मुनिना उत्तरं किं दत्तम्. श्रीमत्पूर्वतमेन प्रपितामहेनापि भगवत्प्रतिपाद-

१३. कशास्त्रेणैव महत्वं[३५] दीयते. इति वार्ता मया श्रीकाश्यां श्रूयते. अतो विज्ञप्रयामि[३६] किञ्च

---

३३. यहाँ श्च दोहरियो । उही अक्षर दोहरिई अशुद्ध भएको उदाहरण यो हो । यस्ता अशुद्धिको विषयमा महेशराज पन्त २०५७।१४७-१४९ = § १.८.५ मा लेखिएको छ ।

३४. °निर्देश्ये हुनुपर्ने ।

३५. महत्त्वं हुनुपर्ने । द्वित्व गर्नुपर्नेमा नगरेको उदाहरण यो हो । यस्ता अशुद्धिको विषयमा महेशराज पन्त २०५७:९५ = § १.४.५ मा लेखिएको छ ।

३६. विज्ञापयामि हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१४. धनञ्जये हाटकसंपरीक्षा महारणे शस्त्रभृतां परीक्षा ॥
विपत्तिकाले गृहिणीपरीक्षा

१५. विद्यावतां भागवते परीक्षा ॥ १ ॥

व्याकणे[३७] च प्रत्ययस्थात्कात्पूर्वस्यात इदाप्यसुप इत्य-

१६. स्मिन्सूत्रे पूर्वग्रहणाभावे पञ्चम्यन्तपरिभाषया परस्य स्यादिति हेतोः पूर्वग्रहणङ्-

१७. तं तत्तु तपरकरणादेव पञ्चम्यन्तपरिभाषोपस्थितिर्न भवति. अतः किमर्थ पूर्वस्य

१८. इति मत्सदृशा लम्बरवन्तो व्याख्यां कुर्वन्तु ———————————

———————————————————————

१९. इतः सदा भवत्सेवकदयापात्रशुभचि-

२०. न्तकभिक्षुकपन्तास्पदकृष्णदत्त-

२१. शर्मणः प्रणामाः सन्तु ——— ——— ———

२२. इति सम्बत्[३८] १९६६ मार्गशीर्ष २ गते रोज ४[३९] शुभं मङ्गलमस्तु ——— ———

उल्था

श्री १

बिन्तिपत्र

स्वस्ति श्रीदयासागर, धर्मनिधान, सदुपमानोपमेय (दाँजिने पदार्थ र जुनसँग त्यो दाँजिन्छ दुवै असल भएको), गाई र ब्राह्मणका प्रतिपालक, सबै शास्त्रले युक्त भएका, विद्वान्हरूमा श्रेष्ठ श्री ६ गुरुमा दण्डवत् र कोटिकोटि साञ्जलिक प्रणाम धेरै चम्किऊन्। हजुरको गाथमा सधैं आराम होओस् भनी चिन्ता गर्छु।[४०] खास गरी हजुरको सहायताले नै यति समय बिताइयो। यसपछि पनि हजुर नै [आधार भइबक्सन्छ]। फेरि अर्को कुरा। हजुरबाट दया गरिनुपर्ने मेरो पनि प्रवेशको आदर गरिबक्सी जियाइबक्स्योस् भनी प्रार्थना गर्छु र जन्मभर हजुरको गुण-कीर्तन पनि [गर्छु]।

———————————————

३७. व्याकरणे हुनुपर्ने।

३८. संवत् हुनुपर्ने। यस विषयमा माथि ५ सङ्ख्याको टिप्पणी हेर्नू।

३९. संस्कृतमा लेखेको पत्रमा वार बुझाउन भाषामा चलेको, फारसीको रोज लेखेको चाखलाग्दो छ।

४०. मूलमा नाघामहे छ। यसको अर्थ मलाई लागेन। चिन्ता गर्छु भनी प्रसङ्ग मिलाउन मैले लेखेको हुँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[*भागवतको*] नवम स्कन्धमा

भरतस्य महत् कर्म न पूर्वे नापरे नृपाः ।
न प्रापुर्नैव[४१] प्राप्स्यन्ति बाहुभ्यां त्रिदिवं यथा ॥[४२]

[२०।२९]

यस श्लोकमा दुइटा नकारको व्यर्थापत्ति छ ।

[*भागवतको*] दशम स्कन्धमा

सा देवकी सर्वजगन्निवासनिवासभूता नितरां न रेजे ।
भोजेन्द्रगेहेऽग्निशिखेव रुद्धा सरस्वती ज्ञानखले यथा सती ॥[४३]

[२।१९]

यस श्लोकमा एउटै दृष्टान्तले पुग्नेमा दोस्रो दृष्टान्त किन ।

[*भागवतको*] उत्तरार्धमा वेदस्तुतिमा पनि

ब्रह्मन् ब्रह्मण्यनिर्देश्ये निर्गुणे गुणवृत्तयः ।
कथं चरन्ति श्रुतयः साक्षात् सदसतः परे ॥
बुद्धीन्द्रियमनःप्राणान् जनानामसृजत् प्रभुः ।
मात्रार्थं च भवार्थं च आत्मनेऽकल्पनाय च ॥[४४]

[१०।८७।१-२]

यहाँ राजाले के सोधे, मुनिले के उत्तर दिए ।

हजुरका वक्तव्य पनि भगवत्प्रतिपादकशास्त्र (*भागवत*)द्वारा नै महत्त्व दिइवक्सन्यो भन्ने कुरा मैले काशीमा सुनें । यस कारण म के बिन्ति चढाउँछु । फेरि अर्को कुरा ।

---

४१. पाठान्तर? – नैवापुर्नैव ।

४२. जसरी दुइ हातले स्वर्ग [छुन सकिँदैन, त्यसै गरी] भरतको ठूलो काम[को तह]मा न उहिलेका राजा पुगे, न पछिका राजा पुग्लान् ।

४३. सारा संसारको वास भएकाको [पनि] वास भएकी, भोज[वंश]मा श्रेष्ठ (कंस)को घरमा थुनिएकी ती देवकी छोपिएको बत्तीको लप्का जस्तै भएर र दुर्जनमा विद्या जसरी सुहाउँदैन, त्यसै गरी उति सुहाइनन् ।

४४. हे ब्राह्मण बोल्याएर देखाउन नसकिने, सत् र असत्देखि पर भएको, निर्गुण ब्रह्ममा गुणवृत्ति भएका वेदहरू कसरी साक्षात् प्रतिपादन गर्छन् ।
विषयभोगको लागि, जन्मको लागि, जुनी फेर्नको लागि र मोक्षको लागि ईश्वरले मानिसहरूका बुद्धि, इन्द्रिय, मन र प्राणको सृष्टि गर्नुभयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धनञ्जये हाटकसंपरीक्षा महारणे शस्त्रभृतां परीक्षा ।
विपत्तिकाले गृहिणीपरीक्षा विद्यावतां भागवते परीक्षा ॥[४५]

व्याकरणमा पनि

प्रत्ययस्यात् कात् पूर्वस्यात इदाप्यसुपः ।[४६]

[*अष्टाध्यायी* ७३।४४]

यस सूत्रमा पूर्वग्रहणाभावमा पञ्चम्यन्तपरिभाषाले परस्य स्यात् भन्ने कारणले पूर्वग्रहण गरियो । त्यो त तपर गर्नाले नै पञ्चम्यन्तपरिभाषाको उपस्थिति हुँदैन । यस कारण किन पूर्वस्य भनेको । म सरहका लम्बरीहरू व्याख्या गरून् ।

हजुरको सेवक, दयापात्र, शुभचिन्तक, भिक्षुक, पन्त थर भएका कृष्णदत्त शर्माका प्रणाम यहाँबाट सधैं होऊन् ।

इति संवत् १९६६ मार्ग २ गते रोज ४ ।[४७] शुभमङ्गल होओस् ।

वि.सं. १९६६ को यो पत्र गुरुलाई लेखेको हो भन्ने त स्पष्टै छ । तर कुन गुरुलाई लेखिएको हो भन्ने कुरा ठम्याउनुपरेको छ । तल दिइने, ६ सङ्ख्याको पत्रमा जस्तो **श्रीषट्कालंकृताः श्रीमन्तो राजगुरवो** (श्री ६ राजगुरु) जस्ता शब्द यहाँ नपरी **श्री ६ गुरुषु** (श्री ६ गुरुमा) लेखिएकोले यो पत्र राजगुरुलाई नै लेखिएको हो भनी ठोकेर भन्न सकिन्न । किनभने आफ्ना गुरु (विद्या वा मन्त्रदान गर्ने वा मान्यजन)को नाउँको अगाडि **श्री ६** लगाउने पुरानो चलन छ ।[४८] यसो भए तापनि श्री ५ का गुरुलाई **श्री ६** ले

---

४५. आगोमा सुनको परीक्षा हुन्छ । ठूलो लडाईंमा हतियार भिर्नेको परीक्षा हुन्छ । विपत्तिमा स्वास्नीको परीक्षा हुन्छ । *भागवत*मा विद्वान्हरूको परीक्षा हुन्छ ।

४६. प्रत्ययमा रहेको **क**कारमन्दा अगाडि रहेको **अ**कारको ठाउँमा **इ**कार आदेश हुन्छ आप् पर भएमा, त्यो आप् सुप्मन्दा पल्तिर छैन भने ।

४७. सं. १९६६ कार्तिकशुक्ल दक्षिणायनम् हेमन्त ॥

| | | |

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बुझाउने चलन भएकोले यो पत्र आफ्ना निजी गुरुलाई नलेखी राजगुरुलाई नै लेखिएको हो भनी भन्न नसकिने पनि होइन ।

कुवलयराज वि.सं. १९५२ देखि १९७१ सम्म बडागुरुज्यू थिए भन्ने कुरा माथि परिसकेको छ । हनुरका बराज्यू पनि भगवत्प्रतिपादकशास्त्रद्वारा नै महत्त्व दिइवक्सन्थ्यो भन्ने कुरा मैले काशीमा सुनें भनी यहाँ लेखिएकोले कुवलयराजका बराज्यू नागेश्वर पण्डित[४९]को सन्दर्भ दिएको जस्तो लाग्छ । त्यस वेला संस्कृतशिक्षा कुवलयराजको मातहतमा भएकोले यो पत्र उनलाई नै लेखिएको हुनु धेरै सम्भव छ । अर्कोतर्फ वि.सं. १९५९ को कोटिहोममा हर्ताकर्ता भइसकेका हेमराज (वि.सं. १९३५-२०१०)लाई नै यो पत्र लेखेको हो कि भन्न मन लाग्छ । त्यसो हो भने बराज्यू भनेर नागेश्वरका छोरा बडागुरुज्यू विजयराज[५०] (वि.सं. १८६२-१९३५)[५१]को सन्दर्भ दिएको हुनुपर्छ ।

आफूमा विशिष्ट ल्याकत भएको धारणा कृष्णदत्त पन्तको भएको कुरा यस पत्रबाट स्पष्ट झल्कन्छ । कृष्णदत्त पन्तले कोटिहोमको टिकट पाऊँ भनी गुरुज्यूलाई लेखेको पत्र (६ सङ्ख्या)बाट गुरुज्यूले उनलाई खास अनुग्रह नगरेको र खालि झुलाउने काम मात्र गरेको भाव उनको मनमा खेलेको स्पष्ट बुझिन्छ । यही भाव उग्र भएर गएकोले नै होला, कृष्णदत्त पन्तको जागीर छुटेको ।[५२]

श्रीशब्दद्वयमेव लेख्यमहितग्रामे चतुष्कं श्रियां
मित्रे श्रीश्रयमेव देयमनिशं ह्रीकं स्वपुत्रस्त्रियोः ॥

(*प्रशस्ति-रत्नावलि* २० श्लोक = नयनाथ पौड़ेल २०२२:९)

(जान्ने मानिसले गुरुलाई लेख्दा छ वटा श्री लेख्नू । राजालाई लेख्दा पाँचवटा श्री लेख्नू । आफ्ना कामदारहरूलाई लेख्दा दुइवटा श्री लेख्नू । शत्रुलाई लेख्दा चारवटा श्री लेख्नू । साथीलाई लेख्दा तीनवटा श्री लेख्नू । स्वास्नी छोराछोरीलाई लेख्दा एउटा श्री लेख्नू ।)

(नयनाथ पौडेल २०२२:४३)

तल ७ सङ्ख्याको पत्रमा आफ्नी सौतेनी आमाका बाबुको नाउँअगाडि श्री ६ लगाउनु ।

४९. यस नाताको लागि प्रकाश ए. राज २०५३:४८ हेर्नू ।

५०. यस नाताको लागि उही हेर्नू ।

५१. दिनेशराज पन्त २०५८:९७-१०० ।

५२. कृष्णदत्त पन्तका छोरा नयराज पन्तबाट थाहा भएअनुसार भनी वि.सं. १९७१ तिर कृष्णदत्त पन्त रानीपोखरी-संस्कृतपाठशालामा अध्यापकहरूबीच वेतनका सम्बन्धमा भएको मतभेदका कारण जागिर छोडी गोर्खा गएका थिए* भनी अलका शर्मा (चालिसे) (२०५७:४)ले लेखेकी छिन् । बुबाले भने मेरा पितानीको जागीर खोसियो तथा केही कालपछि वि.सं. १९७१ माघ २७ गते उहाँको स्वर्गवास भयो (नयराज पन्त २०३१:२३९) भनी लेख्नुभएको छ । संस्कृतशिक्षाविभागका हाकिम तात्कालिक बडागुरुज्यू कुवलयराजको अनुग्रह नपाउँदा मेरा बाजे [कृष्णदत्त पन्त]को जागीर खोसिएको थियो भन्ने मैले सुनेको हो (महेशराज पन्त २०५९:ग पृष्ठ) । पं. कृष्णदत्तलाई रोगले समात्यो । पढाइरहेको पेशा पनि पढाउन नसक्नाले र तत्कालीन बडागुरुज्यू कुवलयराजको अनुग्रह नरहनाले पनि पाएको जागिर छुट्न गयो भनी राजाराम सुवेदी (लेखोट:३०३)ले लेखेका छन् ।

---

* त्यहाँ प्रूफको गल्तीले निए छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

६ सङ्ख्या

कृष्णदत्त पन्तले कोटिहोमको टिकटको आशा गरी राजगुरुलाई लेखेको बिन्तिपत्र

यस पत्रको फ्याक्सिमिलि *पूर्णिमा* १२१ पूर्णाङ्कको ४९ पृष्ठमा छ।

एकातिर हरिताल लाएको, नेपाली पाको कागतमा पाको कालो मसीले लेखिएको यस पत्रको लम्बाइ १०.५ अङ्गुल र चौडाइ ४.७ अङ्गुल छ। टाँकाको हिसाबले बाँसको कलमले यो लेखिएको जस्तो देखिन्छ।

श्री १

१. विज्ञप्तिपत्रम् ————————

२. अथोदन्तो भो श्रीषट्कालंकृताः श्री-

३. मन्तो राजगुरवो राजकीयकोटिहोमे-

४. षु मादृशा बहवो द्विजाः प्राप्तश्रीमत्कृ-

५. पाकटाक्षा निमन्त्रिता आसन्नहमे-

६. कोनुपन्नः[५३] श्रीमच्चरणैकावलम्ब्यवशि-

७. ष्टोस्मीति सविनयं प्रार्थये. तत्रास्तु ममा-

८. पि संनिवेश इति. गतकोटिहोमेपि त्व-

९. या पाठशालीयाः पण्डितेतरछात्रा[५४]श्चा-

१०. ध्यापयितव्याः कालान्तरे प्राप्स्यसीति श्री-

११. मदुक्तिवशम्वदेन[५५] मया पूर्वमपि नाप्तं

१२. तत्कर्म अतोस्मिन्नवश्यं सानुकम्पैः श्री-

१३. मद्भिर्भवितव्यमिति बहुीं ममाभ्यर्थ-

१४. नां सदये हृदये निधाय दीनतर-

१५. स्य ममाशा पूरणीयेति विज्ञापकस्य

---

१६. पन्तोपनाम्नः कृष्णदत्तशर्म्म-

१७. णः साष्टाङ्गदण्डवत्प्रणामाः समु-

१८. ल्लसन्तुतराम् मङ्गलशुभमस्तु

---

५३. °कोनुपपन्नः हुनुपर्ने। उही अक्षर दोहरिँदा एउटा अक्षर छुटेको उदाहरण यो हो। यस्तो अशुद्धिको विषयमा महेशराज पन्त २०५७।१४०-१४३ = § १.८.१ मा लेखिएको छ।

५४. इतरपण्डितच्छात्रा° लेखिएको भए राम्रो हुन्थ्यो कि।

५५. वशंवदेन हुनुपर्ने। यस विषयमा माथि ५ सङ्ख्याको टिप्पणी हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उल्था

श्री १

बिन्तिपत्र

अब खबर ।

हे श्री ६ राजगुरु

राजकीय कोटिहोमहरूमा हजुरको कृपाकटाक्ष पाएका म जस्ता धेरै ब्राह्मणले निम्ता पाएका थिए । हजुरको चरणको मात्र भर पर्ने म एकजना मात्र [त्यसमा] नपरी बाँकी रहेको छु । त्यहाँ मेरो पनि समावेश होओस् भनी विनयपूर्वक प्रार्थना गर्छु । गएको कोटिहोममा पनि तिमीले पाठशालाका अरू पण्डितका विद्यार्थीहरूलाई पनि पढाउनुपर्छ, कालान्तरमा पाउनेछौ भनी आज्ञा हुने हजुरको भनाइको वशमा परेको मैले पहिले पनि त्यो काम पाइनँ । यस कारण यसमा हजुरले अवश्य दया गरिबक्सनुपर्छ भनी मेरो धेरै अभ्यर्थनालाई दयालु मनमा राखेर अरूभन्दा धेरै दुःखी मेरो आशा पूरा गर्नुपर्छ भनी बिन्ति गर्ने, पन्त थर भएका कृष्णदत्त शर्माको साष्टाङ्गदण्डवत् प्रणाम धेरै चम्किऊन् । मङ्गल शुभ होओस् ।

बेमितिको यो पत्र कहिले लेखियो भनी निर्णय गर्न मलाई हम्मे परेको छ । वि.सं. १९५३ मा विद्यार्थीको रूपमा देखिएका कृष्णदत्त पन्त यस वेला अध्यापक भइसकेका देखिन्छन् । चन्द्रशमशेरको पालामा कमसेकम वि.सं. १९५९ मा, १९६३ मा[५६] र १९६७ मा[५७] कोटिहोम भएको देखिन्छ । शिवराज आचार्य कौण्डिन्न्यायन (२०५५:२५, ४७५ प्रश्नसङ्ख्या)अनुसार तिनतिन वर्षमा कोटिहोम गर्ने परम्परा तोड्ने राणाशासक जुद्धशमशेर (शासनकाल वि.सं. १९८९-२००२) भएकाले कृष्णदत्त पन्तको जागीरको अवधिभर अरू एकदुइपटक कोटिहोम भएको देखिन आउँछ । यस कारण कहिले यो पत्र लेखियो, यो कुरा ठोकेर भन्न अहिले सकिँदैन ।

यो पत्र राजगुरुलाई लेखेको हो भन्ने त स्पष्टै छ । तर कुन गुरुज्यूलाई लेखिएको हो भन्ने कुरा ठम्याउन गाह्रो छ । कुवलयराज वि.सं. १९५२ देखि १९७१ सम्म बडागुरुज्यू भए तापनि यी कोटिहोमको

---

५६. काशीनाथ आचार्य दीक्षित (२०३१:२४२) मा वि.सं. १९५९ र १९६३ को कोटिहोमको चर्चा छ । हेमराज शर्माको डायरी (ज्ञानमणि नेपाल २०५७:५८-५९)अनुसार वि.सं. १९६३ मा भएको कोटिहोम वैशाख २४ गते शुरू भएको थियो ।

५७. नेपालीभाषाप्रकाशिनी समिति २००५:१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बन्दोवस्त उनका जेठा बाबुका नाति[५८] हेमराजको मातहतमा[५९] भएकोले यो पत्र हेमराजलाई लेखिएको हो कि भन्ने अनुमान हुन्छ ।

७ सङ्ख्या

कृष्णदत्त पन्त परलोक भएको कुरा लेखिएको वि.सं. १९७१ माघ २९ गतेको पत्र

यस पत्रको फ्याक्सिमिलि *पूर्णिमा* १२१ पूर्णाङ्कका ५०-५१ पृष्ठमा छ ।

नेपाली काँचो कागतमा बाँसको कलमले खयरको मसीले लेखिएको यस पत्रको लम्बाइ १ बित्ता १० अङ्गुल र चौडाइ १०.१ अङ्गुल छ ।

श्रीः १

१. तपाजीले पठायाको चीठी येही
२. माघ १५ गतेमा दाखीला भयेको थी-
३. यो. बाबा वीरामी भयाकाले जवा-
४. फ़ लैषन र आउनस्मेत् नपा-
५. याको हो. अबा° ताहाको सीछाअ
६. अर्ती आपछि आउला.

---

५८. कुवलयराज र हेमराजको नाताको लागि प्रकाश ए. राज २०५३:४८ हेर्नू ।

५९. वि.सं. १९५९ र १९६३ मा भएका कोटी होमहरूको बन्दोवस्त सब श्री माहिला गुरूनिवाट गरी बक्सनाले भनी काशीनाथ आचार्य दीक्षित (२०३१:२४२)ले लेखेका छन् । हेमराजको डायरीमा वि.सं. १९६३ को कोटिहोमको बयान छ (ज्ञानमणि नेपाल २०५७:५८-५९) । वि.सं. १९६७ को कोटिहोमका ब्राह्मणमध्ये एक देवीदत्त पराजुली त्यस कोटिहोमको साङ्गोको दिन श्री ३ चन्द्रशमसेरकहाँ दर्शनभेट गर्न जाँदा खाली हात जानु नहुने हुँदा माहिला गुरुज्यू हेमराज पाण्डेले देवीदत्तको हातमा एउटा सुन्तलाको दाना राखिदिए भनी भूपहरि पौडेल (२०५१:२८५)ले लेखेका छन् । यताबाट वि.सं. १९६७ को कोटिहोम पनि हेमराजकै मातहतमा भएको देखिन्छ ।

६०. हो र ताहाको तांको बीचमा तिनको खुट्टाभन्दा तल x चिह्न दिई ४ र ५ पङ्क्ति बीचको खाली ठाउँमा ताको ठीक माथि पर्ने गरी अब थपिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यो पत्रवालाहस्ते पठायाको फेर पर्दैन. भरपाई छ[६१]

१. स्वस्ति श्रीसर्वोपमाज्योग्येर्त्यादीसकलगणगरिष्ट-
२. ब्रह्मकर्मवेदभारसामर्थ ईत श्री ६ बुढाबाबा भूवनाथ
३. पाडे पंन्नीतकै म अनाथ बालष् कासीप्रसाद पंत पं-
४. न्डीत्को कोठी ३ डंडवोत्. उप्रान्त येहि माघ २७ गते रो-
५. ज ३ का अंनाजी ६।७ घडी रात जादा[६२] बाबा परलोग्
६. हुनुभो. म ञाहा काजकृया गर्न लाग्येको छु. ताहा
७. आमाले गर्नुपन्या[६३] काम् [६४]गर्न लगाईदीनुहोला.
८. दैवईछ्या येस्तै रहेछ. ञाहा आर्को मानीस को-
९ ही छैन. तोयानाथ पन्नीत्का घर १ थान् नैन-
१०. सुत् छ. सोस्मेत् मागी येही पत्रवालाहस्ते पठाई-
११. दीनुहोला. ञाहा षर्च गर्नालाई दाम् छैन. षोज-
१२. दा घूउषानी भन्छन्. तैपनि बषत्मा नपाईन्या
१३. हुनाले झीझो लेष्याको छु. षर्च गर्नालाई तपाञी-
१४. का तजबीजले जो चाहीन्या दाम् पठाईदीनुहो-

---

६१. २ पङ्क्तिदेखि १४ पङ्क्तिसम्म ओगट्ने गरी यो पङ्क्ति लेखिएको छ ।

६२. संवत् १९७१ फाल्गुनकृष्णः सिल्लागा...

[गते] [वार] [तिथि] [घडी पला] [नक्षत्र] [घडी पला] [योग] [घडी पला] [करण] [घडी पला] [आ. योग]

[माघ] २७ मं १० २६।१ ज्ये ३८।१८ ब्या २२।४४ व ५३।२५ मुद्ग

[चन्द्रमाको राशि घ.प.] [दिनमान] [सूर्योदय घण्टा] [तारीख]

वृ

३८।१८ २७।२१ ६।३२ [फेब्रुअरि सन् १९१५] ९ भ २६।१ या

[गते] [वार] [तिथि] [घडी पला] [नक्षत्र] [घडी पला] [योग] [घडी पला] [करण] [घडी पला] [आ. योग]

२८ बु ११ २०।५० मू ३४।५६ ह १५।२५ कौ ४८।३३ ध्वज

[चन्द्रमाको राशि घ.प.] [दिनमान] [सूर्योदय घण्टा] [तारीख]

ध २७।२४ ६।३१ १० विजया ११ (शु. चं. युतिः२७)

[गते] [वार] [तिथि] [घडी पला] [नक्षत्र] [घडी पला] [योग] [घडी पला] [करण] [घडी पला] [आ. योग]

२९ बृ १२ १६।१७ पू ३२।१५ व ८।३५ ग ४४।२३ धाता

[चन्द्रमाको राशि घ.प.] [दिनमान] [सूर्योदय घण्टा] [तारीख]

ध

४७।४२ २७।२७ ६।३१ ११ बक्रीज्ञः८ पश्चिमास्तोगुरुः ५३

(तोयनाथशर्मणामन्तेवासी १९७१)

६३. गर्नुपर्न्या हुनुपर्ने ।

६४. म् र गको बीचमा लेखिएको यस्तो [illegible] अक्षर पढ्न सकिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१५. ला. अंषरा १ ताबाको ताप्के १ डाडुपनु २ ताउलो.१
१६. थाल् १ कचैरा[६५] १ आरि १ पंचपात्रो १ येती न-
१७. भै भयेन. पठाईदीनुहोला. दर्जाअंसार [६६]तपाञी-
१८. हाम्रो ईजत नजावोस्. येती माल्दाम् पठायाको
१९. छु भनी जो पठायाको माल्दाम्कोको[६७] त्सील ची-
२०. ठीमा लेषी येही पत्रवाला[६८] जीम्मा गरि पठाईदीया जाहा
२१. दाषील हुंछ. फेर पदैन. काम् संजनि होवोस्. ई-
२२. जत नजावोस्. उच्नीच् भयाका कुरा संझी पठाईब-
२३. क्सीयेला. कीं वद्विकं ७१ माघ २९ गते रोज ५[६९] शुभम्

८ सङ्ख्या

कृष्णदत्त पन्तको श्रीसम्पत्तिको लगत (वि.सं. १९७२ वैशाख २ गते लेखिएको)

यस पत्रको फ्याक्सिमिलि *पूर्णिमा* १२१ पूर्णाङ्कका ५२-५७ पृष्ठमा छ।

नेपाली काँचो कागतको ३ ताउ गाँसी बाँसको कलमले खयरको मसीले लेखिएको यस लगतको लम्बाइ २ हात १ बित्ता ९.६ अङ्गुल र चौडाइ ११.६ अङ्गुल छ।

श्री १

श्रीकृष्णदत्त पन्त गोर्षा पाडेगाउ[७०]

१. लीषितम. पछि २ नम्बर ईलाका गोर्षा धुवाकोट् पाडेगाउं बष्ने वर्षा २१ को का-
२. सिप्रसाद पन्त. आगे येहि गयेको ७१ साल माघ मैन्हामा मेरा बाबा कृष्णद-
३. त्त पन्त परलोक भयाको हुनाले हामि अंसियार भाई नयेराज पन्त सानी-
४. आमा येग्येप्रिया पन्त्यानीस्मेत ३ अंसियार भयाको हुनाले तपाई सा-
५. नीआमाबाट अब हामि सग बसि मिलन सकदैनौ. जो भयेको श्रीसंपती
६. घरषेत दोपायाचौपाया ज्ये जति छ येति हो भंने षसोषास घट्टीबढी
७. नपारी तायेदाति पनि देउं हामि आमाछोराको अंश पनि छुट्याईदेउं भं-

६५. कचौरा।
६६. र र तको बीचमा लेखिएको एउटा अक्षर केरिएको छ।
६७. माल्दाम्को हुनुपर्ने। उही अक्षर दोहरिई हुने अशुद्धिको विषयमा माथि ३३ सङ्ख्याको टिप्पणी हेर्नू।
६८. येहीको ही र जीम्माको जीको बीचमा तिनको खुट्टाभन्दा तल यस्तो x चिह्न दिई १९ र २० पङ्क्तिको बीचको खाली ठाउँमा तिनै दुइ अक्षरको बीचमा पर्ने गरी पदेखि लेख्न थालिएको छ र थपिएको पत्रवाला त्यही पङ्क्तिको गरिको गको माथिसम्म पुगेको छ।
६९. माथि ६२ सङ्ख्याको टिप्पणी हेर्नू।
७०. २ पङ्क्तिदेखि १० पङ्क्ति ओगट्ने गरी यो पङ्क्ति लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

८. दा मेरो चीत्त वुझ्यो. बाबा कृष्णदत्तको जो भयेको श्रीसंपति घरषेत जगा-
९. जमिन सुनाचादी भाडाबरतं लत्ताकपडा पुस्तकपात्र कसंतसन् साहु-
१०. असामि भयभरको तायेदाति तपसिलमा लेषीदियेको छु. येसभंदा वडी
११. दवाई छपाई राषेको छैन. कालकला मैले दबाई राषेको ठह्र्यो भने अैनवमो-
१२. जिम भाईसानिआमाहरुले येकलौटी षानु भनी मेरा मनोमान षुसिरा-
१३. [७१] जिसंग तायेदातिको कागज लेषि दिञा. येस बाटको साछी फटके कीना-
१४. राको मानीसहरु सदर ———— ———— ————
१५. तपसिल

साछी बसी सहीछाप गर्ने
१. स्ही पंडीत् पुरुषोत्तम् पन्त प्यूषाटोल् —— ——
२. स्ही करुणनीधी पाडे घर गोर्षा धुवाकोट् पाडेगार्उ
३. स्ही पुणमान श्रेष्ट माहाबौध

१६.	मोर्रु १।१२ तीरो लागेको		पाहाड्को कची घर ————	१
१७.	थापाटारको पाषो जगा	१	मोरु २० संम मोलीने गोरु	
१८.	चादी तोला ————	८८।६	२ के हल ————	१
१९.	सुन मासा ————	।९	नगदी मोहर्रु साट् सये य-	
२०.	असामि उपर भै आयाप-		कासि रुपैञा चालिस पै-	
२१.	छी बाड्नुपर्ने ज्मा मोरु	७८७।	सा ————	७८१।४०
२२.	१९६९ साल आश्वी-		पुराना राजाहरुका मोहर थां	१५
२३.	ण १६ गते ३[७३] का मि-		**हाम्रा पाहाड्का घरमा रहेको**	
२४.	तिको पं. वीष्णुहरी-		तामाको कुडीया ————	१
२५.	का नाउको तमसुक		षुर्पा ————	१
२६.	१ को मोरु ————	४०१।	पितले लोटा ————	२

७१. १३ र १४ पङ्क्ति छुने गरी बार्यां किनारामा पुरुषोत्तम पन्तको नाउँवतनअगाडि छाप लगाइएको छ। त्यस छापमा बार्यांपट्टि चन्द्र र दार्यांपट्टि सूर्य छन्। चन्द्र र सूर्यको बीचमा विष्णुपादुका छ। त्यसभन्दा तल श्रीपुरुषोत्तम र त्यसको तल ६३ लेखिएको छ।

७२. १५ पङ्क्तिदेखि ३६ पङ्क्तिसम्म ओगट्ने गरी साक्षीका नाउँवतन लेखिएका छन्।

७३. संवत् १९६९ भाद्रशुक्लः (ञंलाध्व) रक्ताक्षः दक्षिणायनं शरदृतुः ...

[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ. योग]
[आश्विन] १	सो	६	५२।२९	वि	९।२८	वि	५३।१	कौ	२२।३४	मित्र

[चन्द्रमाको राशि घ.प.] [दिनमान] [तारीख]

वृ. ३०।३३ [सन् १९१२ सप्टेंबर] १६ कन्यासंक्रांतिः १४।५७ वक्री शनिः ०
(वक्रीदृश्यशनिः) ३७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२७.	१९६८ साल आषा-	चुलेसि ———	१
२८.	ड १ गते ५[७४] का मिती-	तावाको आरी ———	२
२९.	को पं. धर्मदत्त अ-	पसानी ———	१
३०.	चार्जका नार्उको त-	दुलौटे[७५] करुवा ———	१
३१.	मसुक १ के ——— ४१।		
३२.	१९६९ साल ज्येष्ठ	वधान ———	१
३३.	२ गते ३ का[७६] मिति-	काको[७७] थाल ———	१
३४.	को सेरबाहादुर जो-	पीतले पनीउ ———	१
३५.	गि कवरको धीतो	कासको डबका ———	१

संवत् १९६९ आश्विनकृष्णः (पितृपक्षः) (अंनागा) रक्ताक्षः दक्षिणायनं. शरदृतुः ...

[गते] [वार] [तिथि][घडी पला] [नक्षत्र][घडी पला] [योग][घडी पला] [करण] [घडी पला] [आ.योग]

१६ मं ५ २४।५६ कृ ३।२२ सि ३९।३३ ग ५३।४ गद

[चन्द्रमाको राशि घ.प.][दिनमान] [तारीख]

वृ. २९।३२ १ अक्टोबर १० (शनिचंद्रयुतिः १७)

(तोयनाथशर्मणामन्तेवासी १९६९)

७४. ॥ आषाढकृष्णपक्षः ॥ श्रीसंवत् १९६८ शाके १८३३ नेपालिसंवत् १०३१

गते वा. ति. घ.प. न. घ.प. यो. घ.प. क. घ.प. योग दि.मा. चन्द्रः ता.

घ.

[ज्येष्ठ]३२ बु २ १।५९ पू १९।११ मं ५१।५६ ग १।५९ श्रीव ३४।१३ ३५।३१ [जून सन इसवी १९११] १४

म. ३४।१९ मिथुनेऽर्कः ५२।२९ उमायां ४ भौमः ४३ ब्राह्मे ३ बः ३०

[आषाढ]१ बृ ३ ६।४ उ २४।३३ ऐं ५२।१२ वि ६।४ सौम्य ३४।१५ म. १५

ज. ६।४ या. संभोग० वै.प्र. २५।० नि. ४४।५६

(पात्रो १९६८)

७५. डलौटे हुनुपर्ने ।

७६. संवत् १९६९ ज्येष्ठकृष्णः (बछनागा) रक्ताक्षः उत्तरायणं. वसन्तर्तुः ...

[गते] [वार] [तिथि][घडी पला][नक्षत्र] [घडी पला] [योग] [घडी पला] [करण] [घडी पला] [आ. योग]

[ज्येष्ठ]१ सो ११ ०।४५ उ २५।४४ वि १२।२३ कौ ३१।० गद

[चन्द्रमाको राशि घ.प.] [दिनमान] [तारीख]

मी. ३३।१६ [सन १९१२ मे] १३ सं. वृषेऽर्कः ४२।१० अपरा ११

[गते] [वार][तिथि] [घडी पला] [नक्षत्र] [घडी पला][योग][घडी पला] [करण] [घडी पला] [आ. योग]

२ मं १२ १।१५ रे २७।२४ प्री १०।५ ग ३०।५२ शुभ

[चन्द्रमाको राशि घ.प.] [दिनमान] [तारीख]

२७।२४ ३३।१९ १४

(तोयनाथशर्मणामन्तेवासी १९६९)

७७. कासको हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३६.	च्येपते सुं र कंपनी		फलामे दाउ	१
३७.	१५ को माला १ स्मे-		ढलौटे पानस	१
३८.	[७८] तको तमसुक १ को		फलोम[७९] भटेरो पनेउ	१
३९.	रु	३५।.	तामाको ताउली	१
४०.	१९७० साल बैसाष		पितले तसला	३
४१.	१२ गते ५[८०] का मिति-		तामाको मानुपाथी	२
४२.	को गोरे गुरुंका ना-		कोदाली	२
४३.	उं चेपते सुन् धीतो		ढलौते कचौरा	१
४४.	दी लीयाको तमसु-		तामाको दीयो	२
४५.	क १ को रु	५०।.	बंचरो	१
४६.	गौरीलाल पाडले[८१]		तामाको थाली	२
४७.	माल धीतो राषी		पंचपात्रोआचमनी	२
४८.	कर्जा लीयाको मो-		तामाको पात	१
४९.	रु	१५।.	फलामे ताई	१
५०.	सेते राना मगरसं-		ऐंठरौऐ	१
५१.	ग लीनुपर्ने रु	१०।.	बंदुक	१
५२.	गंभीरसिं राना म-		**पं. त्वोयनाथका घरमा**	
५३.	मगरसंग[८१क] लीनुप-		**रहेको**	
५४.	र्ने रु	१०।.	ठुलो ताउलो	१

१. गोर्षा धुवाकोट् छेरेकगाउँ बष्ने सेरबाहादुर थापा मगर — १
२. स्ही लेषक प्यूषा न्हुवाहाल बष्ने नासु. नारायणप्रसाद कर्माचार्ज्यें — १[८२]

७८. ३८ पङ्क्तिदेखि ४० पङ्क्तिसम्म छुने गरी बायाँ किनारामा सेरबहादुर थापा मगरको नाउँवतनअगाडि औंठाछाप लगाइएको छ ।

७९. फलामे हुनुपर्ने ।

८०. सं. १९७० चैत्रशुक्ल उत्तरायणम् वसन्तः ॥

	ग.	बा.	ति.	घ.[प.]	न.	घ.[प.]	यो.	घ.[प.]	क.	घ.[प.]	आ.	चन्द्र	दि	ता.
[वैशाख]	१	र	७	३७।१३	आ	१७।१९	अ	१६।१७	ग	९।१५	ध्वांक्ष	मि	३१।३०	[१९१३ अप्रिल] १३

भ. ३७।१३ उदस्रेसंमेषेर्कः ०।४६ उभायां २ राहु; अर्यम्णी ४ केतुः २०

सं. १९७० वैशाखकृण उत्तरायणम् वसन्तः ॥

१२	वृ	४	४२।४६	न्ये	४५।३२	प	५३।४९	ब	१२।१२	काल	४५।३२	३२।१३		२४

(सूर्यनाथ पौडेल १९७०)

८१. पाडेले हुनुपर्ने ।

८१क. मगर° हुनुपर्ने । उही अक्षर दोहरिई हुने अशुद्धिको विषयमा माथि ३३ सङ्ख्याको टिप्पणी हेर्नू ।

८२. ४० पङ्क्तिदेखि ६२ पङ्क्तिसम्म ओगट्ने गरी लेखकसमेत २ जनाका नाउँवतन लेखिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५५. काजिमानले सुन-
५६. चाडीहरु धीतो रा-
५७. षी कर्जा लीया-
५८. को कलम् ३ को मो-
५९. रु ——— २२५।
६०. **भुवननाथ पाढेका घ-**
६१. **रमा रहेको** ———
६२. पीतले गिलास ——— ९
६३. आमषोरा ——— २
६४. ताबाको कलस ——— २५
६५. पितले तापके ——— १
६६. कसौडी ——— ८
६७. ताबाको यालि ——— ३०
६८. फलामे बीड् भयाको ताबा-
६९. को तापके ——— १
७०. चुहुने आमषोरा ——— १
७१. आचमीनीस्मेतको पंचपात्र १
७२. प्वाल परेको फलामे कराही १
७३. कराही ——— १
७४. आचमिनी नभयाको पंचपात्र १
७५. बीड् फुकलेको फलामे ता-
७६. पके ——— ६
७७. प्वाल परेको फलामे तापके १
७८. चीमटा ——— १
७९. झिर ——— १
८०. चुहने बाटा ——— १
८१. बाटा ——— १
८२. प्वाल् परेको तसला ——— १
८३. प्वाल परेको पितले लोहटा २
८४. फुकलेको सनासो ——— १
८५. थाल ——— २
८६. चुहने थाल ——— २

कुडीया ——— १
तामाको आरी ——— १
चरेसको थाल ——— १
दाडुपनेउ ——— २
तपेस ——— १
कासको कटौरा ——— १
सनासो ——— १
लोटा ——— २
ढलौटे कटौरा ——— ३
पीतले गाग्री ——— १
पीतलको लोटा ——— १
तामाको ताई ——— १
कसौढी ——— १
तामाको मानु ——— १
तामाको हतोर ——— १
भुवननाथ पाढेका घर-
मा रहेको ———
संषाअर्घा ——— ४
त्रीगोडी ——— २
धुपौरो ——— २
थाली ——— १
कमंडलु ——— ३
फुटेको लोहटी ——— २
ताबाको करं ——— ६
बराहपुराण ——— १
आग्नेयेपुराण ——— १
भागवत ——— ४
भारत दुई ——— २
मनुस्मृति ——— १
ज्योतिषसागर ——— १
कुवलयानन्द ——— १
गिता पाच ——— ५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

८७.	ओघान्	१		मेघदूतकाव्य	१
८८.	कासाको कटौरा	७		चण्डी	१
८९.	फुटेको टुटी	१		आदित्येहृदये	१
९०.	बीर[८३] नभयाको कराहि	१		माघकाव्ये	१
९१.	कटौरा	८		मुक्तावली	१
९२.	पानस	३		फकीकाप्रकास	१
९३.	फुकलेको बती बालने	१		अग्नीसथापना	१
९४.	दाडु	४		आत्मबोध	१
९५.	पन्यौ	३		माघमाहातम्ये	१
९६.	मुषफुटे करुवा	१		रससिंधुप्रकास	१
९७.	षुपीया	५		अमरकोस	२
९८.	फिकडानी	१		तत्वबोध	१
९९.	कोपरा	१		संध्यावीधि	१
१००.	लोहटा	१		पानीले बीग्रेको भागवत	१
१०१.	कासाको थाल	४		मनोरमा	१
१०२.	ताबाको गाग्री	१		लघुसब्देन्दुसेषर पुर्वाद्ध	१
१०३.	गगरी	१		अपामार्जनस्तोत्र	१
१०४.	फुटेको गगरी	१		तिथीनीर्णय	१
१०५.	दियो	४			
१०६.	बेली	५		साख्यतत्वकौमुदी	१
१०७.	लोहटी	३		धातुपाठ्	१
१०८.	घराट्	६		अत्येष्टि	१
१०९.	रालो नभयाको घंट	१		षट्पंचाशिका	१
११०.	घराती	२		श्रुतबोध	१
१११.	आराती[८४]	२		तर्कसंग्रह	१
११२.	चन्दनषोरी	२		मनोरमा	१
११३.	अर्घ	१		रुद्री	१
११४.				वेदस्तुतिव्याख्या	१
११५.	किरातकाव्य	१		याज्ञवल्क्यस्मृति	१
११६.	बालबोध	१		भास्वति	१

८३. बीट हुनुपर्ने ।
८४. बारती हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

११७.	कार्तिकमाहात्म्य	१	नीलाकल्पद्रुम	१
११८.	लघुकौमुडी च्यातियेको	२	आशौचनिर्णय	१
११९.	तत्वबोधनिसहित सिद्धा-		वेदान्तसारसोबोधीनी टी-	
१२०.	न्तकौमुदी पूर्वार्द्ध	१	का	१
१२१.	नरेन्द्रनायकृत प्र. भाग	१	शब्दरुपावली	१
१२२.	स्तोत्रकलाप	१	भर्तृहरीकृतशतकत्रयं	१
१२३.	अनन्तचतुर्दशिपुजा	१	रामनाममाहात्म्य	१
१२४.	षट्पंचासिका	①	मध्येकौमुदी	१
१२५.	अनुवाददिपिका	१	मूहुर्तचीन्तामणि मुसा-	
१२६.	भागवतचूर्णिका	१	ले काटेको	१
१२७.	पसुपतिगुह्येश्वरीस्तोत्र	१	पौषमाहात्म्य	१
१२८.	ब्रह्मोत्तरखण्ड	१	ज्ञानवीज्ञानभेद	१
१२९.	अर्जुनगिता	१	वीष्णुसहश्रनाम	१
१३०.	भक्तसर्वस्व	१	गणेशमहिम्न	१
१३१.	चाणक्येनीति	१	मण्डपपुजा	१
१३२.	अध्यात्मरामायण	१	पत्रहरु च्यातिएको सिद्धा-	
१३३.	सत्येनारायणको कथा	१	न्तकौमुदी लघुकौमुदी त-	
१३४.	गरुडपुराण	१	र्कसंग्रहको ठेलि	१
१३५.	येकादसिमाहात्म्य	१	x x x	x

१३६. ईति सम्वत १९७२ साल वैसांष २ गते रोज ४[८५] सुभम्

८५. सम्वत् १९७२ नेपालीयसम्वत् १०३५ सन् १९१५*

वैशाखकृष्णः ॥

[गते] [वार] [तिथि] [घडी पला] [नक्षत्र] [घडी पला] [योग] [घडी पला] [करण] [घडी पला] [आ. योग]

[वैशाख] १ मं १४ २२।२५ उ १६।४० ऐं १७।५२ च ५३।५९ सिद्धि

[चन्द्रमाको राशि घ.प.] [दिनमान] [तारीख]

मी. ३१।२९ [अप्रिल] १३ मेषेर्क ३१।३९ मातातिचरे उषायां ३ भौमः ४१

[गते] [वार] [तिथि] [घडी पला] [नक्षत्र] [घडी पला] [योग] [घडी पला] [करण] [घडी पला] [आ. योग]

२ बु ३० २५।३३ रे १७।४० वै १७।४० किं ५७।३७ उत्पा

[चन्द्रमाको राशि घ.प.] [दिनमान] [तारीख]

२१।१२ ३१।३३ १४ मातृतीर्थः ३०

([भुवननाथ पाँडे] १९७२)

* वैशाखकृष्णचतुर्दशीको दिन मेषसङ्क्रान्ति परेकोले यस पात्रोमा त्यो पक्ष त्यस तिथिदेखि उठाइएको छ। पात्रोको उठानमा राखिने संवत् आदिचाहिं त्यस पक्षपछि आउने बर्को पक्षमा लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(पछाडि पहिलो र दोस्रो ताउको गाँसमा तेस्रो पारेर)

१. स्ही कासीप्र-

२. साद पन्त गो-

३. र्षा पाडेगाउ

(पछाडि दोस्रो र तेस्रो ताउको गाँसमा तेस्रो पारेर)

१. स्ही कासीप्रसा-

२. द पंत गोर्षा पाडेगाउ

वि.सं. १९७१ माघ २७ गते कृष्णदत्त पन्त परलोक भएपछि उनको परिवारमा अंशबण्डा गर्नको लागि मृतकका जेठा छोरा काशीप्रसाद पन्तले दिएको तायदातीअनुसार वि.सं. १९७२ वैशाख २ गते यो लगत तयार गरिएको हो ।

यस लगतका र तल छापिने बण्डापत्रका साक्षीमध्ये सबभन्दा अगाडि नाउँ लिइएका पुरुषोत्तम पन्त प्रसिद्ध पण्डित डमरुवल्लभ पंन्त (वि.सं. १९०१-१९६०)[८६]का जेठी ब्राह्मणीतर्फका छोरा खिलशर्मका छोरा हुन् । खिलशर्मका मावली बाजे धर्माधिकार वाणीविलास पाँडेकी जेठी ब्राह्मणी तारालक्ष्मीपट्टिका माहिला छोरा उज्ज्वलविलास हुन् । डमरुवल्लभ पन्तकी कान्छी ब्राह्मणी विष्णुप्रिया कृष्णदत्त पन्तकी कान्छी ब्राह्मणी यज्ञप्रियाकी सौतेनी फुफू हुन् । उनै यज्ञप्रियाका मातामह विश्वेश्वरविलास उज्ज्वलविलासका साख्खै भाइ हुन् । यताबाट पुरुषोत्तम पन्त एक नाताले यज्ञप्रियाका मावली बाजेका दाजुका दौहित्रका छोरा र अर्को नाताले सौतेनी फुफूका सौताने नाति हुन् ।

९ सङ्ख्या

कृष्णदत्त पन्त परलोक भएपछि वि.सं. १९७२ वैशाख २ गते लेखिएको बण्डापत्र

यस पत्रको फ्याक्सिमिलि *पूर्णिमा* १२१ पूर्णाङ्कका ५८-६० पृष्ठमा छ ।

नेपाली काँचो कागतमा खयरको मसीले बाँसको कलमले लेखिएको यस बण्डापत्रको लम्बाइ १ हात १.८ अङ्गुल र चौडाइ १ बित्ता २ अङ्गुल छ । यो बण्डापत्र काशीप्रसाद पन्तले आफ्नी सौतेनी आमा यज्ञप्रियालाई लेखिदिएको हो ।

---

८६. प्रपन्नाचार्य २०४९:७७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्री १

१. लिषितम. पछिम २ लम्बर ईलाका गोर्षा धुवाकोट् पाडेगाउं बष्ने कासिप्रसाद पन्त आ-

२. गे. हाम्रा वाबा येहि गयेको ७१ साल माघ मैन्हामा परलोक हुनुभयाको र म कासिप्रसाद र

३. तपाई सौतेनी आमा यज्ञप्रिया भाई नयराज पन्तस्मेत ३ जना अंसियार भयाको हुनाले

४. आजको मितिमा मैले षसोषास तायेदाति दी सो तायेदातिबमोजिमको श्रीसंपती

५. सुनाचादी जगाजमिन घरषेत पोस्तकपात्रा साहुअसामि जो भयेको तायेदातिबमो-

६. जिमको नगत जिनिस गैन्हमध्ये नाबालष भाईबैन्हीको वीवाहाव्रतमंदषर्च पर सारी

७. असामि र जगाका हकमा तपसिलमा लेषीयाको बंदोबस्तसंग बंडा गरी धीतो रहेको मा-

८. ल पनि जसजसका भागको असामिका माल हो हामि उसैउसैले बुझि लि अरु जो भयेको

९. कसंतसं सुनाचादी भाडाव्रतं नगद जीनीस ३ अंस लगाई म कासिप्रसादको भाग मैले

१०. बुझि ली परसपरको भरपाई लेषी तपाई सौतेनी आमा यज्ञप्रिया पन्त्यानीलाई दीञा.

११. येस बाटका साछी फरकेकीनारामा लेषीयाका मानीसहरु सदर ———

१. स्ही कासीप्र-
२. साद पन्त घर
३. गोर्षा पाडेगा-
४. उ[८७]

[८८]

साछी बसि सहीछाप गर्ने

१. स्ही पंडीत् पुरुषोत्तम् पन्त प्यूषाटोल् १
२. स्ही करुणनीधी पाडे घर गोर्षा धुवाकोट् पाडे-
३. गाउं — — — — — १
४. स्ही पुर्णमान श्रेष्ट माहाबौध — — १[८९]

---

८७. २ पङ्क्तिदेखि ५ पङ्क्तिसम्म ओगट्ने गरी यो लेखिएको छ।

८८. ५ र ६ पङ्क्ति छुने गरी बायाँ किनारामा पुरुषोत्तम पन्तको नाउँवतनअगाडि छाप लगाइएको छ। त्यस छापमा बायाँपट्टि चन्द्र र दायाँपट्टि सूर्य छन्। चन्द्र र सूर्यको बीचमा विष्णुपादुका छ। त्यसभन्दा तल श्रीपुरुषोत्तम र त्यसको तल ६३ लेखिएको छ।

८९. ७ पङ्क्तिदेखि २३ पङ्क्तिसम्म ओगट्ने गरी साक्षी बस्नेको नाउँवतन लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१२. तपसिल

१३. यज्ञप्रियानयेराजका भाग २ कासिप्रसादका भाग १ मा परेको अ-
१४. मा परेका असामिको फाट् सामिको फाट्
१५. धर्मदत्त अचार्जका नाउको तमसुक सेरबाहादुर जोगि कवरको चेपटे सुं र कंप-
१६. १ को मोरु ——— ४१। नीको माला १ स्मेत धीतो भयेको तमसु-
१७. क १ के मो रु ——— ३५।

१८. काजिमानले सुनचादीहरु धीतो रा- गोरे गुरुंका नार्उको चेपते सुं धीतो रा-
१९. षि लगेको मोरु ——— २२५। षी लगेको तमसुक १ को मोरु ——— ५०।
२०. २६६। सेते राना मगरसंगको तमसुक १ को
रु ——— १०।
२१. छोरा कासिप्रसादलाई फिर्ता दिया- गंभीरसिं राना मगरसंग तमसु १ के रु १०।
२२. को मोरु ८।६७ कट्टा गरी बाकी मोरु २५७।३३ गौरीलाल पाडेले सुं धीतो राषी ल-
२३. गेको मोरु ——— १५।
२४. १२०।
२५. असामिहरु बढी गयेको मोरु २६। को
२६. सानीआमाभाईहरुबाट मेरो भाग
२७. ९० ३ षन्दको १ षन्द मिन्हा आयाको नग-
२८. दी मोरु ——— ८।६७
२९. १२८।६७

३०. पंडीत वीष्णुहरीसंग लीनुपर्ने मोरु ४०१ को आजका मितिसम्मको हरहिसाप
३१ गरी आफनुआफनु भाग ब्याज बुझि लि सावा मोरु ४०१। मा ३ षन्द गरी मोरु
३२. १३३।६६ को कासिप्रसादलाई र २६७।३२ को यज्ञप्रिया पन्त्यानीलाई नीज पं
३३. वीष्णुहरीका छोरा नारांप्रसाद रीमालले अलग अलग तमसुक गरी दिया-
३४. को हुनाले सो रुपैञाको केही हरहिसाप बंडा गरीरहनुपरेन ———
३५. घरजगाका हकमा ३ षन्द गरी १ षन्द कासिप्रसादलाई र यज्ञप्रियानयराज-
३६. हरुलाई २ षन्द हुनुपर्नेमा नयेराजयज्ञप्रियाहरुको भागस्मेतको कासि-
३७. प्रसादले कबुलियेत लेषिदियाको हुनाले हाल सोगोलै रहने ———

३८. ईती सम्बत १९७२ साल वैसाष २ गते रोज ४ सुभम् ———

१. गोषे धुवाकोट छेरेकगार्ड बसे सेरबाहादुर थापा मगर
२. लेषक पुष्पा न्हुबाल बसे सल्ली नासं नारायणप्रसाद कर्मा-
३. चार्य

९०. २६ पङ्क्तिदेखि २८ पङ्क्तिसम्म छुने गरी सेरबहादुर थापा मगरको नाउँवतनबगाडि औंठाछाप लगाइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१० सङ्ख्या

कृष्णदत्त पन्तकी कान्छी ब्राह्मणी यज्ञप्रियाले आफ्नो मोहीलाई वि.सं. १९७३ माघ २८ गते लेखेको पुर्जी

यस पत्रको फ्याक्सिमिलि *पूर्णिमा* १२१ पूर्णाङ्कको ६१ पृष्ठमा छ।

नेपाली काँचो कागतमा खयरको मसीले बाँसको कलमले लेखिएको यस नकलपत्रको लम्बाइ १ वित्ता ०.१ अङ्गुल र चौडाइ ९.१ अङ्गुल छ। यज्ञप्रियाका बुबा भुवननाथ पाँडेको हस्ताक्षरमा यो नकल पत्र छ।

श्रीः १

१. स्वस्ति श्रीपण्डित कृष्णदत्त पन्तकी ब्राह्मणी[११] यज्ञप्रिया पन्त्यानीकस्य. हाम्रा षसं[१२]का ना-

२. उमा दरियाको गोर्षा धुवाकोट् पाडेगाउको जगा कमाउने मानिस[१३]के पुर्जी. उप्रान्त मेरा[१४] सौताने छोरा काशीप्रसाद

३. पन्तको १ भाग मेरो १ भाग मेरो छोरा नयराज पन्तको १ भागस्मेत ज्मा

४. [१५]३ अंस गरेकोमा हामि नेपाल बष्ने भै[१६] हामि आमाछोरा[१७]को २ भागस्मेत सौताने छोरा नीज काशी-

५. प्रसादको जिम्मा गरिदियाकोमा[१८] नीज काशीप्रसाद मरी निजकी ब्रा-

६. ह्मणीस्मेत ताहा नबसी अन्यत्र माइतीघरमा बष्न गयाकी हुनाले सो मे-

७. रा षसंको जगा[१९] तिमि[२०]ले अधिजा ठेक जो बन्दोबस्त गरि कमायाका छौं

---

९१. पण्डिको ण्डि र यज्ञको यको बीचमा लेखिएको त्यानी केरी ण्डि र त्याको डिकाको हाराहारीमा यस्तो ∨ चिह्न र तिनै दुइ अक्षरको खुट्टाभन्दा तल यस्तो ^ चिह्न दिई माथि खाली ठाउँमा तदेखि लेख्न थालिएको छ र थपिएको त कृष्णदत्त पन्तकी ब्राह्मणी त्यही पङ्क्तिको पन्त्यानीको नीको माथिसम्म पुगेको छ।

९२. सं र काको बीचमा लेखिएको पण्डित कृष्ण पन्त लामो धर्कोले केरिएको छ।

९३. स र केको बीचमा लेखिएको हरु केरिएको छ।

९४. नगाको गा र सौतानेको सौको डिकामा यस्तो ∨ चिह्न दिई पहिलो पङ्क्तिको हाम्राको म्राको माथि खाली ठाउँमा कदेखि लेख्न थालिएको छ। लेख्नुपर्ने अक्षर पङ्क्तिको अन्त्यसम्ममा पनि नअटाएकोले कमाउनेको तल मेरा लेखिएको छ।

९५. तेस्रो पङ्क्तिको ज्मा र चौथो पङ्क्तिको ३ को बीचमा लेखिएको ३ अंस लाग्ने भै केरिएको छ।

९६. गरेकोमाको मा र हामिको हाको बीचमा तिनको डिकाभन्दा माथि यस्तो × चिह्न दिई माथि खाली ठाउँमा हामि नेपाल बस्ने भै थपिएको छ।

९७. हामिको मि र कोको बीचमा लेखिएको हरु केरी मिको खुट्टाभन्दा तल यस्तो ∨ चिह्न दिएर बायाँ किनारामा आमाछोरा लेखिएको छ।

९८. को र नीको बीचमा लेखिएको म्यिो केरी त्यसैको माथि मा लेखिएको छ।

९९. गा र तिको बीचमा लेखिएको एउटा अक्षर केरिएको छ।

१००. मि र लेको बीचमा लेखिएको हरु केरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

८. तेसमध्ये ३ भागको २ भाग[१०१] हाम्रा मानिस

९. पण्डित गुणकान्त मर्हटा[१०२] जिम्मा बुझाई नीजको हातको भर्पाइ लिने काम ग-

१०. र. इति संवत् १९७३ साल माघ २८ गते रोज ६[१०३] शुभम् ———————

११ सङ्ख्या

कृष्णदत्त पन्तकी बुहारी सावित्राकुमारीले आफ्नी सौतेनी सासू यज्ञप्रियालाई वि.सं. १९७३ चैत्र २८ गते लेखेको चिठी

यस पत्रको फ्याक्सिमिलि *पूर्णिमा* १२१ पूर्णाङ्कको ६२ पृष्ठमा छ ।

नेपाली काँचो कागतमा खयरको मसीले बाँसको कलमले लेखिएको यस बण्डापत्रको लम्बाइ १ बित्ता ०.७ अङ्गुल र चौडाइ ९.६ अङ्गुल छ ।

बिंतीपत्र

१. उप्रांत सासुज्यू[१०४] हजुर्का सरीरमा आरां रहीबक्से बालषको उद्धार होला. अनाथलाई दिंदसा लागेको हुनाले हजुर्का छो-

२. रा परलोक हुनुभयाको हुनाले नाबालषले आधार नपाई माईतघरमा आई बसी जगा कमा-

———————

१०१. ग र हाको बीचमा लेखिएको मेरो र मेरा छोरा नयराज पन्तको भाग केरी केरिएको न्त र भाको बीचमा तिनको खुट्टाभन्दा तल यस्तो × चिह्न दिई त्यसैको माथि को लेखी पन्त मात्र भएकोमा पन्तको बनाइए तापनि त्यो कोसमेत केरिएको छ ।

१०२. न्त र निकां बीचमा लेखिएको हस्ते केरी त्यसैको माथि मर्हटा लेखिएको छ ।

१०३. संवत् १९७३ माघकृष्ण (पोहेलागा) ...

[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ. योग]
[माघ]	१	श	५	३८।१०	पू	२०।३२	सौ	५।४९	की	६।११	तुम्ब

[चन्द्रमाको राशि घ.प.]	[दिनमान]	[सूर्योदय घण्टा]	[तारीख]
सिं ३६।३९	२६।१	६।४८	[सन् १९१७ जनवरी] १३

मकरसंक्रान्तिः २४।० (घ्योचाकुसँल्हु)

संवत् १९७३ फाल्गुनकृष्णः (सिल्लागा) ....

[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ. योग]
२८	गु	२	१३।२८	पू	३९।२५	ध्र	१९।१८	ब	४५।२३	सिद्धि

[चन्द्रमाको राशि घ.प.]	[दिनमान]	[सूर्योदय घण्टा]	[तारीख]
सिं ५५।३५	२७।१९	६।३२	[फेब्रुअरि] ९

ध्र ४५।२३ उ कुम्भेभ्रीमः ३ कर्णगुक्रः ५० (पात्रो १९७३)

१०४. उप्रांतको त र हजुर्काको हको बीचमा तिनको टाउकाभन्दा माथि यस्तो ∨ चिह्न र तिनै दुइ अक्षरको बीचमा तिनका खुट्टाभन्दा तल यस्तो ∧ चिह्न दिई माथि खाली ठाउँमा सादेखि लेख्न थालिएको छ र थपिएको सासुज्यू त्यही पङ्क्तिको सरीरको रको माथिसम्म पुगेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३. याकी पनी पोरको साल ज्यादा बर्साद भै उकास्न न[१०५]सकेकी हुं तापनि हजुर्का भाग २ को जगा मोरु ३।
४. ठेका लागेको हुनाले सेर्मा र बेठी[१०६] साउनेफागु वल्कस्मेत् मोरु ११ कट्टी गरी हजुर्का मानीस् पं. गुणकां-
५. तका नाउमा भै आयाका चीठीवमोजीं मोरु २। पठाईदीयाकी छु. बुझी पौच पठाईबक्से जावस्. ७४ साल्-
६. का बालीलाई हजुर्को जगा नलाग्ने जस्तो देषींछ. अनाथका बुधीले सकेसंम गर्न्यैछु. औ बुहारीलाई
७. सधैं माईतघरमा बसेर हुनेछैन. सुंषं दुषं जो भयो तापनी वेहोरुंला. आउनु भंनुभयाको छ. कसो हो भनी
८. मजकुर पंडीतले भंन आयाका छं. बाचे पाल्ने मरे कृया गर्ने हजुर् देवरस्मेत् हुनुभयापछी हजुर्भयाका
९. नआई काहा जाउंला. यो साल वर्षायाम् भैसक्यो. आगे साल् हजुर्को दर्सन् गर्न हाजीर हुनाको अनायलाई उ-
१०. मेद छ. मारे पाप पाले पुंन्य हजुर्लाई हुन्यैछ. माईतघरमा बष्न आयाकी पनी कांछो भाई पनी परलोक भया-
११. का दिग्दारीले गर्दा बाबाज्यू पनी रागीनास् भंने ठाउमा बसै जाने हुनुभयाको छ. ज्यादा के झिजो विं-
१२. ती चढाउ. अनाथउपर सुदृष्टी नछुटोस्. हर्फको कंबेस् माफ् पाउनाको आधारमा छु ————
१३. [१०७] अनाथ बुहारी सावीत्राकुमारी पंतेनीको कोटी २.
१४. साष्टांग दंडवत् सेवा————
१५. ७३ साल मीति चैत्र २८ गते रोज २[१०८] शुभम् ———— ————

---

१०५. उकास्नको न र सकेकीको सको बीचमा तिनको खुट्टाभन्दा तल यस्तो ^ चिह्न दिई तिनै दुइ अक्षरको बीचमा तिनका टाउकाभन्दा माथि न थपिएको छ।
१०६. र र साउनेफागुको साको बीचमा तिनको खुट्टाभन्दा तल यस्तो v चिह्न दिई साउको टाउकाभन्दा माथि बेठी थपिएको छ।
१०७. १३ र १४ पङ्क्ति ओगट्ने गरी सावित्राकुमारीको नाउँअगाडि औंठाछाप लगाइएको छ।
१०८. संवत् १९७३ चैत्रकृष्णः (चित्सागा) ...

[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ. योग]
[चैत्र]	१	मं	५	५७।४९	स्वा	११।१८	व्या	२७।२२	कौ	२८।२६	ध्वन

[चन्द्रमाको राशि घ.प.]	[दिनमान]	[सूर्योदय घण्टा]	[तारीख]
तु ५६।२३	२९।२५	६।७	[सन् १९१७ मार्च] १३

मीनसंक्रान्तिः ४०।३१ पूभायांजः ६ पूभायांशुक्रः ५७

श्रीसंवत् १९७३ वैशाखकृष्णः (चउलागा) शुक्लसंवत्सरः उत्तरायणम् वसन्तर्तुः ...

[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ. यो.]
२८	सो	२	३४।१९	स्वा	३१।२७	ब	४६।७	तै	४।२०	छत्र

[चन्द्रमाको राशि घ.प.]	[दिनमान]	[सूर्योदय घण्टा]	[तारीख]
तु	३१।१४	५।४५	[अप्रिल] ९

पौष्णो १ भौमः २७ (पात्रो १९७३)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको* वर्णक्रमअनुसारको तालिका

अलका शर्मा चालिसे २०५७
= वि.सं. २०५७ मा काठमाडौँबाट खिलशर्म-राजीवलोचनजोशीस्मारक-प्रतिष्ठानद्वारा प्रकाशित तथा ऋषिराम पोखरेलद्वारा सम्पादित, अलका शर्मा (चालिसे)को *नयराज पन्तः जीवनी, व्यक्तित्व र कृतित्व* ।

अष्टाध्यायी
= पाणिनिमा हेर्नू ।

काशीनाथ आचार्य दीक्षित २०३१
= वि.सं. २०३१ मा काठमाडौँबाट नरेन्द्रमणि आचार्य दीक्षितद्वारा प्रकाशित तथा सम्पादित, काशीनाथ आचार्य दीक्षितको *भएका कुरा* ।

ज्ञानमणि नेपाल २०५७
= वि.सं. २०५७ मा दाङबाट महेन्द्र-संस्कृत-विश्वविद्यालयद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *पं. हेमराज शर्मा उनका कृति र समीक्षा* ।

तोयनाथशर्मणामन्तेवासी (तोयनाथका चेला) १९६९
= काठमाडौँबाट प्रकाशित, तोयनाथका चेलाको *नवरसाङ्कशशाङ्क १९६९ मिताब्दस्य नेपालदेशीयं पञ्चाङ्गम्* (संवत् १९६९ को नेपाल देशको पात्रो) ।

तोयनाथशर्मणामन्तेवासी (तोयनाथका चेला) १९७१
= काठमाडौँबाट प्रकाशित, तोयनाथका चेलाको *शशिनगाङ्कशशाङ्क १९७१ मिताब्दस्य नेपालदेशीय पंचाङ्गम्* (संवत् १९७१ को नेपाल देशको पात्रो) ।

दिनेशराज पन्त २०५८
= वि.सं. २०५८ मा काठमाडौँबाट महेन्द्रसंस्कृतविश्वविद्यालयको अनुसन्धानकेन्द्रद्वारा प्रकाशित *ऋतम्भरा* ५ वर्ष ८ अङ्कका ९७-१०० पृष्ठमा छापिएको, दिनेशराज पन्तको *बडागुरुज्यू विजयराजको जन्ममिति र मृत्युमितिको विषयमा* ।

धर्मदत्त १९५९
= काठमाडौँबाट नरदेव र मोतीकृष्णशर्माद्वारा प्रकाशित, धर्मदत्तको *श्री सम्वत् १९५९ सालको पञ्चाङ्ग* ।

नयनाथ पौडेल २०२२
= वाणीविलास पाँडेमा हेर्नू ।

नयराज पन्त २०३१
= वि.सं. २०३१ मा प्रकाशित *पूर्णिमा* ३२ पूर्णाङ्कका २३६-२४९ पृष्ठमा छापिएको, नयराज पन्तको *श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ (२ सङ्ख्या)* ।

नयराज पन्त २०६०
= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०७ पूर्णाङ्कका २७-३६ पृष्ठमा छापिएको, नयराज पन्तको *[पण्डित भुवननाथ पाँडे (वि.सं. १९२०-२०००)]* ।

---

* फलानोले बनाएको भनी सबैले मानेको, प्राचीन शैलीको कृतिको हकमा कृति र रचयिता दुवैको नाउँ, कुनै कृतिमा रचयिताको नाउँ नष्ट भएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार राखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपालीभाषाप्रकाशिनी समिति २००५

= वि.सं. २००५ मा काठमाडौंबाट नेपालीभाषाप्रकाशिनी समितिद्वारा प्रकाशित, देवीदत्त पराजुलीको *कविता-गुच्छा*मा छापिएको, नेपालीभाषाप्रकाशिनी समितिको *ग्रन्थकर्त्ताको परिचय र वक्तव्य* ।

पाणिनि *अष्टाध्यायी*

= वि.सं. २००९ मा बनारसबाट चौखम्बा-संस्कृत-पुस्तकालयद्वारा प्रकाशित, शोभित मिश्रद्वारा सम्पादित *पाणिनीयव्याकरणसूत्रवृत्तिः काशिका विद्वद्वरवामनजयादित्यविरचिता* (पाणिनीय व्याकरणका सूत्रको वृत्ति काशिका – विद्वान्हरूमा श्रेष्ठ वामन र जयादित्यले बनाएको) ३ संस्करण ।

पात्रो १९५३

= वि.सं. १९५३ को नेपाली पात्रो । यसको अगाडिको पत्र च्यातिएर हराइसकेकोले कसले यो तयार गरेको हो, भन्न सकिएन ।

पात्रो १९५८

= वि.सं. १९५८ को नेपाली पात्रो । यसको अगाडिको पत्र च्यातिएर हराइसकेकोले कसले यो तयार गरेको हो, भन्न सकिएन ।

पात्रो १९६८

= वि.सं. १९६८ को नेपाली पात्रो । यसको अगाडिको पत्र च्यातिएर हराइसकेकोले कसले यो तयार गरेको हो, भन्न सकिएन ।

पात्रो १९७३

= वि.सं. १९७३ को नेपाली पात्रो । यसको अगाडिको पत्र च्यातिएर हराइसकेकोले कसले यो तयार गरेको हो, भन्न सकिएन ।

प्रकाश ए. राज २०५३

= वि.सं. २०५३ मा काठमाडौंबाट नवीन पब्लिकेशन्सद्वारा प्रकाशित, प्रकाश ए. राजको *विजयराज पण्डित (१८६२-१९३५) जीवनी* ।

प्रपन्नाचार्य २०४९

= वि.सं. २०४९ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित *प्रज्ञा* ७५ पूर्णाङ्कका ७६-८० पृष्ठमा छापिएको, प्रपन्नाचार्यको *उद्भट विद्वान् डमरुवल्लभ पन्त* ।

प्रशस्ति-रत्नावलि

= वाणीविलास पाँडेमा हेर्नू ।

भागवत

= वि.सं. २०६० मा गोरखपुरबाट गीताप्रेसद्वारा प्रकाशित, *महर्षि वेदव्यास-प्रणीत श्रीमद्भागवतमहापुराण (सचित्र, सरल हिन्दी-व्याख्यासहित)* २ खण्ड ।

[भुवननाथ पाँडे]* १९७२

= वि.सं. १९७२ को लेखोट पात्रो ।

---

* यस लेखोट पात्रोमा पात्रो तयार गर्नेको नाउँ नभएकोले कसले यो तयार गरेका हो भन्ने हामीलाई थाहा छैन । तर यो पात्रो लक्ष्मीपति पाँडे (वि.सं. १८१५-१८८८)[1]का सन्तानको सङ्ग्रहको भएकाले र लक्ष्मीपतिको वंश ज्योतिषीको भएकोले यसलाई लक्ष्मीपतिका पनाति भुवननाथ पाँडे (वि.सं. १९२०-२०००)[2]को नाउँमा दर्ता गरिएको छ । यसो भए तापनि भुवननाथ पाँडेको हस्ताक्षरसँग यस पात्रोको अक्षर मिल्दैन भनेर त भन्नैपर्छ । बाफूले लेखा गरेर कसैलाई साफी गराएकोले यस्तो भएको पनि हुन सक्छ ।

---

१. महेशराज पन्त २०६२:२६ ।

२. नयराज पन्त २०६०:२७, ३० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भूपहरि पौडेल २०५१

= वि.सं. २०५१ मा काठमाडौंबाट नेपालसाहित्यप्रकाशनकेन्द्रद्वारा प्रकाशित, भूपहरि पौडेलको *नेपालको विद्वत्परम्परा* ।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कम्एन्टरि अन् दि अमरकोष* (अमरकोषमा जातरूपको टीका) १ भाग ।

महेशराज पन्त २०५९

= वि.सं. २०५९ मा काठमाडौंबाट खिलशर्म-राजीवलोचनजोशीस्मारक-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको *हाम्रो उद्देश्य र कार्यप्रणाली (संशोधन-मण्डलपांठशालाको उद्देश्य र कार्यप्रणाली)*का क-ङ पृष्ठमा छापिएको, महेशराज पन्तको *यस पुस्तकको विषयमा* ।

महेशराज पन्त २०६२

= *पूर्णिमा* यही पूर्णाङ्कका १-२७ पृष्ठमा छापिएको, महेशराज पन्तको *पण्डित कृष्णदत्त पन्त र अरू केही पण्डितहरूको विषयमा* ।

राजाराम सुवेदी लेखोट

= वि.सं. २०६० मा खिलशर्म-राजीवलोचनजोशीस्मारक-प्रतिष्ठानमा प्रस्तुत, राजाराम सुवेदीको *इतिहास, इतिहासलेखनका महारथीहरू र प्रा. नयराज पन्त* ।

वाणीविलास पाँडे *प्रशस्ति-रत्नावलि*

= वि.सं. २०२२ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभागको नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित, नयनाथ पौडेलद्वारा सम्पादित र उल्था गरिएको, वाणीविलास पाँडेको *प्रशस्ति-रत्नावलि* ।

शिवराज आचार्य कौण्डिन्न्यायन २०५५

= वि.सं. २०५५ मा काठमाडौंबाट स्वाद्ध्यायशालाद्वारा प्रकाशित, शिवराज आचार्य कौण्डिन्न्यायनको *संस्कृत-संस्कृति-सामान्यज्ञान-प्रश्नोत्तरसङ्ग्रह (त्वरितोत्तरप्रतिस्पर्धाका लागि पनि उपयोगि)* ।

सूर्य्यनाथ अधिकारी १९६६

= काठमाडौंबाट नरदेव, मोतीकृष्ण शर्माद्वारा प्रकाशित, सूर्य्यनाथ अधिकारीको *श्रीसम्वत् १९६६ शाके १८३१ को पञ्चाङ्ग* ।

सूर्यनाथ पौडेल १९७०

= काठमाडौंबाट नरदेव, मोतीकृष्ण शर्माद्वारा प्रकाशित, सूर्यनाथ पौडेलको *श्रीसम्वत् १९७० शाके १८३५ को पञ्चाङ्ग* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(*पूर्णिमा* ११६ पूर्णाङ्कको ६२ पृष्ठपछि)

लक्ष्मीपतिसङ्ग्रहमा रहेका लेखोट पात्राहरूको सूची

– महेशराज पन्त

२७. वि.सं. १८४४

९.३ अङ्गुल लम्बा, ६.५ अङ्गुल चौडा दुवैतिर हरिताल लाएको नेपाली पाको कागजका पत्रमा दुवैतिर .कालो र रातो मसीले लेखेको । पत्रपत्र सिएको । जम्मा १० पत्र । ज्येष्ठकृष्णभन्दा अगाडिका पत्र नष्ट भइसकेको ।

अधिकश्रावणकृष्णपक्ष भएको पत्रको पयाक्सिमिलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अधिकश्रावणशुक्लपक्ष भएको पत्रको पयाक्सिमिलि



(बाँकी पछि)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का.मे.अ.द.नं. १५५/२४९

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौँ

नेपाल

फोन नं. ४-६७०३८०

४-३०१०२५

४-४३५७४९

ई-मेल - samshodhanamandala@yahoo.com

पो.व.नं. ४१६६, काठमाडौँ

वि.सं. २०६२ पौष

यस अङ्कको मूल्य रु. ७५।-

मुद्रक

लुष प्रेस

शङ्खमूल रोड, सुरुचिमार्ग, नयाँ बानेश्वर

काठमाडौँ

नेपाल

फोन नं. ४-७८२८२४

CC-0. Nepal Sanskrit Academy, Kathmandu